अदालतले भर्नेः

दर्ता नं.

दर्ता मितिः

श्री मोरङ जिल्ला अदालत, विराटनगरमा

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३२ अन्तर्गत दायर गरेको

अभियोग-पत्र

२०८१ सालको निर्णय नं.

जिल्ला मोरङ बिराटनगर म.न.पा. वडा नं.४ राजबंशी चौक बस्ने बर्ष ३९ की **योगिता शर्मा बास्तोला** समेतको जाहेरीले नेपाल सरकार.....**१ वादी**

बिरुद्ध

१. नवावलाल राजबंशीको छोरा जिल्ला मोरङ धनपालथान गा.पा.वडा नं.४ घर भएका उमागौरी कृषि सहकारी संस्थाका वर्तमान सदस्य बर्ष ३७ को **रोशन राजबंशी.....१ प्रतिवादी (पक्राउ)**

२. धर्म प्रसाद रौनियारको छोरा जिल्ला मोरङ धनपालथान गा.पा.वडा नं.४ कर्सिया घर भएका उमागौरी कृषि सहकारी संस्थाका अध्यक्ष बर्ष ४२ को **शम्भु प्रसाद रौनियार (ना.प्र.नं.६१५१८/मोरङ).....१ फरार प्रतिवादी**

३. प्रहलाद साहको छोरा जिल्ला मोरङ कटहरी गा.पा.वडा नं.२ आदर्श टोल घर भएका उमागौरी कृषि सहकारी संस्थाका उपाध्यक्ष बर्ष ४७ को **लक्ष्मण साह रौनियार (ना.प्र.नं.१३८६८/मोरङ).१ फरार प्रतिवादी**

४. वसिर अनसारीको छोरा जिल्ला मोरङ धनपालथान गा.पा.वडा नं.४ घर भएका उमागौरी कृषि सहकारी संस्थाका सचिव बर्ष ५१ को **आलम अनसारी मियाँ (ना.प्र.नं.०५३०६१/८/मोरङ)....१ फरार प्रतिवादी**

५. सर्वतलाल गनगाईको छोरा जि.मोरङ धनपालथान गा.पा.वडा नं.४ कर्सिया घर भई उमागौरी कृषि सहकारी संस्थाका कोषाध्यक्ष बर्ष ४० को **शम्भु प्रसाद सिंह (ना.प्र.नं.०५१०१९/१६९०/मोरङ).....१ फरार प्रतिवादी**

६. पर्शुराम प्रसाद मण्डल गनगाईको छोरा जिल्ला मोरङ जहदा गा.पा.वडा नं.४ घर भई उमागौरी कृषि सहकारी संस्थाका वर्तमान सदस्य बर्ष ४० को **आमोद कुमार मण्डल (ना.प्र.नं.०५३०५७/०७/मोरङ)...१ फरार प्रतिवादी**

७. हरी नारायण ठाकुरको छोरा जिल्ला मोरङ धनपालथान गा.पा.वडा नं.२ घर भई उमागौरी कृषि सहकारी संस्थाका वर्तमान सदस्य बर्ष ४५ को **जितमान ठाकुर (ना.प्र.नं.६१२१३/मोरङ).....१ फरार प्रतिवादी**

८. सुरेश यादवको छोरा जि.मोरङ कटहरी गा.पा.वडा नं.६ घर भएका उमागौरी कृषि सहकारी संस्थाका लेखा समितिका वर्तमान संयोजक बर्ष ४४ को **बिजय कुमार यादव (ना.प्र.नं.२७७१२४८/मोरङ).....१ फरार प्रतिवादी**

९. सम्पतलाल राजबंशीको छोरा जि.मोरङ धनपालधान गा.पा.वडा नं.३ घर भई उमागौरी कृषि सहकारी संस्थाका लेखा समितिका वर्तमान सदस्य बर्ष ४८ को **सुरेन्द्र कुमार राजबंशी (ना.प्र.नं.२३८३३/मोरङ)..१ फरार प्रतिवादी**

१०. जगनारायण बिश्वास गनगाईको छोरा जि.मोरङ धनपालधान गा.पा.वडा नं.२ घर भई उमागौरी कृषि सहकारी संस्थाका लेखा समितिका वर्तमान सदस्य बर्ष ४४ को **अशोक कुमार बिश्वास (ना.प्र.नं.५४३०५ मोरङ).....१ फरार प्रतिवादी**

११. धन बहादुर राईको छोरी जिल्ला मोरङ रंगेली नगरपालिका वडा नं. २ माईती घर भई जिल्ला झापा दमक न.पा.वडा नं.१ घर भई जिल्ला मोरङ विराटनगर महानगरपालिका वडा नं.८ हाटखोला बस्ने उमागौरी कृषि सहकारी संस्थाको संचालक समितिको पुर्व उपाध्यक्ष बर्ष ४६ की **दिलमाया राई (ना.प्र.प.नं. २३११२०३८७ झापा).....१ फरार प्रतिवादी**

१२. ओमनाथ कोईरालाको छोरी ऋषिकेश पोखरेलको श्रीमती जिल्ला मोरङ विराटनगर म.न.पा.वडा नं.११ बस्ने उमागौरी कृषि सहकारी संस्थाको संचालक समितिको पुर्व सदस्य बर्ष अन्दाजी ४८ की **अंजला कोईराला.....१ फरार प्रतिवादी**

१३. केर्कु राजबंशीको छोरी ज्ञानेश्वर राजबंशीको श्रीमती जिल्ला मोरङ धनपालथान गाउँपालिका वडा नं.४ बस्ने उमागौरी कृषि सहकारी संस्था संचालक समितिको पुर्व उपाध्यक्ष बर्ष अन्दाजी ५० की **उपासी राजबंशी (ना.नं.२/मोरङ).....१ फरार प्रतिवादी**

१४. जिल्ला मोरङ कटहरी गाँउपालिका वडा नं.४ नयाँबजार बस्ने उमागौरी कृषि सहकारी संस्थाको संचालक समितिको लेखापाल बर्ष अन्दाजी ३४ को **सोनु यादव (ना.प्र.नं.०५-०१-७५-०९९२३/मोरङ).१ फरार प्रतिवादी**

१५. महमद महयुदिन मियाको छोरा जि.मोरङ धनपालथान गा.पा.वडा नं.४ कर्सिया बस्ने उमागौरी कृषि सहकारी संस्थाको पुर्व कर्मचारी बर्ष ३८ को **मोहमद नजाम उद्दिन (ना.प्र.प.नं.०५२०६१/३७७मोरङ).१ फरार प्रतिवादी**

१६. अमृत गिरीको छोरी जि.मोरङ रंगेली न.पा.वडा नं.२ बस्ने उमागौरी कृषि सहकारी संस्थाको संचालक समितिको पुर्व कर्मचारी बर्ष ३० की **चम्पा गिरी (ना.प्र.प.नं.०५२०६१/५५२२/मोरङ).....१ फरार प्रतिवादी**

१७. सखतलाल गनगाईको छोरा जिल्ला मोरङ सुनवर्षी न.पा.वडा नं.९ बस्ने उमागौरी कृषि सहाकारी संस्थाको पुर्व उपाध्यक्ष बर्ष ४० को **शम्भु प्रसाद सिंह (ना.प्र.न.०५१०१९/१६९०/मोरङ).....१ फरार प्रतिवादी**

१८. दुखलाल खवासको छोरा जिल्ला मोरङ रंगेली न.पा.वडा नं.२ बस्ने कृषि सहाकारी संस्थाको पुर्व संचालक समिति उपाध्यक्ष बर्ष ४३ को **संतलाल खवास (ना.प्र.न.८४१५/१९३६/मोरङ).....१ फरार प्रतिवादी**

१९. गणेश बहादुर कार्कीको छोरी ठाकुर प्रसाद राजबंशीको श्रीमती जिल्ला मोरङ धनपालथान गा.पा.वडा नं.६ बस्ने उमागौरी कृषि सहाकारी संस्था लिमिटेडको पुर्व सह-सचिव बर्ष ४१ की **लक्ष्मीदेबी कार्की राजबंशी (ना.प्र.न.०५१०२५/६०२/मोरङ).....१ फरार प्रतिवादी**

२०. डिल्ली प्रसाद बास्कोटाको छोरा जिल्ला मोरङ रंगेली न.पा.वडा नं.२ बस्ने उमागौरी कृषि सहकारी संस्था लिमिटेडको पुर्व सदस्य बर्ष ४० को **ज्योती बास्कोटा (ना.प्र.न.०२१-५६५०९९/मोरङ).....१ फरार प्रतिवादी**

२१. धर्मभक्त लोहनीको छोरा जिल्ला मोरङ धनपालथान गा.पा.वडा नं.४ बस्ने उमागौरी कृषि सहाकारी संस्था लिमिटेडको पुर्व उपाध्यक्ष बर्ष ४६ को **सुमन लोहनी (ना.प्र.न.२८२४९/मोरङ).....१ फरार प्रतिवादी**

२२. अंगिरथ सिवाकोटीको छोरा जिल्ला मोरङ साबिक दर्बेशा गा.बि.स.वडा नं.९ बस्ने उमागौरी कृषि सहाकारी संस्था लिमिटेडको पूर्व संचालक समिती सदस्य बर्ष ६८ को **मित्र प्रसाद सिवाकोटी (ना.प्र.न.८१७/मोरङ).....१ फरार प्रतिवादी**

२३. महेश कुमार सिंहको छोरा जिल्ला मोरङ धनपालथान गा.पा.वडा नं.४ बस्ने उमागौरी कृषि सहाकारी संस्थाको पुर्व संचालक समिती सदस्य बर्ष ३७ को **सरदराज सिंह (ना.प्र.न.०५३०६१/४८३/मोरङ)....१ फरार प्रतिवादी**

२४. मो. उसमान मियाको छोरा जिल्ला मोरङ धनपालथान गा.पा.वडा नं.४ बस्ने उमागौरी कृषि सहाकारी संस्था लिमिटेडको संचालक समिती सदस्य बर्ष ४३ को **मो. नसरुदिन (ना.प्र.न.५०८५३/मोरङ).....१ फरार प्रतिवादी**

२५. शंकरलाल सोनीको छोरा जिल्ला मोरङ रंगेली न.पा.वडा नं.१ बस्ने उमागौरी कृषि सहकारी संस्थाको पुर्व संचालक समिती सदस्य बर्ष ४३ को **मनोज कुमार सोनी (ना.प्र.न.०५२०५०/४३/मोरङ).....१ फरार प्रतिवादी**

२६. ध्रुवलाल राजबंशीको छोरी सुवोद राजबंशीको श्रीमती जिल्ला मोरङ धनपालथान गा.पा.वडा नं.४ बस्ने उमागौरी कृषी सहकारी संस्था लिमिटेडको पुर्व संचालक समिती सदस्य बर्ष अन्दाजी ४० की **यशोदा कुमारी राजबंशी.....१ फरार प्रतिवादी**

मुद्दाः- सहकारी ऐन अन्तर्गतको कसूर।

मुद्दाको संक्षिप्त व्यहोरा

१. जाहेरी दरखास्तको व्यहोराः

योगिता शर्मा बास्तोलाको जाहेरीः- म जाहेरवाला योगिता शर्मा बास्तोलालाई प्रतिबादी शम्भु प्रसाद रौनियार अध्यक्ष भएको उमागौरी कृषि सहकारी संस्थाले सस्तो व्याजदरमा महिला उद्यमशिल कर्जा दिने प्रलोभनमा पारेपछी म जाहेरवालाले संचालक समितिको विश्वासमा परि निज प्रतिवादीहरुले जिल्ला मोरङ धनपालथान गा.पा.वडा नं.४ कर्सिया स्थित संचालनमा रहेको श्री उमागौरी कृषि सहकारी संस्था लिमिटेडको कार्यालयमा आई निजहरुले भने बमोजिम मेरो नाममा दर्ता रहेको जिल्ला मोरङ विराटनगर १ (ख) कि.नं.२३२३ ज.व.मि. १५२।३६ जग्गाको लालपुर्जा समेत दिएकोमा निज प्रतिवादीहरुले मलाई के-कुन कागजहरुमा सही छाप गराई मिति २०७८।०६।२४ मा मेरो जग्गा रोक्का राखी त्यसको करिब २ महिना पछी प्रतिवादी शम्भु प्रसाद रौनियारले मलाई फोन गरी तपाईहरुको नबिल बैंक विराटनगर शाखाबाट ऋण रकम निकासा भएको छ लिन आउनु भनी जिल्ला मोरंग धनपालथान गा.पा. वडा नं. ४ कर्सिया स्थित संचालनमा रहेको श्री उमागौरी कृषि सहकारी संस्था लिमिटेडको कार्यालयमा बोलाएकोमा म उक्त कार्यालयमा निकाशा भएको ऋण रकम लिन जाँदा प्रतिबादीले श्री उमागौरी कृषी सहकारी संस्था लिमिटेड धनपालथान वडा नं. ४ कर्सियाको नामको खाता नं. ००१००१००४४८११ भएको चेकमा नगद रु.७,००,०००।- (सात लाख) उल्लेख गरी प्रतिबादीहरुले सहीछाप गरी मलाई दिएकोमा अन्य निकासा भएको रकम पनि दिनु भन्दा निज प्रतिवादीहरुले तपाईहरुको जम्मा निकासा भएको ऋण रकम रु.१०,००,०००।- (दश लाख) मध्ये नगद रु.१,००,०००।- (एक लाख) सेयर, सेवा सुल्क रु.२२,५००।- (बाईस हजार पाँच सय), बिमा वापत रु.१०,०००।- (दश हजार) काटिएको छ, बाँकी रु.२,००,०००।- (दुई लाख) नगदै दिन्छौ भनेकोले हामीले निजहरुको कुरामा बिस्वासमा परि सोही दिन चेक लिई मेघा बैंक लिमिटेड विराटनगरमा गई चेकमा उल्लेखीत रकम बैंकबाट लिएका थियौ। पुन केही दिन सोही सहकारीको कार्यालय कर्सियामा मलाई प्रतिबादी शम्भु प्रसाद रौनियारले नगदै रु.२,००,०००।- (दुई लाख) दिएको थियो। हामीले सहकारी मार्फत लिएको ऋण नबिल बैंकमा किस्ता बुझाउन जाने भन्दा प्रतिबादीहरुले तपाईहरुले यही किस्ता बुझाउने हो हामीले आफै बैंकमा ऋणको किस्ता दाखिला गर्ने छौ भनेकोले मैले मिति २०७८।०७।२४ गते देखी मासिक रुपमा नगद रू.२४,५००।- (चौबिस हजार पाँचसय) बुझाँउदै आई रहेकोमा अन्तिम पटक २०७९।०७।२९ गते किस्ता रकम बुझाउँदा मैले श्री उमागौरी कृषी सहकारी संस्था लिमिटेड धनपालथान वडा नं.४. कर्सियाले म जस्तै विभिन्न बचतकर्ता, सेयरकर्ता तथा ऋणीहरुले जम्मा गरेको रकम हिनामिना ठगी गरी

सहकारी बन्द अवस्थामा रहेको भन्ने हल्लाखल्ला सुनी थाहा पाई प्रतिबादीहरुलाई फोन सम्पर्क गर्दा फोन सम्पर्क हुन नसकी निजहरु हाल भागि फरार अवस्थामा रहेको छन । यसरी प्रतिवादीहरुले मलाई सस्तो ब्याजदरमा ऋण उपलब्ध गराईदिन्छौ भनी बिस्वासमा पारी उमागौरी कृषि सहकारी संस्थामा कागजातहरुमा हस्ताक्षर गराई म जाहेरवालाले मैले लिएको ऋण भन्दा दोब्बर तेब्बर ऋण रकम हाम्रो नामको कागजातहरु प्रयोग गरी हाम्रै नाममा नविल बैंक लिमिटेडका विराटनगर शाखा प्रमुख लगायतका कर्मचारीहरुसँग गठमेल साठगाठ गरी हाम्रो उपस्थिती र कुनै सोधपुछ समेत नगरी हाम्रो नाममा ऋण दिएको र नविल बैंकमा हाम्रो नाममा पास भएको ऋण मध्ये केही प्रतिशत ऋण मात्र उमागौरी कृषि सहकारी संस्थाले हामीलाई दिई अन्य रकम आफै राखी हाम्रो नामको ऋण आफैले भोगचलन गरी अपचलन गरेको, हामीले लिएको ऋणको सावा तथा ब्याज समेत नियमित रुपमा उमागौरीका सहकारी संस्थाका कलेक्टरहरु मार्फत दिदै आएपनि हामीले दिएको रकम नविल बैंकमा दाखिला नगरी उक्त रकम समेत आफै भोगचलन गरी अपचलन गरि सेयर वापत रु.१,००,०००।- (एक लाख), सेवा सुल्क वापत रु.३२,५००।- (बत्तिस हजार पाँच सय) र हामीले किस्तामा जम्मा गरेको रकम रु.३,४१,२००।- (तिन लाख एक चालिस हजार दुई सय) समेत गरी जम्मा रु.४,७३,७००।- (चाल लाख त्रिहत्तर हजार सातसय) ठगी गरेको हुँदा निज प्रतिवादीहरु लगायत सो ठगी गर्ने कार्यमा अन्य कोही संलग्न भएमा अनुसन्धान गरी सहकारी ऐन अन्तर्गत अनुसन्धान तथा कारवाही गरी गरी म जाहेरवालाको रकम फिर्ता गरी पाउँ भन्ने समेत व्यहोराको **योगिता शर्मा बास्तोलाले दिएको जाहेरी दरखास्त।**

<u>जयश्री राजबंशी समेतको जाहेरीः-</u> हामी जाहेरवाला महिलाहरु हाल घरमै गृहेणी, खेतिपाती र पहिले अम्बिकादेवी राजबंशीले प्रतिज्ञा किराना पसल, जयश्री राजबंशीले प्रतिक टेलर्स र पार्वतीदेवी राजबंशी गृहेणीको कामहरु गर्दै आईरहेका छौ। यस्तैमा हाम्रो छिमेकी सरिता विश्वकर्माले उमागौरी सहकारी संस्थाबाट सस्तो ब्याजदरमा ऋण लिएको र हामीलाई पनि सस्तो व्याजदरमा ऋण चाहिएको भए जिल्ला मोरङ धनपालथान गाँउपालिका वडा नं.४ कर्सिया बजार स्थित रहेको उमागौरी कृषि सहकारी संस्थाको अध्यक्ष शम्भु प्रसाद रौनियारसँग सम्पर्क गर्नु भनेपछी हामी जाहेरवालाहरुलाई १० लाख जति ऋणको आवश्कता परेकोले हामीले प्रतिवादी शम्भु प्रसाद रौनियारलाई उमागौरी सहकारी संस्थामा गई ऋण सन्बन्धी कुराकानी गर्दा निजले हामी तीनै जनालाई पहिले शेयर सदस्य हुनु पर्छ त्यसको लागी हामीले जनही रु.१,३०,०००।- (एक लाख तीस हजार) रुपैया तिरेर उमागौरी कृषि सहकारीको सदस्य हुन पाउने त्यो पैसा मध्ये रु.८०००।- (बिमा रकम) र रु.२२०००।- (बाईस हजार) शेयर बापत कट्टी हुने र अन्य रु.१,००,०००।- (एक लाख) रुपैया पन्ध्र बर्ष पछी फिर्ता दिन्छु तपाईहरुलाई महिला उद्दमी ऋण चाडै दिन्छु भनेपछी हामीले पनि व्यापार व्यवसाय बढाउन सस्तो व्याजदरमा ऋण पाईने लोभमा परी निज प्रतिवादीले भने बमोजिम नै सोही सहकारीमा कार्यरत कर्मचारीहरु चम्पा गिरी र सोनु यादवले भने बमोजिमको विभिन्न फारम र कागजहरुमा सहीछाप गरी निजहरुलाई हामी मध्ये जयश्री राजबंशीले मिति २०७८।०९।२७ गते र अम्बिकादेवी राजबंशी र पार्वतीदेवी राजबंशीले ऐ. २८ गते जनही रु.१,३०,०००।- (एक लाख तीस हजार) दिएकोमा निजहरुले हामीलाई रु.१००००।- (एक लाख) को भौचर दिएपनि रु.३००००।- (तीस हजार) को भौचर दिन नमिल्ने उक्त पैसा बिमा र शेयर वापत कट्टी हुने हुँदा फिर्ता आउदैन भनी हामीलाई फिर्ता पठाएको र केही दिन पछि सरहरुले तपाईहरुलाई पैसा दिन बोलाउनु हुन्छ भनेपछी हामी निजहरुको पर्खाईमा बसि ऋण कहिले आउने भनि प्रतिक्षामै बसि रहेको अवस्थामा लामो समय बित्दा पनि उक्त सहकारीबाट ऋण दिने कुनै पनि छाटकाट नदेखिए पछी हामी तीनै जना पटक पटक उक्त सहकारी संस्थामा गई हामीले संस्थामा बुझाएको पैसा फिर्ता माग गर्दा शम्भु प्रसाद रौनियारले हामीलाई आज भोली भनी पैसा फिर्ता नदिई पटक पटक हामीलाई विभिन्न रकमको चेकहरु दिई पर्खाउदै आईरहेका थिए, सो सम्बन्धमा विभिन्न निकायहरुमा गई पटक पटक गुनासो

उजुरी गर्दा कोही कसैले हाम्रो उजुरी प्रति कसैले न्यायिक सुनुवाई नगरेको हुँदा हामी यी प्रतिवादीहरुबाट ठगी भएको महसुस भई अन्याय सहेर बसिरहेको अवस्थामा हामी जाहेरवालाहरुलाई नविल बैंक विराटनगर महेन्द्र चोक शाखाबाट आज भन्दा एक डेढ बर्ष पहिले फोन गरी तपाईहरुले यस बैंकबाट जनही रु.१०,००,०००।- (दश लाख) ऋण लिनु भएको छ त्यो पैसाको सावा ब्याज तिर्नु पर्छ म बैंकको म्यानेजर बोलेको भनी धम्कीपुर्ण भाषाहरु प्रयोग गरेपछी हामी तीनै जना उक्त बैंकमा गई बुझ्दा उक्त बैंकबाट हाम्रो नामको फारमहरु प्रयोग गरी प्रतिवादी शम्भु रौनियारले जनही रु.१०,००,०००।- (दश लाख) बुझि सकेका रहेछन जुन रकमको हामीले एक पैसा पनि पाएका थिएनौ। त्यस पश्चात हामीले बैंकका मेनेजर लगायत अन्य कर्मचारीलाई हाम्रो उपस्थित विना कुनै जानकारी किन यति ठुलो रकम हाम्रो नाममा ऋण दिनु भएको भनी प्रश्न गर्दा हामी केही जान्दैनौ यो कुरा शम्भु रौनियारलाई सुनाउनु तपाईहरुले यो रकम तिर्नै पर्छ भनी हामीलाई जवाफ दिएका थिए। यसरी निजप्रतिवादी शम्भु प्रसाद रौनियार समेतले हामीलाई ठगी गरि लिएको तीन जनाको जनही रु.१,३०,०००।- (एक लाख तीस हजार) गरी जम्मा रु.३,९०,०००।- (तीन लाख नब्बे हजार) र प्रतिबादीहरुले हाम्रो नामको नागरिकता लगायतका कागजात राखी हामीलाई सस्तो व्याजदरमा ऋण दिलाई दिन्छौ भनी सहकारीकै कार्यालयमा बोलाई बिभिन्न कागजातहरुमा सही छाप गराई नबिल बैंकबाट जनही रु.१०,००,०००।- (दश लाख) को दरले जम्मा रु.३०,००,०००।- (तिस लाख) समेत लिई ठगी गरेको हुँदा सम्पुर्ण रकम फिर्ता दिलाई निज नबिल बैंक शाखाबाट लिएको ऋण रकम निजै प्रतिवादीबाट असुल उपर हुनुपर्छ भन्ने समेत व्यहोराको **जयश्री राजबंशी, अम्बिकादेवी राजबंशी, पार्वती देवी राजबंशीले दिएको संयुक्त जाहेरी दरखास्त।**

<u>रुवि कुमारी पासवानको जाहेरी:-</u> म आफ्नै घरमा सानो किराना पसल र गृहणीको काम गर्दै आईरहेका छु। यस्तैमा हाम्रो छिमेकी सोनु यादवले उमागौरी सहकारी संस्थाबाट सस्तो ब्याजदरमा ऋण दिदैछ तपाईलाई पनि ऋण चाहिएको भए जिल्ला मोरङ धनपालथान गाँउपालिका वडा नं.७ कुर्सिया बजार स्थित रहेको उमागौरी कृषि सहकारी संस्थाको अध्यक्ष शम्भु प्रसाद रौनियारसँग सम्पर्क गर्नु भनेपछी मलाई १० लाख जति ऋणको आवश्कता परेकोले मैले प्रतिवादी शम्भु प्रसाद रौनियारलाई उमागौरी सहकारी संस्थामा गई ऋण सन्बन्धी कुराकानी गर्दा निजले मलाई पहिले शेयर सदस्य हुनुपर्छ त्यसको लागी मैले रु.१,२२,५००।- (एक लाख बाईस हजार पाँच) रुपैया तिरेर उमागौरी कृषि सहकारीको सदस्य हुन पाउने त्यो पैसा मध्ये रु.२२,५००।- (बाईस हजार पाँच सय) शेयर बापत कट्टी हुने र अन्य रु.१,००,०००।- (एक लाख) रुपैया दुई चार बर्षपछी फिर्ता दिन्छु मलाई महिला उद्दमी ऋण चाडै दिन्छु भनेपछी मैले पनि व्यापार व्यवसाय बढाउन सस्तो व्याजदरमा ऋण पाईने लोभमा परी निज प्रतिवादीले भने बमोजिम नै सोही सहकारीमा कार्यरत कर्मचारी सोनु यादवले भने बमोजिमको विभिन्न फारम र कागजहरुमा सहीछाप गरे पछि अन्दाजी २ महिनापछी विराटनगर महेन्द्र चोक स्थित रहेको नबिल बैंकमा रहेको मेरो खातामा रु.१,००,०००।- (दश लाख) रुपैया ऋण पास भई जम्मा भएको छ म तपाईलाई उक्त पैसा ल्याईदिन्छु भनी प्रतिवादी शम्भु प्रसाद रौनियारले मेरो नविल बैंक चेक बुक मसँग रु.१०,००,०००।- (दश लाख) को चेकमा दस्तखत गराएका थिए। त्यस पश्चात म एक दुई दिन पछी उमागौरी सहकारी संस्थामा जाँदा प्रतिवादी शम्भु प्रसाद रौनियारले मलाई जम्मा रु.५,७५,०००।- (पाँच लाख पचहत्तर हजार) मात्र दिई अन्य रकम पछी दिन्छु भनेका थिए। त्यस पश्चात किस्ता वापत लगातार नविल बैंकमा ऋणको किस्ताहरु बुझाउदै आईरहे पनि प्रतिवादी शम्भु प्रसाद रौनियारले नविल बैंकमा मेरो नाममा पास भएको जम्मा रु.१०,००,०००।- (दश लाख ऋण मध्ये मैले निजसँग पाउनु पर्ने रु.४,२५,०००।- (चार लाख पच्चिस हजार) आफै राखि मैले निजसँग उक्त रकम पटक पटक माग गर्दा निजले मलाई आज भोली भन्दै आलटाल गर्दै आई रकम ठगी गरेको अवस्था छ। यसरी निज प्रतिवादी शम्भु प्रसाद रौनियारले मलाई झुक्यानमा पारी हालसम्म पनि नविल बैंकको मेरो चेक निजै

प्रतिवादीसँग जमानत राखि मलाई उमागौरी कृषि सहकारी संस्थामा जम्मा गर्न लगाएको रु.१,२२,५००।- (एक लाख बाईस हजार पाँच रुपैया) र निजले नविल बैंकमा मेरो खाताबाट बुझेको रु.१०,००,०००।- (दश लाख) मध्ये रु.४,२५,०००।- (चार लाख पच्चिस हजार) आफै राखेको हुँदा जम्मा रकम रु.५,४७,५००।- (पाँच लाख सडलाचिल हजार पाँच सय) रुपैया ठगी गरेको हुँदा निज प्रतिवादीहरुलाई अविलम्ब पक्राउ गरी ठगी भएको मेरो रकम निजै प्रतिवादीहरुबाट दिलाई भराई पाउँ भन्ने समेत व्यहोराको **रुवि कुमारी पासवानले दिएको जाहेरी दरखास्त।**

ज्योति साहको जाहेरीः- म जाहेरवाला श्री सन्जना मोबाईल मर्मत सेन्टर खोली आफ्नो जिबिकोपार्जन गरि रहेको छु । यस्तैमा उमागौरी सहकारी संस्थाबाट सस्तो ब्याजदरमा ऋण पाईने भन्ने हल्ला सुनी मैले सो सहकारी कार्यालय कर्सियामा गई प्रतिवादी शम्भु प्रसाद रौनियारसंग ऋण सन्बन्धी कुराकानी गर्दा निजले मलाई पहिले शेयर सदस्य हुनु पर्छ त्यसको लागी रु.१,२५,०००।-(एक लाख पच्चिस हजार) रुपैया तिरेर उमागौरी कृषि सहकारीको सदस्य हुन पाउने सेयर रकम रु.१,००,०००।- (एक लाख) रुपैया पन्ध्र बर्ष पछी फिर्ता दिन्छु तपाईहरुलाई महिला उद्दमी ऋण चाडै दिन्छु भनेपछी मैले पनि व्यापार व्यवसाय बढाउन सस्तो व्याजदरमा ऋण पाईने लोभमा परी निज प्रतिवादीले भने बमोजिमनै सोही सहकारीमा कार्यरत माथी उल्लेखित प्रतिबादीहरुले भने बमोजिमको विभिन्न फारम र कागजहरुमा सहीछाप गरी मैले सेयर तथा सेवा सुल्कको भौचर दिनु भन्दा प्रतिबादी शम्भु प्रसाद रौनियारले तपाईलाई बिना धितो यत्रो रकम कर्जा दिदैछु किन भौचर चाहियो भनी मलाई कुनै कागजात दिएको थिएन । यस्तैमा २०७८ सालको भाद्र महिनामा सो सहकारीमा मेरो नाममा नबिल बैंकबाट ऋण स्विकृत भई आएको भन्ने प्रतिबादी शम्भु प्रसाद रौनियारले मलाई फोन मार्फत जानकारी गराएकोले म सो सहकारीमा जाँदा निजले मलाई आफ्नो मेघा बैंक कर्सिया शाखाको नगद रु.५,००,०००।- (पाँच लाख) को चेक दिएपछी मैले निजलाई रु.१०,००,०००।- (दश लाख) को ऋण भरेको थियौ कसरी ५,००,०००।- (पाँच लाख) मात्र दिनु हुन्छ भनी सोद्धा निजले तपाईको कर्जा रु.५,००,०००।- (पाँच लाख) मात्र नबिल बैंकबाट स्विकृत भएको छ, तपाईलाई मासिक रु.१३,०००।- (तेह्र हजार) किस्ता तिर्नु पर्छ भनेकोले मैले निजले भने अनुसारनै मेरो सहोदर देवर बिनय साहको उमागौरी सहकारी संस्थाको बचत खातामा जम्मा गरेको बचत रकम बाट मासिक रुपमा किस्ता तिरी रहेको थियौ । हामीले हालसम्म जम्मा १६ किस्ता तिरेपछी सो सहकारीको अध्यक्ष सहीतका पदाधिकारीहरुले बचतकर्ता सेयरकर्ता तथा ऋणीहरुको करोडौ रकम ठगी गरी फरार भएको भन्ने हल्ला सुनी म आफुले कर्जा लिएको नबिल बैंक विराटनगरमा शाखामा गई बुझ्दा निज प्रतिबादी शम्भु प्रसाद रौनियार समेतले मेरो मोबाईल सेन्टरको नाममा रु.१०,००,०००।- (दश लाख) ऋण स्विकृत गराई निज प्रतिबादी शम्भु प्रसाद रौनियारको गाडीमा चालक काम गर्ने मोहमद निजामुउदिनले सम्पुर्ण रकम बुझी मलाई रु.५,००,०००।- (पाँच लाख) मात्र दिई ठगी गरेको भन्ने थाहा पाएको हुँ । यसरी प्रतिवादीहरु शम्भु प्रसाद रौनियार समेतले मलाई विभिन्न कागजमा सहीछाप गराई नबिल बैंकसंग साँठगाँठ गरी मेरो स्विकृत भएको रु.१०,००,०००।- (दश लाख) कर्जा मध्ये मलाई रु.५,००,०००।- (पाँच लाख) मात्र दिई ठगी गरेको तथा निज प्रतिबादीहरुले सेयर तथा सेवा सुल्क भनी मबाट १,२५,०००।- (एक लाख पच्चिस हजार) समेत लिई जम्मा रु.६,२५,०००।- (छ लाख पच्चिस हजार) ठगी गरेको हुँदा सम्पुर्ण रकम फिर्ता दिलाई प्रतिवादीहरु शम्भु प्रसाद रौनियार समेतलाई कानुन वमोजिम कारबाही गरी मैले नलिएको रकमको ब्याज नबिल बैंकबाट फिर्ता दिलाई पाउँ भन्ने समेत व्यहोराको **ज्योति साहले दिएको जाहेरी दरखास्त।**

अरबिन्द्र साहको जाहेरीः- म जाहेरवाला आफ्नो स्थायी वतनमा न्यु श्री कृष्ण ज्वेलर्सको नाममा सुनचाँदी पसल संचालन गर्दै आईरहेको छु । प्रकरण नम्बर ३ मा उल्लेखित प्रतिवादी शम्भु प्रसाद रौनियार अध्यक्ष भई

संचालमा रहेको श्री उमागौरी कृषि सहकारी संस्थाको अमरदह शाखामा कार्यरत बजार प्रतिनिधी कलेक्टरहरुले मेरो पसलमा आई आकर्षक ब्याज दिने र पैसा पनि बचत हुने ऋण चाहिएको बखत सजिलै ऋण लिन पाईने लगायतको विभिन्न प्रलोभनहरु देखाएपछि म निज कलेक्टरहरुको विश्वासमा परी मैले प्राय दैनिक रुपमा बचत पास बुकमा रकम ईन्ट्री गर्न लगाई बचत गर्दै आईरहेकोमा केही बर्ष बचत रकमहरु केही समयावधी पश्चात माग गर्दा फिर्ता दिदै आईरहेकोमा आज भन्दा अन्दाजी ४ बर्ष पहिले उक्त सहकारी संस्था कहिले बन्द हुने कहिले खुल्ने र बचत समेत उठाउने नआएको हुँदा मैले कर्सिया स्थित उमागौरी कृषि सहकारी संस्थाको कार्यालयमा गई मेरो वचत रकम फिर्ता माग्दा प्रतिवादी शम्भु प्रसाद रौनियारले बचत रकम फिर्ता नदिई आज भोली भन्दै आलटाल गर्दै मेरो बचत पास बुक समेत आफ्नै साथमा राख्दै आएपछी मैले निजहरुसँग जोर जबरजस्ती बचत पासबुक माग गरी आफ्नो कब्जामा लिई बचत पासबुको हिसाब किताब चेक गर्दा मेरो बचत बुकमा मैले नपाएको रकम समेत भुल सुधार लगायतको शब्दहरु उल्लेख गरी आफु खूसी हिसाब मिलान गरेको देखेपछि मेरो खाताको पैसा मैले नबुझि के कुन कारणले हिसाब मिलान गरेको भनी सोधेपछी सोही सहकारीमा कार्यरत चम्पा गिरी नामको महिला कर्मचारीले मलाई रु.१,००,०००।- (दश हजार) दिई अन्य हिसाब अफिस खुलेको बेला आउनु भनी जवाफ दिएका थिए। यसरी मैले लगातार बचत गर्दै आईरहेको बचत रकम रु.७६,८९२।- (छयत्तर हजार आठ सय बयानब्बे) रुपैया हालसम्म प्राप्त नगरेको हुँदा उक्त रकम फिर्ता दिई निज प्रतिवादीहरुले पक्राउ गरी कानून बमोजिम हदैसम्मको कारवाही गरी पाँउ भनी **अरबिन्द्र साहले दिएको जाहेरी दरखास्त।**

<u>सुसिला कुमारी कामतको जाहेरी</u>:- म जाहेरवाला हाल घरमै सानो किराना स्मारिका कस्मेटिक पसल संचालन गर्दै आईरहेका छु । यस्तैमा हाम्रो छिमेकी सोनु यादवले उमागौरी सहकारी संस्थामा राम्रो सहकारी संस्था हो, यो संस्थामा बचत गर्नु तपाईहरुलाई पछी सस्तो व्याजदरमा ऋण दिन्छ भनी प्रलोभन देखाएपछी मैले उक्त सहकारी संस्थामा क्रमिक रुपमा बचत गर्दै आईरहेको थिए । यस्तैमा हामीलाई व्यपार व्यवसाय ऋण चाहिएको हुँदा जिल्ला मोरङ धनपालथान गाँउपालिका वडा नं. ४ कर्सिवा बजार स्थित रहेको उमागौरी कृषि सहकारी संस्थाको अध्यक्ष शम्भु प्रसाद रौनियारलाई उमागौरी सहकारी संस्थामा भेटि ऋण सन्बन्धी कुराकानी गर्दा निजले मलाई पहिले शेयर सदस्य हुनु पर्छ त्यसको लागी मैले रु.२,२२,५००।- (दुई लाख बाईस हजार पाँच सय) रुपैया तिरेर उमागौरी कृषि सहकारीको शेयर सदस्य हुन पाउने त्यो पैसा मध्ये रु.२२,५००।- (बाईस हजार पाँच सय) सेवा शुल्क बापत कट्टी हुने र अन्य रु.२,००,०००।- (दुई लाख) रुपैया दुई चार बर्षपछी फिर्ता हुन्छ महिला उद्दमी ऋण चाडै दिन्छौ भनेपछी मैले पनि व्यापार व्यवसाय बढाउन ऋण आवश्यकता परेको हुँदा प्रतिवादीले भने बमोजिमनै सोही सहकारीमा कार्यरत कर्मचारी सोनु यादवले भने बमोजिमको विभिन्न फारम र कागजहरुमा सहीछाप गरे पछि अन्दाजी १ महिनापछी सोनु यादवले मलाई उमागौरी सहकारी संस्थामा बोलाएपछी म उक्त संस्थामा जाँदा प्रतिवादी शम्भु प्रसाद रौनियारले मिति २०७८।०४।१२ गते मेरो नाममा उमागौरी कृषि सहकारी संस्थाको मो. आलम र शम्भु प्रसाद रौनियारले दस्तखत गरेको हाल नाम थाहा नभएको बैंकको रु.१०००,०००।-(दश लाख) को चेक दिएपछी मैले सोही दिन सिर्जना बैंक कटहरीमा उक्त चेक दाखिला गरी रकम लिएकोमा सोको भोलिपल्ट देखि मैले प्राय दैनिक रुपमा रु.१०००।- (एक हजार) को दरले ऋणको किस्ता र क्रमिक बचत समेत सोनु यादवलाई खातामा ईन्ट्री गरी बुझाउदै आईरहेको अवस्थाना निज सोनु यादव केही महिना देखि किस्ता उठाउन नआएपछि मैले निज र प्रतिवादी शम्भु प्रसाद रौनियारलाई पटक पटक फोन सम्पर्क गरी ऋणको किस्ता लिन आउनु भन्दा समेत सम्पर्कमा नआएको अवश्थामा विराटनगर महेन्द्र चोक स्थित रहेको नविन बैंकले मेरो खाता मलाई कुनै पनि जानकारी नगराई कालोसुची गरि दिएपछी मैले के कुन कारणले कालोसुची गरेको रहेछ भनी नविल बैंकमा गई बुझ्दा मैले उमागौरी सहकारी संस्थाबाट लिएको ऋण रकम मेरो खाता खोली सोनु यादवले रु.९,९८,०००।- (नौ

लाख अन्ठान्नब्बे हजार) बुझेको भनी बैंक स्टेटमेन्टमा देखिएपछी मात्र प्रतिवादी शम्भु प्रसाद रौनियार उमागौहरी सहकारी संस्थाबाट ऋण दिने भनी मेरो नाममा नविल बैंक बिराटनगरबाट ऋण लिएको कुरा प्रष्ट थाहा पाएको थिए, नविल बैंकले पनि मेरो कुनै उपस्थिती जानकारी बिना त्यति ठुलो रकम मेरो खाताबाट प्रतिवादी सोनु यादवको नाममा पास गरेको रहेछ । मैले उमागीरी कृषि सहकारीबाट लिएको रु.१०,००,०००।- (दश लाख) ऋण भुक्तानी गर्न दैनिक रुपमा किस्ताबाट रु.३,९०,०००।- (तीन लाख नब्बे हजार) प्रतिवादी सोनु यादव मार्फत बुझाएपनि निजले उक्त पैसा नविल बैंकमा बुझाएका रहेनछन। त्यस्तै मैले दैनिक रुपमा गरेको बचत रकम रु.५१६।- (पाँच सय सोह रुपैया) र शेयर खरिद गर्दा तिरेको रु.२.२२,५००।-(दुई लाख बाईस हजार पाँच सय) समेत पाउन बाँकी रहेको अवस्था छ। यसरी मैले उमागौरी सहकारी संस्थाबाट लिएको रु.१०००००।- (दश लाख ऋण मध्ये किस्ताबाट तिटको रु.३,९०,०००।- (तीन लाख नब्बे हजार), शेयरको लागी दिएको रु.२,२२,५००।- (दुई लाख बाईस हजार पाँच सय) र बचत रकम रु.५१६।- (पाँच सय सोह) गरी जम्मा रकम रु.६,१३,०१६।- (छ लाख तेत्र हजार सोह रुपैया) तिरि सकेको र अव तिर्न बाँकी रकम रु.३,८६,९८४।- (तीन लाख, छयासी हजार नौ सय चौरासी रुपैया) मात्र रहेको हुँदा बाँकी रकम म स्वयमले तिर्ने नै हुँदा अन्य रकम निज प्रतिवादीहरुबाट दिलाई भराई पाँउ। साथै निज प्रतिवादीहरुले सहकारी संस्थाको नाममा संगठित भई दैनिक ज्याला मजदुरी तथा सानो तिनो व्यापार व्यवसाय गर्ने गरिब जनताहरुको पैसा सहकारी संस्थाको नाममा अपचलन गरीसहकारी ठगी अपराध कसुर गरेको हुँदा कानून बमोजिम हदैसम्मको कारवाही गरी पाउँ भन्ने समेत व्यहोराको **सुसिला कुमारी कामतले दिएको जाहेरी।**

<u>शान्तिला पारघरी लिम्बु लावतीको जाहेरी</u>:- म बयरबन स्थितमा शान्तीला होटल खोली जिबिकोपार्जन गरि रहेको छु। यस्तैमा उमागौरी सहकारी संस्थाबाट सस्तो ब्याजदरमा घरेलु महिला उधमी ऋण पाईने भन्ने हल्ला सुनी मैले सो सहकारी कार्यालय कर्सियामा गई प्रतिवादी शम्भु प्रसाद रौनियारसंग ऋण सन्बन्धी कुराकानी गर्दा निजले मलाई पहिले शेयर सदस्य हुनु पर्छ त्यसको लागी रु.५०,०००।- (पचास हजार) र सेवा सुल्क रु.२०,०००।- (बिस हजार) रुपैया तिरेर उमागौरी कृषि सहकारीको सदस्य हुन पाउने सेयर रकम ऋण चुक्ता भए पछी फिर्ता दिन्छु तपाईहरुलाई महिला उद्दमी ऋण चाडै दिन्छु भनेपछी मैले पनि व्यापार व्यवसाय बढाउन सस्तो व्याजदरमा ऋण पाईने लोभमा परी निज प्रतिवादीहरुले भने बमोजिमनै सोही सहकारीमा कार्यरत माथी उल्लेखित प्रतिबादीहरुले भने बमोजिमको विभिन्न फारम र कागजहरुमा सहीछाप गराई बयरबनमा रहेको मेरो घडेरी कित्ता नं.११०९ को १ कठ्ठा ३ धुर जग्गा धितोमा राखी नगद रु.५,००,०००।- (पाँच लाख) को ऋण कागज तयार गरीसकेपछी मैले सेयर तथा सेवा सुल्कको भौचर दिनु भन्दा प्रतिबादी शम्भु प्रसाद रौनियारले किन भौचर चाहियो भनी मलाई कुनै कागजात दिएको थिएन । यस्तैमा मिति २०७८।०८।२२ गते उक्त सहकारीले मलाई फोन गरी तपाईको ऋण स्विकृत भएको छ लिन आउनु भनी खबर गरेकोले म सहकारीको कर्सिया स्थित रहेको कार्यालयमा गई मैले माग गरेको ऋण रकम रु.५,००,०००।- (पाँच लाख) लिएको थिएँ । मैले ऋण लिए वापत सहकारीमा मासिक रु.१३,०००।- (तेह्र हजार) को दरले किस्ता तिरीरहेको थिएँ । यसरी तिर्ने क्रममा मैले जम्मा १० किस्ता तिरेपछी सो सहकारीको अध्यक्ष सहीतका पदाधिकारीहरुले बिभिन्न बचतकर्ता सेयरकर्ता तथा ऋणीहरुको करोडौ रकम ठगी गरी फरार भएको भन्ने हल्ला सुनी म आफुले कर्जा लिएको नबिल बैंक विराटनगरमा शाखामा गई बुझ्दा निज प्रतिबादी शम्भु प्रसाद रौनियार समेतले मेरो शान्तिला होटलको नाममा रु.१०,००,०००। (दश लाख) ऋण स्विकृत गराई सोही सहकारीको लेखा फाँटमा काम गर्ने प्रतिवादी सोनु यादबले बुझी मलाई रु.५,००,०००।- (पाँच लाख) मात्र दिई ठगी गरेको भन्ने थाहा पाएको हुँ । यसरी प्रकरण ३ मा उल्लेखित प्रतिवादीहरुले मलाई विभिन्न कागजमा सही छाप गराई नबिल बैंक संग साँठगाँठ गरी मैले संचालन गरेको

शान्तिला होटलको नाममा रु.१०,००,०००।- (दश लाख) कर्जा स्विकृत गराई मलाई रु.५,००,०००। (पाँच लाख) मात्र दिई ठगी गरेको भन्ने थाहा पाई मैले नबिल बैंकमा २ पटक गरेर रू.३,८४,०००।- (तिन लाख चौरासी हजार) ऋणको साँवा ब्याज समेत तिरी चुक्ता गरि सकेको छु । निज प्रतिबादीहरुले म बाट सेयर तथा सेवा सुल्क भनी म बाट रु.७०,०००।- (सत्तरी हजार) समेत लिई जम्मा रु.५,७०,०००।- (पाँच लाख सत्तरी हजार) ठगी गरेको हुँदा सम्पुर्ण रकम फिर्ता दिलाई प्रतिवादीहरुलाई कानुन वमोजिम कारबाही गरी मैले नलिएको रकमको ब्याज नबिल बैंकबाट फिर्ता दिलाई पाउँ भन्ने समेत व्यहोराको **शान्तिला पारघरी लिम्बु लावतीले दिएको जाहेरी दरखास्त।**

<u>पंकज कुमार झाको जाहेरीः-</u> म रंगेली बजार स्थित नैतिक हार्डवेयर संचालन गर्दै आईरहेको छु । प्रतिवादी शम्भु प्रसाद रौनियारलाई राम्ररी चिन्दछु भने अन्य प्रतिवादीहरुलाई चिन्दिन । आज भन्दा अन्दाजी पाँच बर्ष अगाडी मैले कर्सिया स्थित संचालनमा रहेको उमागौरी कृषि सहकारी संस्थाबाट रु.३,००,०००।- (तीन लाख) रुपैया ऋण लिएको थिए उक्त ऋण मैले क्रमिक रुपमा किस्ता बुझाई दुई बर्ष भित्र ऋण चुक्ता गरी सो ऋण चुक्ता हुने बित्तिकै मैले उमागौरी कृषि सहकारीमा अर्को पटक रु.५,००,०००।- (पाँच लाख) को ऋण रकम आवेदन गरेकोमा प्रतिवादी शम्भु प्रसाद रौनियारले मलाई रु.६२,४५०।- (बैसठ्ठी हजार चार सय पचास) को शेयर खरिद गर्नु पर्छ तपाईहरुलाई ४ प्रतिशत व्याजदरमा महिला उद्यमी ऋण उपलब्ध गराउछु भनेपछि मेरो श्रीमती कुमकुम झाको नाममा सो रकम बराबरको शेयर खरिद गरेपछी निजले सोको एक महिना भित्र मलाई उमागौरी कृषि सहकारी संस्थामा बोलाई रु.५,००,०००।- (पाँच लाख) नगदै दिएपछी मैले सोको भोलिपल्ट देखि नै उमागौरी कृषि सहकारी संस्थामा दैनिक रुपमा बचत खातामा रकम ईन्ट्री गरी ऋणको किस्ता तिर्दै आईरहेको अवस्थामा अन्दाजी २ बर्ष अगाडी देखि उमागौरी कृषि सहकारीबाट किस्ता लिने कर्मचारी नै आउन छोडेपछी म स्वयमले आफै उमागौरी सहकारी संस्थामा गई ऋण रकम तिर्दै आईरहेकै क्रममा केही महिना अगाडी मलाई नविल बैंक विराटनगरबाट फोन आई धम्की पुर्ण भाषामा तपाईले लिएको ऋण तिर्नु पर्दैन भनेपछि मैले आफ्नो कुनै सम्बन्ध समेत नभएको नबिल बैंकबाट कुन ऋण रकम मेरो नाममा रहेछ भनी बुझ्न गई म संचालक रहेको नैतिक हार्डवेयरको स्टेटमेन्ट माग गरी हेर्दा मेरो नाममा मो.निजामुद्दिन नाम गरेको व्यक्तिले सन् २०२१।०४।१२ गते रु.९,९०,०००।- (नौ लाख नब्बे हजार) बुझेको देखेपछि म आश्चर्यमा परी नविल बैंकका कर्मचारीहरुलाई मेरो खातामा मेरो जानकारी बिना यति ठुलो रकम ऋण कसरी उपलब्ध गराउनु भयो भनी सोधपुछ गर्दा शाखा प्रमुख समेतले यो कुरा शम्भु प्रसाद रौनियारलाई सोध्नु हामी केही पनि जान्दैनौ भनी उल्टै मुद्दा लगाईदिने खाता ब्ल्याक लिष्ट गरी दिने कारोबार रोक्का गरी दिने लगायतका विभिन्न किसिमका धाकधम्कीहरु दिई बैंकबाट पठाईदिएको थिए । यसरी प्रकरण ३ मा उल्लेखित प्रतिवादीहरुले उमागौरी सहकारी संस्थामा मलाई विभिन्न कागजमा सही छाप गराई नबिल बैंक संग साँठगाँठ गरी मैले संचालन गरेको नैतिक हार्डवेयर नाममा रु.१०,००,०००।- (दश लाख) कर्जा स्विकृत गराई लिई खाई मासी फरार भएको र मैले उमागौरी सहकारीबाट लिएको जम्मा रु.५,००,०००।- (पाँच लाख) ऋण मध्ये किस्ता वापत जम्मा रु.३,२५,०००।- (तिन लाख पच्चिस हजार), सहकारीमै बुझाई सकेको, निज प्रतिबादीहरुले मबाट सेयर तथा सेवा सुल्क भनी रु.६२,४५०।- (बैसठ्ठी हजार चार सय पचास) समेत लिई जम्मा रु.३,८७,४५०।- (तिन लाख सत्तासि हजार चार सय पचास) तिरि चुक्ता भई सकेको र मैले ऋण रकम चुक्ता गर्न बाँकी रु.१,१२,५५०।- र ब्याज बाँकी रहेकोमा प्रकरण ३ मा उल्लेखित प्रतिबादीहरुले के-कसरी नबिल बैंक संग साँठगाठ गरी मैले संचालन गरेको नैतिक हार्डवेयरको नाममा रु.१०,००,०००।- (दश लाख) ऋण स्विकृत गराई प्रतिबादीहरुले नै लिई ठगी गरेको हुनाले निज प्रतिवादीहरुलाई कानुन वमोजिम

कारबाही गरी मैले नलिएको ऋण रकम प्रतिबादीहरुबाटै उसुल उपर गरी पाउँ भन्ने समेत व्यहोराको **पंकज झाले दिएको जाहेरी दरखास्त।**

<u>बिष्णुकान्त साहको जाहेरीः</u>- मैले आफ्नै घरमा रितु स्टोर किराना पसल संचालन गरी आफ्नो परिवारहरुको जिबिकोपार्जन गरि रहेको छु । यस्तैमा उमागौरी सहकारी संस्थाबाट सस्तो ब्याजदरमा ऋण पाईने भन्ने हल्ला सुनी मैले सो सहकारी कार्यालय कर्सियामा गई प्रतिवादी शम्भु प्रसाद रौनियारसंग ऋण सन्बन्धी कुराकानी गर्दा निजले मलाई पहिले शेयर सदस्य हुनु पर्छ त्यसको लागी रु.१,००,४५०।- (एक लाख चार सय पचास) रुपैया तिरेर उमागौरी कृषि सहकारीको सदस्य हुन पाउने सेयर रकम बर्षै पिच्छे डबल हुन्छ तपाईलाई महिला उद्दमी ऋण चाडै दिन्छु भनेपछी मैले पनि व्यापार व्यवसाय बढाउन सस्तो व्याजदरमा ऋण पाईने लोभमा परी निज प्रतिवादीले भने बमोजिम नै सोही सहकारीमा कार्यरत माथी उल्लेखित प्रतिबादीहरुले भने बमोजिमको विभिन्न फारम र कागजहरुमा सहीछाप गरी ई.सं.२०२१।०४।०४ मा मैले संचालन गरेको रितु स्टोरको नाममा ऋण रकम स्विकृत भई आएको भनी उमागौरी सहकारीका माथी उल्लेखित प्रतिबादीहरुले मलाई जानकारी गराएकोले म सो सहकारीमा जाँदा प्रतिबादी शम्भु प्रसाद रौनियारले मलाई निजले मैले संचालन गरेको रितु स्टोरको नामको चेक के-कहिले देखी राखी राखेको देखाई तपाईको चेक पनि तयार भई सकेको छ यो चेक लिएर जानु नगद एकै पटक ननिकाल्नु आधा आधा गरेर निकाल्नु भनी भनेकोले मैले निजले नै भने अनुसार मेरो खाता रहेको लुम्बिनी बैंक रंगेली शाखाबाट रु.५,००,०००।- (पाँच लाख) र मुक्तिनाथ बिकास बैंक रंगेलीबाट नगद रु.४,५०,०००।- (चार लाख पचास हजार) ऋण रकम निकाली मैले मासिक रुपमा नगद रु.२६,०००।- (छब्बिस हजार) सहकारी मार्फत नै बुझाउँदै आई रहेको थिएँ । मैले हालसम्म सहकारीमा किस्ता रकम जम्मा रु.२,८०,०००।- (दुई लाख असी हजार) बुझाई सकेको अवस्थामा करिब २ बर्ष अगाडी देखी सहकारीका कर्मचारीहरु किस्ता लिन नआएपछी म आफै नबिल बैंकमा जाँदा प्रतिबादीहरुले मैले ऋणको किस्ता वापत बुझाएको रकम मध्ये जम्मा रु.२,६८,००० (दुई लाख अडसठी हजार) मात्र बैंकमा दाखिला गरेको निज प्रतिबादीहरुले मैले बुझाएको किस्ता वापतको रकम रु.१२,०००।- (बाह्र हजार) खाईमासेको, मेरो बचत खातामा जम्मा भएको रु.७५,५१४ ।- (पचहत्तर हजार पाच सय चौध), सेयर वापत जम्मा गरेको रु.१,००,४१४।- (एक लाख चार सय चौध), सेवा सुल्क वापत लिएको रकम रु.२५,०००।- (पच्चिस हजार) र मेरो नबिल बैंकको खातामा रहेको नगद रु.५०,०००।- (पचास हजार) समेत गरी जम्मा रु.२,६२,९२८ (दुई लाख बैसाठ्ठी हजार नौ सय अठ्ठाईस) हिनामिना गरी खाई मासी फरार भएको हुँदा सम्पुर्ण रकम फिर्ता दिलाई निज प्रतिवादीहरुलाई कानून वमोजिम कारबाही होस भन्ने समेत व्यहोराको **बिष्णुकान्त साहले दिएको जाहेरी।**

<u>सरस्वती कुमारी ताजपुरियाको जाहेरीः</u>- मैले आमबारी स्थित SK General store संचालन गर्दै आईरहेको छु । प्रतिवादी शम्भु प्रसाद रौनियार समेत केही प्रतिवादीहरुलाई चिन्दछु । मिति २०७७।१२।३० गतेमा मैले आफ्नो ब्यापार ब्यवसायको लागी कर्सिया स्थित संचालनमा रहेको उमागौरी कृषि सहकारी संस्थाबाट रु.३,००,०००।- (तीन लाख) रुपैया ऋण लिएको थिएँ । प्रतिवादी शम्भु प्रसाद रौनियारले मलाई रु.३०,०००।-(तिस हजार)) को शेयर खरिद गर्नु पर्छ तपाईलाई ४ प्रतिशत व्याजदरमा महिला उद्यमी ऋण उपलब्ध गराउछु भनेपछि मैले सो रकम बराबरको शेयर खरिद गरेपछी प्रतिवादी शम्भु प्रसाद रौनियार समेतले मलाई उमागौरी कृषि सहकारी संस्थामा बोलाई बिभिन्न कागजात फारमहरुमा सहीछाप गराई नगद रु.३,००,०००।- (तिन लाख) नगदै दिएपछी मैले महिनावारी रुपमै सो ऋण वापतको किस्ता नगद रु.७,०००।- (सात हजार) भन्दा बढी क्रमिक रुपमा सहकारीमा गई बुझाई राखेको थिएँ । मिति २०८०।०४।०८ गते पनि मैले सो सहकारीको शाखा कार्यालय आमबारी शाखामा किस्ता वपत नगद रु.४०,०००।- (चालिस हजार) बुझाएको थिएँ । सो किस्ता बुझाए पछी सो

सहकारीका शम्भु प्रसाद रौनियार समेतले बचतकर्ता।सेयरकर्ता तथा ऋणीहरुको रकम खाएर भागेको भन्ने हल्ला सुनेको र सहकारीको कार्यालय समेत बन्द अवस्थामा देखी किस्ता बुझाउन नसकेको अवस्थामा करिब ४ महिना पछाडी मलाई नबिल बैंक विराटनगर स्थित महेन्द्र चोक शाखाबाट फोन गरी तपाईले उमागौरी सहकारी मार्फत यस बैंकबाट नगद रु.१०,००,०००।- (दश लाख) ऋण लिनु भएको छ, तुरुन्त किस्ता तिर्नु भनेपछि मैले आफ्नो कुनै सम्बन्ध समेत नभएको नबिल बैंकबाट कुन ऋण रकम मेरो नाममा रहेछ भनी बुझ्न गई म संचालक रहेको SK General storeको स्टेटमेन्ट माग गरी हेर्दा प्रतिवादी शम्भु प्रसाद रौनियारले मैले उमागौरी सहकारीमा ऋण लिने क्रममा बिभिन्न कागजातहरुमा सहीछाप गराई मेरो नामको चेक समेत बनाई खाली चेकमा सही गराई निज प्रतिवादीहरुले सो चेकलिई सन् २०२१।०४।११ गते रु.९,९३,०००।- (नौ लाख त्रियानब्बे हजार) बुझेको देखेपछि म आश्चर्यमा परी नविल बैंकका कर्मचारीहरुलाई मेरो खातामा मेरो जानकारी बिना यति ठुलो रकम ऋण कसरी उपलब्ध गराउनु भयो भनी सोधपुछ गर्दा शाखा प्रमुख समेतले यो कुरा शम्भु प्रसाद रौनियारलाई सोध्नु हामी केही पनि जान्दैनौ भनी उल्टै मुद्दा लगाईदिने खाता ब्ल्याक लिष्ट गरी दिने कारोबार रोक्का गरी दिने लगायतका विभिन्न किसिमका धाकधम्कीहरु दिई बैंकबाट पठाईदिएको थिएँ । यसरी प्रकरण ३ मा उल्लेखित प्रतिवादीहरुले उमागौरी सहकारी संस्थामा मलाई विभिन्न कागजमा सहीछाप गराई नबिल बैंकसंग साँठगाँठ गरी मैले संचालन गरेको SK General store नाममा रु.१०,००,०००।- (दश लाख) कर्जा स्विकृत गराई लिई खाई मासी फरार भएको र मैले उमागौरी सहकारीबाट लिएको जम्मा रु.३,००,०००।- (तिन लाख) ऋण मध्ये किस्ता बुझाई हाल जम्मा रु.१,८१,९०८।- (एक लाख एकासी हजार नौ सय आठ) साँवा, ब्याज रकम जम्मा रु.३५,४६४।- (पैतिस हजार चार सय चौसाठी) बुझाई सकेको छु, मैले ऋण रकम चुक्ता गर्न बाँकी रु.१,१८,०९२।- (एक लाख अठार हजार बयानब्बे) र ब्याज बाँकी रहेकोमा प्रतिबादीहरुले के-कसरी नबिल बैंक संग साँठगाठ गरी मैले संचालन गरेको SK General store को नाममा रु.१०,००,०००।- (दश लाख) ऋण स्विकृत गराई प्रतिबादीहरुले नै लिई ठगी गरेको हुनाले निज प्रतिवादीहरुलाई कानुन वमोजिम कारबाही गरी, सयेर वापत जम्मा गरेको रकम रु.३०,०००।- (तिस हजार), सो सहकारीमा मैले ऐच्छिक बचत गरेको रकम रु.१,९२८।- (एक हजार नौ सय अठ्ठाईस) समेत गरी जम्मा नगद रु.१०,३१९२८।- (दश लाख एकतिस हजार नौ सय अठ्ठाईस) समेत प्रतिवादीहरुबाटै दिलाई भराई पाउँ भन्ने समेत व्यहोराको **सरस्वती कुमारी ताजपुरियाले दिएको जाहेरी दरखास्त।**

<u>भगिरथ गोढी बहरदारको जाहेरी</u>ः- मैले श्रीमती अनिता कुमारी बहरदारको नाममा हरी ओम ईलेक्ट्रिनिक पसल संचालन गर्दै आईरहेको छु। प्रतिवादीहरु शम्भु प्रसाद रौनियार अध्यक्ष भई संचालनमा रहेको श्री उमागौरी कृषि सहकारी संस्थाको आमबारी शाखामा कार्यरत बजार प्रतिनिधी कलेक्टरहरुले मेरो पसलमा आई आकर्षक ब्याज दिने र पैसा पनि बचत हुने ऋण चाहिएको बखत सजिलै ऋण लिन पाईने लगायतको विभिन्न प्रलोभनहरु देखाएपछि म प्रतिवादीहरुको विश्वासमा परी मैले प्राय दैनिक रुपमा बचत पास बुकमा रकम ईन्ट्री गर्न लगाई बचत गर्दै आईरहेकोमा आज भन्दा अन्दाजी ३ बर्ष पहिले मलाई व्यापार व्यवसाय बढाउन ऋण आवश्यकता परेको हुँदा मैले ऋण सम्बन्धमा बजार प्रतिनिधीहरुसँग कुराकानी गर्दा निजहरुले संस्थाको अध्यक्ष शम्भु प्रसाद रौनियारसँग कुराकानी गर्नु भनेपछी म कर्सिया स्थित संस्थाको अध्यक्ष प्रतिवादी शम्भु प्रसाद रौनियारसँग उमागौरी सहकारीको कार्यालयमा गई नगद रु.५,००,००।- (पाँच लाख) ऋणको लागी कुराकानी गर्दा निजले मलाई सस्तो व्याजदरमा महिला उद्यमी ऋण उपलब्ध गराउने र उक्त ऋण लिन मैले उमागौरी सहकारीको शेयर सदस्य हुन पर्ने सदस्यताको लागी मैले रु.५०,०००।- (पचास हजार हजार) बुझाउनु पर्न। अन्य पैसा सेवा शुल्क विमा वापत कट्टी हुने भनी बताएपछी मैले पनि सस्तो व्याजदरमा ऋण पाईने भ्रममा परी निजले भने बमोजिमका बिभिन्न कागजातहरुमा सहीछाप गराएपछी मैले पनि कागजहरुमा सही छाप गरेको केही दिन पश्चात प्रतिवादी शम्भु प्रसाद

रौनियारले मसँग नविल बैंकको चेकमा हस्ताक्षर गराएको थियो सोको केही दिनमै निज प्रतिवादीले मलाई उमागौरी कृषि सहकारी संस्थामा बोलाई रु.५,५०,०००।- (पाँच लाख पचास हजार) करिब १ बर्ष लगाई पटक पटक गरेर नगदै दिएका थिए। सो पश्चात एकाएक उक्त संस्थाको आमबारी शाखा बन्द भएको र कर्सिया स्थित सहकारी संस्था कहिले बन्द हुने कहिले खुल्ने र बचत तथा ऋण रकम समेत उठाउन नआएको हुँदा मैले नविल बैंक बिराटनगर महेन्द्र चोक शाखामा स्वंयम उपस्थित भई मेरो ऋण रकम सम्बन्धमा बुझ्दा प्रतिबादी शम्भु प्रसाद रौनियारले मेरो जिल्ला मोरङ रतुवामाई न.पा.वडा नं.४ स्थित रहेको कित्ता नं.१३६ र ७२८ को ५ कठ्ठा ५ धुर जग्गा धितो राखी नबिल बैंक बाट नगद रु.१०,००,०००।- (दश लाख) कर्जा स्विकृत गराई उक्त स्विकृत भएको कर्जा रकम सम्बन्धमा मलाई कुनै जानकारी नगराई बैंक संग साँठगाँठ गरी रकम प्रतिबादीहरुलेनै खाईमासी सकेको भन्ने बुझेको थिए। प्रतिवादी शम्भु प्रसाद रौनियारले अन्य पदाधिकारीहरुको मिलेमतोमा मलाई सहकारीले पटक पटक गरेर रु.५,५०,०००।- (पाँच लाख पचास हजार) कर्जा दिई निज प्रतिबादीहरुले नबिल बैंकसंग साठगाँठ गरी मेरो पसलको नाममा रु.१०,००,०००।- (दश लाख) ऋण निकाली ठगी गरी फरार भएको हुँदा निम्न विवरण अनुसारको रकम प्रतिवादीबाट दिलाई भराई कानून बमोजिम हदैसम्मको कारवाही गरी पाउँ भन्ने समेत व्यहोराको **भगिरथ गोढी बहरदारले दिएको जाहेरी दरखास्त।**

<u>उपेन्द्र बिक्रम सरदार समेतको जाहेरीः-</u> प्रतिवादी शम्भु प्रसाद रौनियार अध्यक्ष भई संचालक समिति रहेको जिल्ला मोरंग धनपालथान गा.पा. वडा नं. ४ कर्सिया स्थित संचालनमा रहेको श्री उमागौरी कृषि सहकारी संस्था लिमिटेडका बचतकर्ता तथा ऋणीहरु हौ । सामान्य जिवन स्तर भएका हामी जाहेरवालाहरुले दैनिक जीवन तथा काम व्यवसाय गरी कमाएको सम्पुर्ण आम्दानीहरु उल्लेखित प्रतिवादीहरुले संचालक गरेको उमागौरी कृषि सहकारी संस्था लिमिटेडमा बचत गर्दा केही व्याज पनि पाईने सोच राखि उमागौरी कृषि सहकारीले खटाएका बजार प्रतिनिधी संकलकहरुबाट नियमित रुपमा रकम बचत गर्दै आईरहेकोअवस्थामा संचालक समितिका सदस्यहरुले उमागौरी कृषि सहकारी संस्थाका प्रकरण ३ मा उल्लेखित प्रतिबादीहरुले थोरै ब्याजदरमा महिला उद्यमशिल कर्जा दिने प्रलोभनमा पारेपछी हामी जाहेरवालाहरुले संचालक समितिको विश्वासमा परि विभिन्न मिति र समयमा निम्नमा उल्लेखित रकम बराबरको रकम उमागौरी कृषि सहकारी संस्थामा कागजातहरुमा हस्ताक्षर गरीम जाहेरवाला उपेन्द्र बिक्रम सरदारले आफ्नो श्रीमती लक्ष्मी कुमारी चौधरी, म जाहेरवाला कृष्ण प्रसाद अर्यालले मेरो श्रीमती सिता लम्साल अर्याल र म जाहेरवाला राज किशोर कामतले आफैले संचालन गरेको सगियान ट्रेडसको नाममा ऋणहरु लिएकोमा हामीले उमागौरी सहकारी संस्थामा लिएको ऋण भन्दा दोब्बर तेब्बर ऋण रकम हाम्रो नामको कागजातहरु प्रयोग गरी हाम्रै नाममा नविल बैंक लिमिटेडका विराटनगर शाखा प्रमुख लगायतका कर्मचारीहरुसँग गठमेल साठगाठ गरी हाम्रो उपस्थिती र कुनै सोधपुछ समेत नगरी हाम्रो नाममा ऋण दिएको र नविल बैंकमा हाम्रो नाममा पास भएको ऋण मध्ये केही प्रतिशत ऋण मात्र उमागौरी कृषि सहकारी संस्थाले हामीलाई दिई अन्य रकम आफै राखी हाम्रो नामको ऋण आफैले भोगचलन गरी अपचलन गरेको, हामीले लिएको ऋणको सावा तथा ब्याज समेत नियमित रुपमा उमागौरीका सहकारी संस्थाका कलेक्टरहरु मार्फत दिदै आएपनि हामीले दिएको रकम नविल बैंकमा दाखिला नगरी उक्त रकम समेत आफै भोगचलन गरी अपचलन गरि ठगी गरेको हुँदा निज प्रतिवादीहरु लगायतसो ठगी गर्ने कार्यमा अन्य कोही संलग्न भएमा अनुसन्धान गरी सहकारी ऐन अन्तर्गत अनुसन्धान तथा कारवाही गरी गरी हामी जाहेरवालाहरुको रकम फिर्ता गरी पाँउ भन्ने समेत व्यहोराको **उपेन्द्र बिक्रम सरदार समेतले दिएको जाहेरी दरखास्त।**

<u>निर्मला कुमारी राजबंशीको जाहेरी</u>ः- मैले निर्मला कपडा उद्योग संचालन गर्दै आईरहेको छु। प्रतिवादी शम्भु प्रसाद रौनियारले संचालन गरेको श्री उमागौरी कृषि सहकारी संस्थाको आमबारी शाखामा कार्यरत बजार प्रतिनिधी

कलेक्टरहरुले मेरो पसलमा आई आकर्षक ब्याज दिने र पैसा पनि बचत हुने ऋण चाहिएको बखत सजिलै ऋण लिन पाईने लगायतको विभिन्न प्रलोभनहरु देखाएपछि म निज कलेक्टरहरुको विश्वासमा परी मैले प्राय दैनिक रुपमा बचत पास बुकमा रकम ईन्ट्री गर्न लगाई बचत गर्दै आईरहेकोमा आज भन्दा अन्दाजी ३ बर्ष पहिले मलाई व्यापार व्यवसाय बढाउन ऋण आवश्यकता परेको हुँदा मैले ऋण सम्बन्धमा बजार प्रतिनिधीहरुसँग कुराकानी गर्दा निजहरुले संस्थाको अध्यक्ष शम्भु प्रसाद रौनियारसँग कुराकानी गर्नु भनेपछी म कर्सिया स्थित संस्थाको अध्यक्ष प्रतिवादी शम्भु प्रसाद रौनियारसँग उमागौरी सहकारीको कार्यालयमा गई कुराकानी गर्दा निजले मलाई सस्तो व्याजदरमा महिला उद्यमी ऋण उपलब्ध गराउने र उक्त ऋण लिन मैले उमागौरी सहकारीको शेयर सदस्य हुन पर्ने सदस्यताको लागी मैले रु.१,७३,०००।- (एक लाख त्रिहत्तर हजार) बुझाउनु पर्न र मलाई रु.५०,०००।- (पचास हजार) को मात्र बिल भौचर दिने अन्य पैसा सेवा शुल्क विमा वापत कट्टी हुने भनी बताएपछी मैले पनि सस्तो व्याजदरमा ऋण पाईने भ्रममा परी निजले भने बमोजिमका बिभिन्न कागजातहरुमा सहीछाप गराएपछी मैले पनि कागजहरुमा सही छाप गरेको केही दिन पश्चात प्रतिवादी शम्भु प्रसाद रौनियारले मसँग नविल बैंकको चेकमा हस्ताक्षर गराएको थियो सोको केही दिनमै निज प्रतिवादीले मलाई उमागौरी कृषि सहकारी संस्थामा बोलाई रु.२,००,०००।- (दुई लाख) नगदै र अन्य रु.८,००,०००।- (आठ लाख) मेरो कृषि विकास बैंकको खातामा जम्मा गरी दिएका थिए। सो पश्चात मैले प्राय दैनिक रुपमा उमागौरी सहकारीको बजार प्रतिनिधीहरु मार्फत ऋण खातामा रकम ईन्ट्री गराई बुझाउदै आईरहेको अवस्थामा एकाएक उक्त संस्थाको आमबारी शाखा बन्द भएको र कर्सिया स्थित सहकारी संस्था कहिले बन्द हुने कहिले खुल्ने र बचत तथा ऋण रकम समेत उठाउन नआएको हुँदा मैले नविल बैंक बिराटनगर महेन्द्र चोक शाखामा स्वंयम उपस्थित भई मेरो ऋण रकम सम्बन्धमा बुझ्दा मैले सहकारी संस्थामा बुझाउदै आईरहेको रकम सहकारी संस्थाले आफ्नो प्रतिनिधीहरु मार्फत केही रकम बुझाएपनी धेरै रकम प्रतिवादी शम्भु प्रसाद रौनियारले अन्य पदाधिकारीहरुको मिलेमतोमा मैले बुझाएको किस्ता रकम खाने पचाउने नियतले ठगी गरी आफैसँग राखेको हुँदा निम्न विवरण अनुसारको रकम प्रतिवादीबाट दिलाई भराई प्रतिवादीहरुलाई कानून बमोजिम हदैसम्मको कारवाही गरी पाउँ भन्ने समेत व्यहोराको **निर्मला कुमारी राजवंशीले दिएको जाहेरी दरखास्त।**

<u>बिरेन्द्र कुमार साहको जाहेरी</u>ः- म जाहेरवाला आफ्नो स्थायी वतनमा मेरो श्रीमती आकृति कुमारी गुप्ता साहले शिवम टेलर्स संचालन गर्दै आईरहेको छिन। प्रतिवादी शम्भु प्रसाद रौनियार अध्यक्ष रही संचालमा रहेको श्री उमागौरी कृषि सहकारी संस्थाको आमबारी शाखामा कार्यरत बजार प्रतिनिधी कलेक्टरहरुले मेरो पसलमा आई आकर्षक ब्याज दिने र पैसा पनि बचत हुने ऋण चाहिएको बखत सजिलै ऋण लिन पाईने लगायतको विभिन्न प्रलोभनहरु देखाएपछि म प्रतिवादीहरुको विश्वासमा परी मैले प्राय दैनिक रुपमा बचत पास बुकमा रकम ईन्ट्री गर्न लगाई बचत गर्दै आईरहेकोमा आज भन्दा अन्दाजी ३ बर्ष पहिले मलाई व्यापार व्यवसाय बढाउन ऋण आवश्यकता परेको हुँदा मैले ऋण सम्बन्धमा बजार प्रतिनिधीहरुसँग कुराकानी गर्दा निजहरुले संस्थाको अध्यक्ष शम्भु प्रसाद रौनियारसँग कुराकानी गर्नु भनेपछी म कर्सिया स्थित संस्थाको अध्यक्ष प्रतिवादी शम्भु प्रसाद रौनियारसँग उमागौरी सहकारीको कार्यालयमा गई नगद रु.२,००,०००।- (दुई लाख) ऋणको लागी कुराकानी गर्दा निजले मलाई सस्तो व्याजदरमा महिला उद्यमी ऋण उपलब्ध गराउने र उक्त ऋण लिन मैले उमागौरी सहकारीको शेयर सदस्य हुन पर्ने सदस्यताको लागी मैले रु.२५,०००।- (पच्चिस हजार हजार) बुझाउनु पर्ने भनी बताएकोले मैले शेयर सदस्यताको लागी भने बमोजिमको रकम दिई विभिन्न फारमहरु भर्न लगाएको थियो, सो फारमहरु भरेको केही दिनमा प्रतिवादी शम्भु प्रसाद रौनियारले म र श्रीमतीलाई कर्सिया शाखामा बोलाई रु.२,००,०००।- (दुई लाख) ऋण दिएका थिए। ऋण दिएपछी हामीले आमबारी शाखाको कलेक्टरहरु मार्फत प्राय दैनिक रुपमा बचत तथा

ऋण रकमहरु बुझाउदै आईरहेका थियौ। सो पश्चात एकाएक उक्त संस्थाको आमबारी शाखा बन्द भएको र कर्सिया स्थित सहकारी संस्था कहिले बन्द हुने कहिले खुल्ने र बचत तथा ऋण रकम समेत उठाउन नआएको हुँदा मैले नविल बैंक बिराटनगर महेन्द्र चोक शाखामा स्वंयम उपस्थित भई मेरो ऋण रकम सम्बन्धमा बुझ्दा प्रतिबादी शम्भु प्रसाद रौनियारले मेरो श्रीमती आकृती कुमारी गुप्ता साहको नाममा नबिल बैंक बिराटनगर कन्चनबारी शाखाबाट नगद रु.१०,००,०००।-(दश लाख) कर्जा स्विकृत गराई उक्त स्विकृत गराई उक्त रकम शम्भु प्रसाद रौनियारको निर्देशनमा मो.नजामुद्दिन नामको व्यक्तिले देखिएपछी मैले उक्त कर्जा रकम सम्बन्धमा मलाई कुनै जानकारी नगराई बैंककै कर्मचारीहरुसँग साँठगाँठ गरी रकम प्रतिबादीहरुलेनै खाईमासी सकेको भन्ने बुझेको थिए । प्रतिवादी शम्भु प्रसाद रौनियारले मलाई रु.२,००,०००।- (दुई लाख) कर्जा दिई निज प्रतिबादीले नबिल बैंकसंग साठगाँठ गरी हाम्रो पसलको नाममा रु.१०,००,०००।- (दश लाख) ऋण निकाली ठगी गरी फरार भएको हुँदा निम्न विवरण अनुसारको रकम प्रतिवादीबाट दिलाई भराई प्रतिवादीहरुलाई कानून बमोजिम हदैसम्मको कारवाही गरी पाउँ भन्ने समेत व्यहोराको **बिरेन्द्र कुमार साहले दिएको जाहेरी दरखास्त।**

<u>दुर्गादेवी सहनीको जाहेरी</u>ः- मैले समिर रेडिमेड फेन्सी स्टोर पसल संचालन गरी जिबिकोपार्जन गरि रहेको छु। यस्तैमा उमागौरी सहकारी संस्थाबाट सस्तो ब्याजदरमा ऋण पाईने भन्ने हल्ला सुनी मैले सो सहकारी कार्यालय कर्सियामा गई प्रतिवादी शम्भु प्रसाद रौनियारसंग ऋण सन्बन्धी कुराकानी गर्दा निजले मलाई पहिले शेयर सदस्य हुनु पर्छ त्यसको लागी रु.५०,०००।-(पचास हजार) रुपैया तिरेर उमागौरी कृषि सहकारीको सदस्य हुन पाउने सेयर रकम कर्जा तिरेपछी फिर्ता दिन्छु, तपाईको जग्गा धितो राख्नु पर्छ, तपाईहरुलाई नगद रु.५,००,०००।- (पाँच लाख) महिला उद्दमी ऋण चाडै दिन्छु भनेपछी मैले पनि व्यापार व्यवसाय बढाउन सस्तो व्याजदरमा ऋण पाईने लोभमा परी निज प्रतिवादीले भने बमोजिमनै सोही सहकारीमा कार्यरत माथी उल्लेखित प्रतिबादीहरुले भने बमोजिमको जग्गा धनी लालपुर्जा ल्याई विभिन्न फारम र कागजहरुमा सहीछाप गराई मलाई २०७८ सालको जेष्ठ महिना गते याद भएन सहकारी कार्यालय कर्सियाबाट मेरो कर्जा रकम स्विकृत भई सकेको छ लिन आउनु भनी जानकारी गराएकोले म सो सहकारी कार्यालय कर्सियामा गई सो सहकारीका अध्यक्ष प्रतिवादी शम्भु प्रसाद रौनियारसंग भटी निज प्रतिबादीले मलाई नगदै रु.५,००,०००।- (पाँच लाख) कर्जा रकम दिएकोमा मैले सो कर्जा रकमको किस्ता वापत महिनै पिच्छे नगद रु.१०,०००।- (दश हजार) भन्दा माथिको रकम सहकारीमा बुझाई साँवा र ब्याज घटाउदै आईरहेको अवस्थामा जम्मा मैले रु.१,२३, ५००।- (एक लाख तेईस हजार पाँचसय) तिरी सकेपछी सो सहकारीको अध्यक्ष सहीतका पदाधिकारीहरुले बचतकर्ता सेयरकर्ता तथा ऋणीहरुको करोडौ रकम ठगी गरी फरार भएको भन्ने हल्ला सुनी म आफुले कर्जा लिएको नबिल बैंक विराटनगरमा शाखामा गई बुझ्दा निज प्रतिबादी शम्भु प्रसाद रौनियार समेतले मेरो समिर रेडिमेड फेन्सी स्टोरको नाममा रु.१०,००,०००।- (दश लाख) ऋण स्विकृत गराई निज प्रतिबादी शम्भु प्रसाद रौनियारको गाडीमा चालक काम गर्ने मोहमद निजामुद्दिनले मिति २०७८।०२।०२ गते सम्पुर्ण रकम बुझी मलाई रु.५,००,०००।- (पाँच लाख) मात्र दिई ठगी गरेको भन्ने थाहा पाएको हुँ । यसरी प्रतिवादीहरुले मलाई विभिन्न कागजमा सही छाप गराई नबिल बैंक संग साँठगाँठ गरी मेरो स्विकृत भएको रु.१०,००,०००।- (दश लाख) कर्जा मध्ये मलाई रु.५,००,०००।- (पाँच लाख) मात्र दिई ठगी गरेको तथा निज प्रतिबादीहरुले सेयर सुल्क भनी म बाट ५०,०००।- (पचास हजार) समेत लिई जम्मा रु.५,५०,०००।- (पाँच लाख पचास हजार) ठगी गरेको हुँदा सम्पुर्ण रकम फिर्ता दिलाई निज प्रतिवादीहरुलाई कानुन वमोजिम कारबाही गरी मैले नलिएको रकमको ब्याज नबिल बैंकबाट फिर्ता दिलाई पाउँ भन्ने समेत व्यहोराको **दुर्गादेवी सहनीले दिएको जाहेरी दरखास्त।**

लघुबित्त लिमिटेड समेतको कागजातहरु राखेको क्लियर ब्याग थान १, उमागौरी सहकारी संस्थाको बिभिन्न योजनाहरु उल्लेख भएको कार्ड कर्जा भुक्तानको लागि लक्ष्मी कुमारी साह, खुस्बु दास, बिष्णुद्व ताजपुरियार, योजनी खवास, सुनिता भगतलाई लेखेको पत्र, खामबन्दीमा निज मानिसहरु फेला नपरेको भनि हुलाकले फिर्ता गरेको खामबन्दी सहितको पत्रहरु थान ५ र सोही अनुसारको लक्ष्मी राउत फेला नपरी फिर्ता आएको खामबन्दी १, न्यु राधा ज्वेलरीको सुनको रिङ बनाएको बिल थान १, नबिल बैंकले खुसबुन खातनुको नाममा काटेको पत्र पाना १, जिल्ला सहकारी संघ लिमिटेड मोरङको पत्र १, मात्रिक प्रसाद राजबंशी रु.१,००,०००।-, जसोदा कुमारी साह रु.१,००,००।-, शम्भु प्रसाद सिंह रु.१,५०,०००।-, श्याम कुमारी खवास रु.५०,०००।-, प्रतिमा देवी गनगाई रु.३,००,००।-, मनटुन ठाकुर रु.२,००,०००।-, सिता कुमारी रिजाल रु.२,२५,०००।, पर्शुराम रौनियार ३,००,०००।-, राधादेवी पासवान ७,००,०००।-, आशादेवी रौनियार २५,०००।-, निर्दली कुमार राजबंशी ४,००,०००।-, लक्ष्मी प्रसाद प्रसाई ५०,०००।-, पर्शुराम रौनियार १०,०००।-, गिता न्यौपाने ५,०००।, निर्दली राजबंशी १,००,०००।, पुर्णिमा देवी मण्डल २,००,०००।, ओम चौधरी ५०,०००।, पुर्णदेवी पासवान १,००,०००। प्रतिक्षा राणा मण्डल ५०,००० ऋण लिएको भनि नेपाली फायलमा छुट्टाछुटै राखिएको । संजिता पासवानको नाममात्र उल्लेख गरी मिति २०७९।०८।२० गते ऋण बापत रु.६,००,०००। बुझेको भौचर कागज पाना १, मेघा बैंकको उमागौरी कृषि सहकारी संस्थाको बैंक स्टेटमेण्ट कागजात खामबन्दी (खाम खुल्ला रहेको), संगिता कडरिया आचार्य, रंजिता राजबंशी अमरदह लेखिएको तमसुक निवेदन समेत राखेको क्लियर ब्याग, उमागौरी कृषि सहकारी संस्थाको २०७६।१२।०५ गतेको प्रेष विज्ञप्ती थान १, धनपालथान गा.पा. वडा नं. ४ को पत्र थान २, पुजा साह गुप्ताले ल्याप्चे लगाएको १ लाख र ५० हजार रकम लेखी तमसुक गरेको कागज पाना ३, उमागौरी कृषि सहकारीमा दधिराम पासवानले रु.७ लाख लोनको लागि दृष्टिबन्धक राखेको कागज र मालपोत कार्यालय रंगेलीको पत्र समेत पाना २, उमागौरी सहकारीको कार्यकारी अध्यक्ष शम्भु प्रसाद रौनियारले ७० लाख लोनको लागि आरएनडिसि संग गरेको सम्झौता कागज पाना १, शम्भु प्रसाद रौनियारले ४९ लाखमा सुवोद कुमार राजबंशीको जग्गा खरिद गरेको राजिनामा कागज पाना ३, रुवि कुमारी पासवानले ऋण रकम १ लाख बुझेको भौचर पाना १, मनोज कामत १५ हजार र १ लाख ऋण बुझेको कागज पाना २, गूरुदयाल मण्डलले ३० हजार बुझेको कागज पाना १, उमागौरी सहकारीको २८ औ संचालक समितिको बैठक पाना २, शर्मिला कुमारी मण्डलले रु.१० लाख ऋणको लागि गरेको तमसुक कागज, निवेदन र खाली भौचर पाना ३, मो. सादिक हकले रु.१० लाख ऋणको लागि गरेको तमसुक कागज, निवेदन र खाली भौचर पाना ४, खाली तमसुक र भौचरमा रुवी भनि सहिछाप गरेको कागज पाना २, खाली तमसुक,निवेदनमा सहिछाप गराई भौचरमा १० लाख बचत लेखेको प्रमिला भनि सहिछाप गरेको कागज पाना ३, मुन्नीलाल केवटले ३ लाख बुझेको भरपाई कागज पाना १, युगेश लामाले सेयर रकम १ लाख बुझेको भौचर थान १, जितन सहनीले सेयर १ लाख २२ हजार बुझेको भौचर थान १, उमागौरी सहकारीको बचतको प्रकार र ब्याजदर उल्लेख गरेको कागज पाना १, भोजनी खवासको नामको मालपोत रसिद र चारकिल्ला कागज पाना २, भोजनी खवासको लालपुर्जा सक्कल, बिभिन्न मानिसहरुको नाम र रकम उल्लेख भएको लिखत पाना ७, धर्मचन्द्र राजबंशीको सक्कल लालपुर्जा पाना १, यसोदा कुमारी राजबंशीले ३० लाख बुझेको (नाम र सहि मात्र गरेको) भौचर र तमसुक कागज पाना ३, सुवोध कुमार राजबंशी नाम मात्र उल्लेख गरी सहिछाप गरी २५ लाख बुझेको भौचर र तमसुकमा नाम समेत उल्लेख नभई सहिछाप गरेको पाना २, शम्भु प्रसाद रौनियार र आरएमडिसि ५० लाख ऋण सम्झौता भएको कागज पाना १, जितन सहनीले १ लाख सेयर बुझेको भौचर पाना १, मेघा बैंकले उमागौरी कृषि सहकारी संस्थालाई १ करोड २ लाख ५६ हजार ऋण दिने प्रयोजनार्थ गरेको धितो संरक्षण कागज पाना १, NIC

Asia बैंकको पत्र पाना १, उमागौरी सहकारी संस्थाले सेन्चुरी कर्मसियल बैंकलाई सहमती बारे लेखेको पत्र पाना १, २०७५।०४।०१ देखी ०७६।०३।१७ गते उल्लेख भएको कागज पाना २, ०७६।०४।०९ गते उमागौरी सहकारी संस्थाको ०३ औ संचालक समितिको बैठक पाना ३, शम्भु प्रसाद रौनियारले लक्ष्मी शाहीलाई ५०१५० रकम पठाएको बिल पाना १, २०७६।०४।०९ गते उमागौरी सहकारी संस्थाले सेन्चुरी बैंकलाई ऋण उपलब्ध गराई दिन भनि लेखेको पत्र पाना १, शाखा कार्यालयको नाम, बचतकर्ताहरुको नाम लेखी बचत फिर्ता नभएको कारणले गर्दा फिल्डमा जानको साथै अफिसमा बस्न गाह्रो भएको छ । ५ हजार भन्दा फिर्ता नोट गरेको छैन भनि लेखेको कागज पाना २, टेनिका कन्ट्रक्सन प्रा.लि. र दिलमाया राई बिच घर निर्माणको लागि गरेको सम्झौता पाना १, आरएसडि लघुबित्तको पत्र पाना २, माछापुच्छ्रे बैंक मिति २०७६।०६।२३ बाट ऋणीको नाममा जारी गरेको Credit facility letter मा उल्लेखित सर्त तथा बन्देजहरु स्वीकार गर्दछौ भनि शम्भु प्रसाद रौनियार समेतले सहि गरेको कागज पाना १, उमागौरी सहकारी र शम्भु प्रसाद रौनियार बिच घर भाडामा दिने सहमती कागज पाना २, शम्भु प्रसाद रौनियार र अवधेस साह बिच घरभाडा सम्झौता पाना २, शम्भु प्रसाद रौनियार र चन्दन प्रसाद यादव बिच घरभाडा सम्झौता पाना २ २०७०।०७।२७ गते गड्तौला एण्ड एसोसिएट लेखा ब्यवसायी संस्थाले उमागौरी उमागौरी सहकारी संस्थाको लेखापरिक्षणको शिलसिलामा देखिएको कैफियतहरु बारेमा लेखेको पत्र पाना १, कृषि बिकास बैंक काठमाण्डौलाई लेखेको पत्र पाना १, २०६६।०९।१६ गतेको उमागौरी सहकारीको बैठक कागज पाना १, शम्भु प्रसाद रौनियार जग्गा खरिदको लागि गरेको कागज पाना २, २०७५।१०।०२ गतेको उमागौरी सहकारीको बैठक कागज पाना १, दिलिप कुमार महत्तोको नाममा १० लाख बुझाएको भरपाई पाना १, सेयर प्रमाण प्रत्रको प्रतिलिपी पाना १, बिभिन्न मितिको लोन रिपोर्टहरु पाना २६, माछापुच्छ्रे बैंकको पत्रसाथ प्राप्त कागजातहरु पाना ३, उमागौरी सहकारीको ९ औ साधारण सभाको बबिरण पाना ४, सगरमाथा ईन्स्योरेन्सको पत्र पाना २, कैलाश बिकास बैंकको पत्रसाथ प्राप्त कागजातहरु पाना ३ ISHU KHUSHI Consultant को कागजातहरु पाना ३, २०७५।०३।०१ देखी ऐ. ३२ सम्मको सन्तुलन परिषण पाना १, २०७४।०४।०१ देखी २०७५।०३।२४ सम्मको ट्रायल ब्यालेन्स पाना १, आरएसडिसिलाई लेखेको पत्र पाना १, oliz Store को बिल पाना १, भौचर कागज पाना १, माछापुच्छ्रे बैंकको पत्र सहित कागजातहरु पाना ४, प्राईभेट फर्म दर्ता र Esewa सम्झौता पत्र पाना १३ बरामद भएको भन्ने समेत ब्यहोराको **बरामदी/खानतलासी मुचुल्का।**

जिल्ला मोरङ कानेपोखरी गा.पा.वडा नं.६ रमाईलो स्थित पुर्वमा रंगेली कानेपोखरी सडक, पश्चिममा तेजेन्द्र पराजुलीको खाली जग्गा, उत्तरमा अन्जना श्रेष्ठको पक्की घर र दक्षिणमा सन्तोष खतिवडाको पक्की घर यती चारकिल्ला भित्रमा रहेको केशव कटुवालको घरमा सटर भाडामा लिएर संचालन गरेको उमागौरी कृषि सहकारी संस्थाको रमाईलो शाखामा ताला लागेको हुँदा स्थानिय जनप्रतिनिधीको रोहवरमा उक्त सटरको ताला फुटाई खानतलासी गर्दा उक्त अफिस कोठामा रजिष्टहरु थान ३१, क्लियर ब्यागहरु थान ६५, फ्लाट फायलहरु थान १३, नेपाली फायलहरु थान २, बिभिन्न ब्यक्तीहरुको नामको पासबुकहरु थान ६२, सेयर प्रमाणपत्रको ठेली थान १ र स्टामप्याडहरु थान ३ समेत फेला परी बरामद हुन आएको भन्ने समेत ब्यहोराको **बरामदी/खानतलासी मुचुल्का।**

जिल्ला मोरङ रतुवामाई न.पा.वडा नं.४ आमबारी स्थित पुर्वमा बिमला राजबंशीको घर, पश्चिममा गिरिजा प्रसाद यादवको घर, उत्तरमा गौरीगञ्ज आमवारी सडक र दक्षिणमा श्रवण राजबंशीको घर यती चारकिल्ला भित्रमा रहेको श्रवण राजबंशीको घरमा संचालनमा रहेको उमागौरी कृषि सहकारी संस्थाको आमबारी शाखाको कमर्चारी आरती राजबंशी मार्फत खोल्न लगाई खानतलासी गर्दा उक्त कार्यालय भित्र हाल सहकारी ऐन बिरुद्धको कसूर

मुद्दामा प्रमाण लाग्ने संस्थाको आय व्यय बिबरण भनि लेखिएको भौचर समेतको कागजातहरु थान १५१, रजिष्टर थान ८ र फ्लाई फायल थान १ फेला परी बरामद हुन आएको भन्ने समेत व्यहोराको **बरामदी/खानतलासी मुचुल्का।**

जिल्ला मोरङ सुनबर्षी न.पा.वडा नं.२ अमरदह बजार स्थित पुर्वमा देविका कर्मचार्यको घर पश्चिममा सडक बाटो उत्तरमा जयश्री गुप्ताको घर र दक्षिणमा रंगलाल राजबंशीको घर यती चारकिल्ला भित्रमा रहेको मिथलेस साहको घरमको भुई तलामा रहेको उत्तरपुर्व पहिलो कोठामा संचालनमा रहको उमागौरी कृषि सहकारी संस्थाको अमरदह शाखा रहेको, हाल संचालन बन्द रहेको उक्त कार्यालयमा खानतलासी गर्दा बिभिन्न रजिष्टरहरु ३३ थान डायरी थान १ पासबुकहरु थान १९१ स्टाप थान २ क्लियर ब्याग थान १७ फ्लाईट फालय थान १४ र नेपाली फायल थान १ फेला परी बरामद भएको भन्ने समेत ब्यहोराको **बरामदी/खानतलासी मुचुल्का।**

<u>३. प्रतिवादी रोशन राजवंशीले गरेको बयानः</u>

उमागौरी कृषी सहकारी संस्था लिमिटेड कर्सिया स्थित मिति २०६८ सालमा स्थापना भएको थियो। उक्त समयमा सहकारीका अध्यक्ष मेरो चिनजानको शम्भु प्रसाद रौनियार हुनुहुन्थ्यो। उक्त संस्था स्थापना भए देखीकै म बचतकर्ता हुँ। मलाई सो समयमा ब्यापारको लागी केही रकम आवश्यक परेको तथा उमागौरी कृषी सहकारी संस्था लिमिटेडले १४% ब्याजदरमा कर्जा दिने भन्ने थाहा पाई म सो सहकारीमा गई अध्यक्ष शम्भु प्रसाद रौनियारसँग कुरा गर्दा निजले मलाई आफ्नो वा आफ्नो एकाघरको कोही कसैको जग्गा धितो राखेर म ऋण निकाल्छु तिमीलाई के-कति चाहिन्छ लानु बाँकी रहेको रकम म संस्था मार्फतबाट लगानी गर्छु र तिमीलाई ब्याजमा सहुलियत गर्छु तर त्यसको लागी तिमीलाई यस सहकारीको संचालक समिती सदस्य बन्नु पर्छ भनेकोले मलाई सो संस्था उस बेला राम्रै चलेको भन्ने बुझी ठिकै होला भनी म सो संस्थामा आबद्ध हुन राजी भएको थिए। मिति २०७१।०६।२६ गते उमागौरी कृषी सहकारी संस्था लिमिटेडको तेश्रो साधारण सभामा मलाई सहकारीले सर्वसम्मतबाट संचालक समितीको सदस्यमा मनोनित गरिएको थियो। म सो सहकारीको संचालक समितीको सदस्य पदमा आबद्ध हुदाको बखत अध्यक्षमा शम्भु प्रसाद रौनियार, उपाध्यक्षमा दिलमाया राई, सचिवमा आलम अंसारी, कोषाध्यक्षमा शम्भु प्रसाद सिंह, सदस्यहरुमा मित्र प्रसाद सिवाकोटी, अशोक कुमार बिश्वास र म समेत ७ जना थियौ। लेखा समितीमा को को हुनु हुन्थ्यो मैले याद गरिन। २०७३ सालमा प्रतिबादी शम्भु प्रसाद रौनियारले मेरो आमा हेम कुमारी राजबंशीको जिल्ला मोरङ धनपालथान गाउँपालिका वडा नं.४ कर्सिया स्थित रहेको २ कित्ताको जम्मा १ कठ्ठा १६ धुर जग्गा सिभिल बैंक विराटनगर शाखामा धितो राखी उमागौरी कृषी सहकारी संस्थाको नाममा रु.८०,००,०००।- (असी लाख) कर्जा स्विकृत गराई मलाई उक्त कर्जा रकमबाट पटक पटक गरी नगद रु.३०,००,०००।- (तीस लाख) दिएको थियो। बाँकी रहेको कर्जा रकम सम्बन्धमा मैले प्रतिवादी शम्भु प्रसाद रौनियारसँग कुरा गर्दा संस्थागत हिसाबले लगानी लगाएको छु, तपाईलाई ब्याजमा केही कम गरिदिउला पछी लगानी उठेपछी जग्गा कर्जा चुक्ता गरी सिभिल बैंकबाट धितो फुकुवा गरी दिन्छु भनी आश्वसन दिएको थियो। यसै विच २०७४ सालमा स्थानिय निकायको निर्वाचनमा म नेपाली काङग्रेस पार्टीबाट धनपालथान गाउँपालिका वडा नं.४ को वडा अध्यक्ष पदको लागी टिकट दिएको र निर्वाचनमा म बिजयी भई वडाअध्यक्ष पदमा म आफ्नै कार्यालयमा ब्यस्त हुने गर्थे। म सहकारीको नामको मात्र संचालक समितीको सदस्य थिए। प्राय कुनै पनि बैठकहरुमा उपस्थित भएको थिईन। सो सहकारीले कहिले काँही बैंक तथा वित्तीय संस्थाहरुबाट कर्जाको लागी भनी प्रतिवादी शम्भु प्रसाद रौनियारले सहकारीका कर्मचारीहरुलाई वडा कार्यालयमा कागजातहरु पठाउने गरेकोमा मैले निज शम्भु प्रसाद रौनियारलाई फोन सम्पर्क गर्दा निजले सहकारीले लगानी गर्नको निमित्त बैंक तथा बित्तीय संस्थाबाट ऋण माग गर्नको लागी आवश्यक कागजात हो तपाईले सही गरिदिनु भनी भन्ने गरेको थियो। बैंक तथा

वित्तीय संस्थाहरुबाट के-कति रकम कर्जा आएको छ भन्ने विषयमा मलाई कुनै जानकारी गराईएको थिएन। मैले बेलाबखत सोधीखोजी गर्दा निज अध्यक्ष शम्भु प्रसाद रौनियार लगायतका अन्य सदस्यहरुले बैंकले कर्जा लगानी गर्न मानेन भनी जवाफ दिने र पुनः अन्य बैंक तथा वित्तीय संस्थाको कागजातहरु ल्याई मलाई सही गराउने गरिएको थियो। मलाई बैंक तथा वित्तीय संस्थाबाट के-कति कर्जा प्रबाह भएको के-कहाँ लगानी लगाईएको छ केही जानकारी थिएन। मिति २०७३।०९।०२ गतेको उमागौरी कृषी तथा सहकारी संस्थाको पाँचौ वार्षिक साधरण सभाबाट सो संस्थामा अन्जला कोईराला समेत संचालक समिति सदस्यको रुपमा मनोनित हुनु भएको थियो। २०७९ सालको फागुण महिनामा संस्थाको अध्यक्ष शम्भु प्रसाद रौनियार र सचिव आमल अंसारी मिया विरुद्ध RSDC लघुवित्त संस्थाले जिल्ला प्रहरी कार्यालय रुपन्देहीमा चेक बाउन्स मुद्धा दर्ता गराई सचिव आलम अंसारी मिया पक्राउ परेपछी मात्र मैले संस्थामा हिनामिना भएको कुरा थाहा पाए पश्चात पटक पटक प्रतिबादी शम्भु प्रसाद रौनियारलाई भेटी लिखत रुपमा राजिनामा समेत बुझाउँदा पनि निजले कुनै सुनुवाई नगरेको तथा म लगायत संस्थाका पदाधिकारीहरुले निजलाई सम्पुर्ण हर हिसाब मिलाउनु, लगानी के भएको छ ? बैंक तथा वित्तीय संस्थाहरुबाट आएको कर्जा रकम के काँहा लगानी गर्नु भएको छ भनी पटक पटक सोधपुछ गर्दा निजले म चाडै मिलाउछु भन्दै भाग्दै हिड्ने गरेको थियो। यसै बिच संस्थाका बिभिन्न बचतकर्ता/सेयरकर्ता तथा ऋणीहरुले प्रदेश सहकारी रजिष्ट्रार तथा प्रशिक्षण कार्यालय कोशी सुनसरीमा निवेदन दिई प्रतिवादी शम्भु प्रसाद रौनियार लगायत म समेतका पदाधिकारीहरु बसेर उपस्थित पीडितहरुसँग छलफल गर्दा १५ दिन भित्र सम्पुर्ण पीडितहरुको रकम फिर्ता गर्ने समेतको सहमती भएकोमा संस्थाको सम्पुर्ण हिसाबकिताब निजै प्रतिबादी शम्भु प्रसाद रौनियारलाई मात्र एकलौटी रुपमा थाहा हुने गरेको हुँदा निज सो मिति देखि नै भागी भागी हिडने गरेको कारण कार्यान्वयन हुन नसकेकोले र म लगायत सहकारी संस्थाको संचालक समितिको अन्य पदाधिकारीहरु समेतले निज शम्भु प्रसाद रौनियारले सहकारी संस्थाको चरम दुरुपयोग गरेको भनी उजुरी दिने तरखर गर्दै गरेको अवस्थामा प्रदेश सहकारी रजिष्ट्रार तथा प्रशिक्षण कार्यालय सुनसरीबाट प्रतिबादी शम्भु प्रसाद रौनियार लगायत हामी संस्थाका अन्य ९ जना पदाधिकारीलाई कानून बमोजिम अनुसन्धान तथा कारबाहीको लागी इलाका प्रहरी कार्यालय रंगेलीमा पत्र पठाएपछी प्रहरीले हामी बिरुद्द सम्मानित अदालतबाट पक्राउ अनुमती लिएको भन्ने जानकारी प्राप्त भएकोले म मिति २०८१।०८।०२ गते प्रस्तुत सहकारी ठगी मुद्धामा म आफै पीडित भएको हुनाले प्रहरी अनुसन्धानमा आवश्यक सहयोग पुराउनको लागी म निवेदनसाथ आफै उपस्थित भएको हुँ। प्रस्तुत मुद्दाको वयानको क्रममा मिसिल संलग्न विभिन्न कागजातहरुमा रहेको मेरो नामको हस्ताक्षरहरु हेर्दा मेरो सक्कल हस्ताक्षर नभई मेरो जस्तै हस्ताक्षर गरिएको धेरै हस्ताक्षरहरु देखेको हुँदा सहकारी संस्थाको रकम हिनामिना गर्ने कार्यमा मेरो कुनै संलग्नता नभई हिनामिना गर्ने सम्पुर्ण कार्य प्रतिवादी शम्भु प्रसाद रौनियारको हुनुपर्छ। उमागौरी कृषि तथा सहकारी संस्था लिमिटेडले ऋण प्रबाह गर्दा मैले थाहा पाए सम्म नगद रु.१,००,०००।- (एक लाख) सम्म बिना धितो र त्यो रकम भन्दा बढी ऋण प्रबाह गर्दा कर्जा लिन आउने मानिसहरुको जग्गा धितो बन्धकी राखेर ऋण लगानी गरिने गरेको बुझेको थिए। तर संस्थाको अध्यक्ष शम्भु प्रसाद रौनियारले आफैले कागजात मिलाई १ लाख भन्दा बढी ऋण रकम समेत बिना धितोनै दिने गरेको रहेछ। निज प्रतिबादी शम्भु प्रसाद रौनियारले ऋण म लगायत संचालक समितिका अन्य पदाधिकारीहरुको सल्लाह बिनानै आफुखुसी कागजातहरु मिलाई बिभिन्न मानिसहरुलाई १ लाख भन्दा बढी रकम समेत बिना धितो ऋण दिने गरेको रहेछ। मिसिल संलग्न उमागौरी कृषी सहकारीको सफ्टवेयरमा उल्लेखित ऋणीहरुको नाम थर हेर्दा प्राय ऋणीहरुले ऋण रकम बुझाई सकेता पनि अपडेट नभएको, ऋणीहरुले लिएको ऋण रकम भन्दा दोब्बर तेब्बर रकम उल्लेख गरि अपडेट गरेको देखिन्छ। निजले ऋणीहरुलाई नबिल बैंकबाट सस्तो ब्याजदरमा महिला उद्यमशिल कर्जा सस्तो निकालीदिन्छौ भनी ऋण निकाली केही प्रतिशत ऋण ऋणीहरुलाई

दिई बाँकी आफैले अपचलन गरेको कुरा पछी सहकारी संस्थाको माध्यमबाट नविल बैंकमा ऋण लिएका ऋणीहरु ठगिएको भनी विभिन्न प्रचार प्रसारहरु हुन थालेपछी म लगायत अन्य संचालक समितिहरुले निज प्रतिवादी शम्भु प्रसाद रौनियारलाई पटक पटक ऋणिहरुको वास्तविक ऋण बाहेक अन्य निजले अपचलन गरेको ऋण फिर्ता गरी हिसाब किताब मिलान गर्नु भनी भन्दा समेत निजले आज भोली भन्दै सबैलाई आलटाल गर्दै अलमल्याउदै आईरहेका थिए। मैले थाहा पाएसम्म २०७८ सालमा उमागौरी कृषी सहकारी संस्था लिमिटेड र नबिल बैंक बिच महिला उद्यमशिल कर्जा सस्तो ब्याजदर ४ प्रतिशतमा बिना धितो ऋण कर्जा दिने भनी सम्झौता भएको रहेछ भनी पछी थाहा पाएको थिए उक्त सम्झौता प्रतिवादी शम्भु प्रसाद रौनियारले एकलौटी रुपमा गरेका रहेछन। नविल बैंकसँग गरिएको सम्झौता पत्रमा म लगायत कुनै पनि अन्य सहकारीको पदाधिकारीको हस्ताक्षर छैन। उमागौरी कृषि सहकारी संस्थालाई दुरुपयोग गरी प्रतिवादी शम्भु प्रसाद रौनियारले के-कति जना ऋणिहरुलाई सो अनुसार ऋण लगानी गरिएको थियो सो मलाई थाहा भएन। सम्झौता अनुसार ऋणिहरुको ऋण स्वीकृत भएको करिब १ वर्ष पछी स्वीकृत ऋण रकम भन्दा कम ऋण ऋणीहरुलाई दिई बाँकी ऋण रकम सहकारीको नाममा प्रतिवादी शम्भु प्रसाद रौनियारले हिनामिना गरेको भन्ने पीडितहरुबाट गुनासो आउन थालेपछी म ऋणीहरुको समस्या लिएर एक पटक नबिल बैंक लिमिटेड विराटनगर महेन्द्र चोक शाखामा गई सो सम्बन्धमा बैंकका तत्कालिन मेनेजर सुवास आचार्यसँग बुझ्दा ऋणीहरुको स्विकृत भएको ऋण रकम निजहरुकै खातामा जम्मा हुने तर ऋणीहरुले के कुन पेपर (एग्रिमेन्ट पेपर) मा सही गरे पश्चात ऋणीहरको स्वीकृत ऋण रकम अन्यले समेत झिक्न पाउने प्रवधान रहेको भनी निजले मलाई बताएपछी मैले प्रतिवादी शम्भु प्रसाद रौनियारलाई भेटी ऋण रकम सम्बन्धमा कुरा गर्दा निजले ऋणीहरुले उमागौरी सहकारी संस्थामा जे जति ऋण रकम माग फारम भरेका थिए सोही रकम मात्र निजहरुलाई ऋण प्रवाह गरिएको थियो, निजहरुको नाममा नविल बैंकबाट निकाशा भएको अन्य ऋण रकम म स्वयमले उपभोग गरेको छु, सबैको हिसाब मिलाई दिन्छु तपाई नआत्तिनु भनी मलाई जवाफ दिएका थिए। निज प्रतिबादी शम्भु प्रसाद रौनियारले नविल बैंकसँग सम्झौता गरी ऋणिहरुको के-कति रकम हिनामिना गरेका छन मलाई यकिन विवरण थाहा छैन। आ.व.२०७४/०७५ सालमा म आबद्ध उमागौरी सहकारीमा संचालक समितीमा अध्यक्ष शम्भु प्रसाद रौनियार, उपाध्यक्ष दिलमाया राई, सचिव आलम अंसारी मिया, कोषाध्यक्ष शम्भु प्रसाद सिंह, सदस्यहरुमा आमोद मण्डल, अंजला कोईराला र म थियौ। लेखा तथा सुपरिवेक्षण समितिमा संयोजक संजिव बिष्ट, सदस्यहरुमा सुरेन्द्र कुमार राजबंशी र प्रमानन्द झा हुनु हुन्थ्यो। आ.व.२०७५/०७६ सालमा लेखा तथा सुपरिवेक्षण समितिको संयोजक संजिब बिष्टको ठाँउमा विजय कुमार यादब र सदस्य प्रमानन्द झाको ठाँउमा असोक कुमार विस्वास प्रवेश गर्नु भएको थियो। अन्य यथावत नै थियौ। आ.व.२०७६/०७७ सालमा सबै संचालक समितिमा यथावत थियौ। आ.व.२०७८/०७९ सालको उमागौरी सहकारीको दशौ वार्षिक साधारण सभाबाट संस्थाको उपाध्यक्ष दिलमाया राई र सदस्य अन्जला कोईरालाको राजिनामा पास भए पश्चात सोही साधारण सभाबाट उपाध्यक्षमा उपसी देवी राजबंशी र सदस्य जितमान ठाकुर, मेरो स्थानमा यसोदा कुमारी राजबंशीलाई चयन गरिएको थियो। अन्य सबै यथावत नै रहेको थियो। २०८० मा भएको १२ औ साधारण सभाबाट संस्थाको उपाध्यक्षमा लक्ष्मण साह चयन गरिएको थियो। सहकारीमा संचालक समितिका सदस्यहरु बिना निर्वाचन प्रतिवादी शम्भु प्रसाद रौनियारले चुनेका/छानेका ब्यक्तिहरु मध्येवाट नै चयन गरिएका हुन। सहकारीका सम्पुर्ण कारोबारको हरहिसाब प्रतिबादी शम्भु प्रसाद रौनियारबाट मात्र हुने गरेको थियो। सहकारीका बचतकर्ताहरु, ऋणीहरु तथा सेयर सदस्यहरुको रकम अपचलन गर्ने सम्पुर्ण कार्य प्रतिवादी शम्भु प्रसाद रौनियारकै हो। तत्कालिन उपाध्यक्ष दिलमाया राईको समेत संलग्नता रहेको छ। संचालक समित सदस्य अन्जला कोईरालाको श्रीमान राजनीतिक रुपमा प्रतिष्ठित व्यक्ति रहेको कारण निज अन्जला कोईरालालाई समेत संचालक समितिमा राखी संस्थाको ख्याती बढ्ने उदेश्यले

प्रतिवादी शम्भु प्रसाद रौनियारले निज अन्जला कोईरालालाई संचालक समितिमा आवद्द गराएका थिए। निज अन्जला कोईराला, म लगायत संचालक समितिका सदस्यहरु समेतले संस्थालाई हालको अवस्थासम्म पुग्न नदिनको लागी आफ्नो दायित्व निर्वाह गर्नु पर्नेमा सो नगर्नु मात्र हाम्रो कमजोरी हुन गएको हो। कर्मचारीहरुमा मैले थाहा पाएसम्म सोनु यादव र मो.नजामुद्दिनको केही संलग्नता रहेता पनि निजहरुले समेत प्रतिबादी शम्भु प्रसाद रौनियारकै निर्देशनमा बचतकर्ता, ऋणिहरुको रकम बैंकमा डिपोजिट गर्ने, भुक्तानी लिने गरेका हुन। संस्था क्रमस धारायासी हुँदै गएपछी म समेतका पदाधिकारीहरुले पटक पटक सहकारीको अध्यक्ष शम्भु प्रसाद रौनियारलाई भेटी तपाईले सहकारीको संम्पुर्ण हर हिसाब मिलाउनुहोस भनी दबाब दिएका थियौ। निजले मैले पैसा चलाएको छु, मिलाउछु भन्नु हुन्थ्यो पछी निज आफै भागी भागी हिड्न थालेपछी हामीले कुनै प्रयत्न गर्न सकेनौ। संस्थामा सबै पदाधिकारीहरुको दायित्व हुने भएकोले संस्था डुब्नुमा म लगायतका संस्थाको सबै पदाधिकारीहरुको जिम्मेवारी हुन्छ भन्ने समेत व्यहोराको **प्रतिवादी रोशन राजवंशीले गरेको बयान।**

४. रंजिता राजबंशीले गरेको कागजः-

उमागौरी कृषी सहकारी संस्था लिमिटेडमा आबद्ध पत्रमा उल्लेखित प्रतिवादीहरु शम्भु प्रसाद रौनियार लगायतका मानिसहरुलाई म चिन्दछु । म मिति २०७६ सालको असार महिना देखी उमागौरी कृषी सहकारी संस्थाको अमरदह शाखामा बजार प्रतिनिधी पदमा काम गर्थे । सो समयमा शाखा प्रमुखमा अजय कुमार लाल दास हुनु हुन्थ्यो । म काम गर्न थालेको करिब १० महिना पछी निज शाखा प्रमुख अजय कुमार लाल दासले राजिनामा दिनु भई जानु भएपछी सो संस्थाको अध्यक्ष शम्भु प्रसाद रौनियारले नया शाखा प्रमुख नआउन्जेल तपाईले शाखा प्रमुखको रुपमा काम गर्नु भनी भनेपछी सोही अनुसार मैले कलेक्टर तथा शाखा प्रमुखको रुपमा समेत काम गरेको थिए । सो शाखामा काम गर्ने कलेक्टर मध्ये जिल्ला मोरङ सुनवर्षी नगरपालिका वडा नं. २ अमरदह बस्ने संजिता आचार्यले विभिन्न बचतकर्ताहरुले बचत गरेको रकम रु.२,५५,०००।- (दुई लाख पचपन्न हजार) हिनामिना गरेको भन्ने मैले थाहा पाई हेड अपिस कर्सिया शाखामा मौखिक तथा मिति २०७७।०७।२० गते लिखित निवेदन सहित जानकारी गराएकी थिए । त्यसको केही दिन पछी म तथा संजिता आचार्य समेतलाई अबिभावकहरु सहीत हेड कार्यालयमा बोलाई हामीले बचतकर्ताहरुको के-कति रकम हिनामिना भएको छ छानबिन गरि रहेका छौ । तपाईले अहिले यो खाली तमसुक कागजमा सही छाप गरेर बिदा बस्नु भन्दा मैले म खाली कागजमा सही गर्दिन बरु के-कति हिनामिना भएको छ, प्रमाणित भएमा तिर्छु भनी भन्दा यो प्रकृया हो तपाईलाई केही हुदैन सहीछाप गर्नै पर्छ भनी मलाई दबाब दिएकोले मैले खाली तमसुक कागजहरु तथा नगद बुझेको खाली भौचर कागजमा समेत सहीछाप गरी मेरो श्रीमान समेत जमानीमा बसी सही छाप गर्नु भएको थियो । त्यस दिन पछी मलाई सहकारीले बोलाएको छैन, सहकारीमा काम गरेको पनि छुईन । हाल प्रहरीले मलाई यस इलाका प्रहरी कार्यालयमा बोलाउँदा मात्र मलाई सो सहकारीका कर्मचारीहरुले खाली तमसुक तथा नगद बुझेको भौचर कागजमा सही छाप लगाई रु. २,००,०००।- (दुई लाख) ऋण बुझेको देखाईएको रहेछ । मैले भौचरमा उल्लेखित ऋण रकम बुझेको होईन । उक्त रकम बुझेको कागज बनाई प्रतिबादीहरुले नै लिएको हुनु पर्छ । यस सहकारी ठगी अपराधमा मेरो कुनै संलग्नता रहेको छैन । यस उमागौरी कृषी सहकारी संस्थाले कुनै पनि शाखा बिस्तार गर्न नपाईने भन्ने कुराको जानकारी मलाई थिएन । प्रतिवादी शम्भु प्रसाद रौनियार समेतले सहकारीका बचतकर्ता/सेयर कर्ता तथा ऋणीहरुको रकम खाईमासी हाल फरार भएको भन्ने थाहा पाएको छु । निज प्रतिबादीहरुलाई कानुन बमोजिम कारबाही गरी बचतकर्ता/सेयर कर्ता तथा ऋणीहरुको रकम सुरक्षित होस भन्ने समेत व्यहोराको **रंजिता राजबंशीले गरेको कागज।**

५. सेजल बस्नेतले गरेको कागजः-

म विराटनगर स्थित मेरील्यान्ड कलेजमा पढने क्रममा करिब २ वर्ष अगाडी बिहानको कलेज भएको र दिउँसो फुर्सदिलो हुने भएकोले केही रोजगार खोजी रहेको बखत हाम्रो टोल नजिकै कर्सिया बजारमा रहेको उमागौरी सहकारी संस्था लिमिटेडमा एसिस्टेन्ड पदमा खाली रहेको भन्ने सुनी म सो सहकारीको कार्यालयमा गई सो सहकारीका अध्यक्ष शम्भु प्रसाद रौनियारलाई भेट गरी कुराकानी हुँदा निजले मेरो डकुमेन्ट चेक गरी मलाई एसिस्टेन्ड पदमा नियुक्ती गर्नु भयो तर निजले मलाई कुनै नियुक्ती पत्र दिनु भएको थिएन। म काम गर्ने क्रममा सहकारीको कार्यालयमा दिनको करिब १२:०० वजेको समयमा आँउदा सहकारीको कार्यालयमा मैले चिनेको दुर्गा राई, चम्पा गिरी, सनम तामाङ, सोनु यादबलाई देख्थे। संचालक समितीका मानिसहरुमा प्राय सहकारीको अध्यक्ष शम्भु प्रसाद रौनियारलाई मात्र देख्थे। अन्य संचालक समितीका सदस्यहरु लक्ष्मण साह, आलम अन्सारी मिया, शम्भु प्रसाद सिंह, आमोद मण्डल, रोशन राजबंशी, जितमान ठाकुर, विजय कुमार यादब, सुरेन्द्र कुमार राजबंशी र असोक कुमार बिश्वासको नाम सुनेको थिए तर चिनाजन थिएन। म सो सहकारीको लेखा फाँटको सहकारीको सफ्टवेयर अपडेट गर्ने काम गर्थे। म सुरुमा सहकारीमा जाँदा सो सहकारीको लेखा फाँटको सफ्टवेयर अपडेट भएता पनि अधुरो लथालिङ्ग थियो। म गए देखी प्रथम आई.टी. सिस्टम प्राईभेट लि.का सरहरुले मलाई सिकाए अनुसार मैले आफुले काम गर्दा सकेसम्म सबै अपडेट गरेको थिए। सो सहकारीका अध्यक्ष शम्भु प्रसाद रौनियारले कहिले काँही ऋणको विवरणमा कुनै कुनै ऋण सम्बन्धमा अपडेट नगर्नु भनी मलाई दबाब दिन थालेपछी मलाई सो सहकारीले ठगी गर्न थालेको कुरा शंका लागी १३ (तेह्र) महिना काम गरी मैले सहकारी छोडेर हाल घरमै बसिरहेको छु। सो सहकारीले मलाई काम गरे वापत ९ महिनाको तलब समेत दिएको छैन। सहकारीको अध्यक्ष शम्भु प्रसाद रौनियार समेतले महिला उधमसिल कर्जाको नाममा सस्तो ब्याजदरमा ऋण दिलाई दिन्छौ भनी बिभिन्न मानिसहरुलाई सहकारीमै बोलाई ऋणको फारम भराई नबिल बैंकसंग सहकार्य गरी मिलेमतो गरी ऋणीको नाममा ऋण नदिई बैंकले शम्भु प्रसाद रौनियारको नाममा ऋण स्विकृत गराई निज शम्भु प्रसाद रौनियारले ऋणीलाई स्विकृत ऋण भन्दा कम ऋण दिई आफैले भोगचलन गरी ठगी गरेको तथा बचतकर्ताहरुको रकम समेत सहकारीका अध्यक्ष शम्भु प्रसाद रौनियारले आफ्नो व्यक्तीगत काममा खर्च गर्ने गरेको तथा ऋणीहरुले ऋणको किस्ता तिरेको रकम मध्ये पनि केही रकम मात्र बैंकमा दाखिला गरी बाँकी आफैले चलाई ठगी गरेको हो। यस सहकारी ठगी मुद्धामा मेरो कुनै किसिमको संलग्नता रहेको छैन। सहकारीका अध्यक्ष शम्भु प्रसाद रौनियारले मलाई ऋणको बिबरण अपडेटमा कुनै कुनै ऋणहरुको अपडेट नगर्नु भनी पटक पटक दबाब दिएपछी मैले सहकारीले ठगी गर्न थालेको आभास भई काम छोडेको हुँ। प्रस्तुत मुद्धाका प्रतिवादीहरु लगायत सो ठगी कार्यमा अन्य कोही संलग्न भएको भएमा निजहरुलाई समेत कानून बमोजिम कारबाही गरी सम्पुर्ण बचत/सेयर तथा ऋणकर्ताहरुको रकम सुरक्षित होस भन्ने समेत व्यहोराको **सेजल बस्नेतले गरेको कागज।**

६. मोहमद अनिसले गरेको कागजः-

उमागौरी कृषी सहकारी संस्था लिमिटेडमा आबद्ध प्रतिवादीहरु शम्भु प्रसाद रौनियार लगायतका मानिसहरुलाई म चिन्दछु। उक्त सहकारी संस्था २०६८ सालमा स्थापना हुदाको बखत म पनि सो सहकारीको संचालक समितीको सदस्यमा थिए। सो सहकारीका अध्यक्ष शम्भु प्रसाद रौनियारले आफुखुसी संस्थामा एकल निर्णय लिएर काम गर्ने आफुखुसी विभिन्न मानिसहरुलाई ऋण लगानी गर्ने, हिसाब किताब आफै राखेर हिनामिना गर्न थालेपछी मलाई चित्त नबुझी मैले २०७० सालमा मैले सो सहकारीको संचालक समितीको सदस्य पदबाट कुनै दायित्व नरहने गरी राजिनामा दिई सकेको थिए। मैले सो सहकारीको रेकर्डबाट २०६८ सालमा रु.१,२५,०००।- (एक लाख पच्चिस हजार) ऋण लिएको भनी उल्लेख भएको रहेछ, मैले हाल सम्म सो सहकारीबाट कुनै पनि किसिमको

ऋण लिएको थिईन। मैले २०६८ सालमा ऋण लिएको भएमा २०७० सालमा मैले राजिनामा दिदा हिसाब किताब फरफारक नभई मेरो राजिनामा स्विकृत गरिने कुरै थिएन। प्रतिबादी शम्भु प्रसाद रौनियारले नै मेरो नामको ऋण देखाई आफैले भोगचलन गरेको हुनु पर्छ। म सो सहकारीको बचतकर्ता, ऋणी केही पनि होईन। सो सहकारीका अध्यक्ष शम्भु प्रसाद रौनियार समेतले बिभिन्न बचतकर्ताहरुले बचत गरेको रकम, बिभिन्न ब्यक्तीहरुलाई सस्तो ब्याजदरमा ऋण दिलाई दिन्छु भनी प्रलोभनमा पारी ऋण निकाली आफैले चलाई करोडौ रकम ठगी गरेको कुरामा मलाई पुर्ण बिस्वास लाग्छ। मेरो सहोदर दाजु नुर महमद मियाले २०७५।१२।२५ गते सो सहकारीबाट ऋण रकम रु.५०,०००।- (पचास हजार) लिनु भई निज दाजुले २०७६।०६।२१ गते सहकारीमा ऋण चुक्ता गरि सक्नु भएको छ। हाल दाजु बैदेशिक रोजगारको सिलसिलामा मलेसियामा हुनु हुन्छ। दाजुको नामको ऋण खाताको प्रतिलिपी समेत यसै कागज साथ पेश गरेको छु। प्रतिवादीहरु लगायत सो ठगी कार्यमा अन्य कोही संलग्न भएको भएमा निजहरुलाई कानून बमोजिम कारबाही गरी सम्पुर्ण बचत/सेयर तथा ऋणकर्ताहरुको रकम सुरक्षित होस भन्ने समेत व्यहोराको **मोहमद अनिसले गरेको कागज।**

<u>७. आरती राजबंशीको कागजः-</u>

मैले बिगत ३ अगाडी उमागौरी कृषि सहकारी संस्थाको आमबारीमा रहेको शाखामा बजार प्रतिनिधीको आवेदन खुलेको सुचना पाई म उक्त संस्थामा काम गर्न कर्सिया स्थित उमागौरी कृषि सहकारी संस्थाको अध्यक्ष शम्भु प्रसाद रौनियारसँग भेट गर्दा निजले मलाई मासिक रु.५०००।- (पाँच हजार) तलब दिने भनी मलाई नियुक्ति गरेपछी म आमबारी, झुर्किया, सिंहाडी, तीन नम्बर, महादेवा लागयतको स्थानहरुमा बजार प्रतिनिधीको रुपमा खटिई बिभिन्न मानिसहरुबाट प्राय दैनिक रुपमा बचत संकलन गरी संस्थाको आमबारी शाखामा बुझाउने गरेको थिए। म बजार प्रतिनिधीको रुपमा कार्यरत रहेको अवस्थामा आमबारी शाखाको शाखा प्रमुख चिरञ्जिवी यादव थिए निजै मार्फत मैले आमबारी शाखामा कलेक्सन गरी बुझाएको बचत रकमहरु उमगौरी कृषि सहकारीको मुख्य कार्यालय कर्सियाको खाता र प्रतिवादी शम्भु प्रसाद रौनियारको व्यक्तिगत खाताहरुमा पठाउने, बचत फिर्ता गर्ने लगायतको वित्तीय कारोवारहरु हुने गर्दथ्यो। मैले काम गरेको अन्दाजी २ बर्ष पछि चिरञ्जिवी यादवले के कुन कारणले शाखा प्रमुखको काम छाडे पछी निजको स्थानमा मान बहादुर लामिछानेले शाखा प्रमुखको रुपमा काम गरेका थिए। म आमबारी शाखामा काम गर्दा म जस्तै बजार प्रतिनिधी (कलेक्टर) को काम गर्ने जमुना राजबंशी, पंकज राजबंशी, अनिल गिरी, निशा चौधरी, राज कुमार सिंहले समेत काम गरेका थिए। हामीले उमागौरी कृषि सहकारी संस्थामा कलेक्सन गरेको बचतहरु प्रायःमेघा बैक सिजुवा शाखा र कृषि विकास बैंक आमबारी शाखा मार्फत संस्थाको प्रतिवादी शम्भु प्रसाद रौनियारको व्यक्तिगत खातामा पठाउने, केन्द्रिय कार्यालयको नाममा रहिको बैंकको खाता नम्बरमा दाखिला गराउने र कहिले काही संस्थाको अमरदह शाखा, रमाईलो शाखाको कर्मचारीहरुलाई भर्पाई गरी नगदै तथा बैंक मार्फत पै साहरु दिदै आईरहेका थियौ। विगत केही बर्ष पहिले उमागौरी कृषि सहकारी संस्थाको बित्तीय अवस्था खराब भएको भनी स्थानिय मानिसहरुले खबर पाएपछी केही बचतकर्ताहरु बाहेक हामीले कलेक्सन गरेका प्राय सम्पुर्ण वचतकर्ताहरुले आफ्नो बचत रकम फिर्ता पाईसकेका छन। केही बर्ष पहिले उमागौरी कृषि सहकारी संस्थाले महिला उद्यमशिल कर्जा उपलब्ध गराउने भनी संस्थाको केन्द्रिय कार्यालयबाट प्रतिवादी शम्भु प्रसाद रौनियार तथा कर्मचारीहरु दुर्गा राई, सोनु यादव, मो.नजामुद्दिन, सनम तामाङ समेत आमबारी शाखामा आई बिभिन्न मानिसहरुलाई शेयर सदस्य बनाउने, ऋण लगानी गर्ने विभिन्न कागजातहरुमा सहीछाप गराई निजहरु स्वयमले उक्त कागजातहरु केन्द्रीय कार्यालयमै लैजाने गरेका थिए । सोही क्रममा उमागौरी कृषि सहकारी संस्थाको अध्यक्ष शम्भु प्रसाद रौनियार सम्पर्क विहिन भएपछी म लगायत अन्य कर्मचारीहरुले आमबारी शाखा समेत बन्द गरेका थियौ । उमागौरी कृषि सहकारी संस्थामा ऋण लिने मानिसहरुले मलाई भेटी निजहरुले ऋण

लिएको रकम भन्दा प्राय दोब्बर तेब्बर रकम ऋण निजहरुको नाममा नविल बैंक लिमिटेड विराटनगरमा ऋण लिईएको रहेछ भनी मलाई सुनाएपछी थाहा पाएको थिए । म उमागौरी कृषि सहकारीको अध्यक्ष शम्भु प्रसाद रौनियारलाई मात्र देख्थे र चिन्दछु हाल यस मुद्दामा पक्राउ परेका प्रतिवादी रोशन राजबंशी लगायत अन्य उल्लेखित संचालक समितीका मानिसहरु लक्ष्मण साह, आलम अन्सारी मिया, शम्भु प्रसाद सिंह, आमोद मण्डल, जितमान ठाकुर, विजय कुमार यादब, सुरेन्द्र कुमार राजबंशी र असोक कुमार बिश्वास कोही कसैलाई चिन्दिन निजहरु संचालक समितिका पदाधिकारीहरु रहेछन भनी यस कार्यालयमा आए पश्चात मात्र थाहा पाएको हो । म सहाकारी संस्थामा काम गर्दाको ५ महिनाको रु.७५०००।- (पचहत्तर हजार) रकम हालसम्म पाएको छैन । मैले सहकारी छोडेर हाल विवाह गरी झापाको गौरादहमा ससुरालीमा बस्दै आईरहेको छु । सहकारीको अध्यक्ष शम्भु प्रसाद रौनियारले महिला उद्यमसिल कर्जाको नाममा सस्तो ब्याजदरमा ऋण दिलाई दिन्छौ भनी बिभिन्न मानिसहरुलाई सहकारीमै बोलाई ऋणको फारम भराई नबिल बैंकसँग सहकार्य गरी मिलेमतो गरी ऋणीको नाममा ऋण नदिई बैंकले शम्भु प्रसाद रौनियारको नाममा ऋण स्वीकृत गराई निज शम्भु प्रसाद रौनियारले ऋणीलाई स्वीकृत ऋण भन्दा कम ऋण दिई आफैले भोगचलन गरी ठगी गरेको तथा बचतकर्ताहरुको रकम समेत सहकारीका अध्यक्ष शम्भु प्रसाद रौनियारले आफ्नो व्यक्तिगत काममा खर्च गर्ने गरेको तथा ऋणीहरुले ऋणको किस्ता तिरेको रकम मध्ये पनि केही रकम मात्र बैंकमा दाखिला गरी बाँकी आफैले चलाई ठगी गरेको कुरामा मलाई पुर्ण शंका लाग्छ । यस सहकारी ठगी मुद्धामा मेरो कुनै किसिमको संलग्नता रहेको छैन, म सहकारी संस्थामा काम गर्दा सम्पुर्ण हिसाब किताब दुरुस्तै राख्ने गरोको थिए, सहकारीमा कलेक्शन भएको रकम प्राय शम्भु प्रसाद रौनियारकै निर्देशन र समन्वयमा संस्थाको केन्द्रीय कार्यालय कर्सिया शाखामा पठाउने गर्दथ्यौ । म उमागौरी कृषि सहकारी संस्था आमबारी शाखामा कार्यरत रहदा उक्त शाखाबाट संस्थाको केन्द्रीय कार्यालय कर्सियाको खाता, अमदरदह शाखा, रमाईलो शाखामा पठाएको केही भौचर र विवरणहरुको फोटोकपी प्रमाणको रुपमा आफैसँग राखेकोको हुँदा सो समेत यसै कागजसाथ पेश गरेको छु । प्रस्तुत मुद्धाका प्रतिवादी शम्भु प्रसाद रौनियार लगायत सो ठगी कार्यमा अन्य कोही संलग्न भएको भएमा निजहरुलाई समेत कानुन बमोजिम कारबाही गरी सम्पुर्ण बचत/सेयर तथा ऋणकर्ताहरुको रकम सुरक्षित होस भनि आरती राजबंशीले गरेको कागज ।

८. जमुना राजबंशीको कागजः-

मैले २०७९ सालको फागुण महिना देखी उमागौरी कृषि सहकारीमा काम गरेको हुँ। मैले काम गर्ने आमबारी शाखामा साहयक पदमा आरती ताजपुरिया, बजार प्रतिनिधीहरु पंकज राजबंशी, निशा चौधरी, किरण शर्मा, राजकुमार सिंह र म थियौ। सहकारीमा मेरो काम भनेको नयाँ बचतकर्ताहरु खोज्ने, निजहरुको बचत रकम संकलन गर्ने हुन्थ्यो। मैले बचत गरेको रकमहरु बेलुका कार्यालयमा ल्याई भौचरमा चढाएर उठेको रकम सहायक पदमा कार्यरत आरती ताजपुरियालाई छाडेर जाने गरेको थिए। मलाई मासिक रुपमा रु.५,०००।- (पाँच हजार) तलब दिने गरिएको थियो तलब महिनाको अन्तिममा सहकारी कार्यालयबाट नगदै दिने गरिएको थियो। म काम गर्ने उमागौरी कृषी सहकारी संस्थाको आमबारी शाखामा संचालक समितीका अध्यक्ष शम्भु प्रसाद रौनियार समेत कहिले काँही आउने गर्दा सामान्य चिनजान थियो। अन्य संचालक समितीका सदस्यहरु लक्ष्मण साह, आलम अन्सारी मिया, शम्भु प्रसाद सिंह, आमोद मण्डल, रोशन राजबंशी, जितमान ठाकुर, विजय कुमार यादब, सुरेन्द्र कुमार राजबंशी र असोक कुमार बिश्वासको नाम सुनेको थिए तर चिनाजन थिएन। म सामान्य सहकारीमा काम गर्ने कर्मचारी हुँ। मैले दैनिक रुपमा बचत गरेको रकम सधै सहकारीको कार्यालयमा गई बुझाउने गरेको थिए। मैले सो सहकारीको आमबारी शाखामा करिब १ बर्ष काम गरेको थिए। सहकारीको अध्यक्ष शम्भु प्रसाद रौनियार समेतले महिला उधमसिल कर्जाको नाममा सस्तो ब्याजदरमा ऋण दिलाई दिन्छौ भनी बिभिन्न मानिसहरुलाई

ऋणको फारम भराई नबिल बैंकसंग साठँगाठ मिलेमतो गरी ऋणीको नाममा ऋण नदिई बैंकले शम्भु प्रसाद रौनियारको नाममा ऋण स्विकृत गराई निज शम्भु प्रसाद रौनियारले ऋणीलाई स्विकृत ऋण भन्दा कम ऋण दिई आफैले भोगचलन गरी ठगी गरेको, बचतकर्ताहरुको रकम समेत सहकारीका अध्यक्ष शम्भु प्रसाद रौनियारले आफ्नो ब्यक्तीगत काममा खर्च गर्ने गरेको तथा ऋणीहरुले ऋणको किस्ता तिरेको रकम मध्ये पनि केही रकम मात्र बैंकमा दाखिला गरी बाँकी आफैले चलाई करोडौ रकम ठगी गरी भागेको भन्ने हल्लाखल्ला सुनी म २०८० सालको फागुण महिना देखी सहकारीको काममा जान छाडेर हाल घरमै बसिरहेको छु। यस सहकारी ठगी मुद्धामा मेरो कुनै किसिमको संलग्नता रहेको छैन। म उमागौरी कृषि सहकारी संस्था आमबारी शाखामा कार्यरत रहदा कलेक्शन गरेको रकमहरुको केही भौचरहरुको फोटोकपीहरु प्रमाणको रुपमा आफैसँग राखेको हुँदा सो समेत यसै कागजसाथ पेश गरेको छु प्रस्तुत मुद्धाका प्रतिवादीहरु लगायत सो ठगी कार्यमा अन्य कोही संलग्न भएको भएमा निजहरुलाई समेत कानून बमोजिम कारबाही गरी सम्पुर्ण बचत/सेयर तथा ऋणकर्ताहरुको रकम सुरक्षित होस भन्ने समेत व्यहोराको **जमुना राजबंशीले गरेको कागज।**

<u>९. पंकज राजबंशीको कागजः-</u>

बिगत २०७८ सालमा म बेरोजगार रहेको र जिल्ला मोरङ रतुवामाई न.पा.वडा नं.४ स्थित आमबारीमा उमागौरी कृषि सहकारी संस्था लिमिटेडमा बजार प्रतिनिधी चाहिएको छ काम गर्न ईच्छुक हो भने गर्न आउनु भनी त्यस बेला उक्त शाखामा काम गर्ने चिरन्जिवी यादवले भनेको हुँदा मासिक रु.५,०००।- तलव पाउँने सर्तमा बजार प्रतिनिधीको रुपमा काम गर्ने गरी नियुक्त भई करिब ८ महिनासम्म काम गरेको हुँ। मैले उक्त संस्थामा काम गर्दागर्दै अन्यत्रै संस्थामा राम्रो सेवा सुबिधा पाउँने गरी नाम निस्केको हुँदा मैले उमागौरी कृषि सहकारीबाट राजिनामा दिएको हुँ। मैले उक्त संस्थामा राजिनामा दिँदा संस्थाको शाखा प्रबन्धक आरती कुमारी ताजपुरिया रहेकोले निजलाई नै सबै बुझबुझारथ गरेर संस्था छोडेको हुँ। मेरो उक्त संस्थामा कुनै बचत छैन। सेयर रकम पनि बचत छैन । मैले काम गरे बापतको सेवा सुबिधा बाहेक अन्य केही पनि उक्त संस्थाबाट लिएको छैन। हाल आएर उक्त संस्थाका अध्यक्ष शम्भु प्रसाद रौनियारले बचतकर्ताहरुको बचत रकम तथा बिभिन्न बचतकर्ताहरुको नामबाट नविल बैंक लिमिटेडमा सम्झौता गरेर ऋण स्विकृत गराई आफैले भोगचलन गरी ठगी गरेको कारण उक्त संस्थाका अध्यक्ष शम्भु प्रसाद रौनियार लगायत पदाधिकारी समेतलाई मुद्दा परेको भन्ने थाहा पाएको छु। उक्त सहकारीबाट रकम हिनामिना गरेको ठगी कसूरमा मेरो कुनै किसिमको संलग्नता रहेको छैन। मैले उमागौरी कृषि सहकारी संस्था आमबारी शाखामा कार्यरत रहँदा बजार प्रतिनिधिको काम गरेको हुँ। मैले कलेक्सन गरेर जम्मा हुन आएको सबै रकमहरु सम्बन्धत शाखामा नै बुझाउने गरेको हुँ। यसर्थ बचतकर्ताहरुको बचत रकम तथा झुठा तरिकाबाट ऋण निकाली खाई मासेको उक्त घटनामा अनुसन्धान गरी सम्पुर्ण बचत, सेयर तथा ऋणकर्ताहरुको रकम सुरक्षित होस भन्ने समेत व्यहोराको **पंकज यादवले गरेको कागज।**

<u>१०. खगेन्द्र ढकालले गरेको कागजः-</u>

मैले २०७८ सालमा जिल्ला मोरङ धनपालथान गा.पा.वडा नं.४ कर्सियामा मुख्य कार्यालय रहेको उमागौरी कृषि सहकारी संस्था लिमिटेडको रमाईलो शाखा कानेपोखरी गा.पा.वडा नं.६ स्थितमा बजार प्रतिनिधीको रुपमा करिव ८/९ महिना काम गरेको हुँ। मैले काम गर्दा मेरो मासिक तलव सुबिधा रु.९,०००।- रहेको थियो। मैले उक्त संस्थामा काम गर्दागर्दै शिक्षण पेशामा आवद्ध भएकोले सो संस्थाबाट राजिनामा दिएको हुँ। संस्था छोड्दा छाया मगर भन्ने ब्यक्ती शाखा प्रबन्धक रहनु भएकोले उहाँलाई नै कामको बिबरण हिसाव किताब सहित सबै बुझबुझारथ गरेर संस्था छोडेको हुँ। मेरो उक्त संस्थामा कुनै बचत छैन। सेयर रकम पनि बचत छैन। मैले काम गरे बापतको सेवा सुबिधा बाहेक अन्य केही पनि उक्त संस्थाबाट लिएको छैन। हाल आएर उक्त संस्थाका अध्यक्ष

शम्भु प्रसाद रौनियारले बचतकर्ताहरुको बचत रकम तथा बिभिन्न बचतकर्ताहरुको नामबाट नविल बैंक लिमिटेडमा सम्झौता गरेर ऋण स्विकृत गराई आफैले भोगचलन गरी ठगी गरेको कारण उक्त संस्थाका अध्यक्ष शम्भु प्रसाद रौनियार लगायत पदाधिकारी समेतलाई मुद्दा परेको भन्ने थाहा पाएको छु। उक्त सहकारीबाट रकम हिनामिना गरेको ठगी कसूरमा मेरो कुनै किसिमको संलग्नता रहेको छैन। मैले उमागौरी कृषि सहकारी संस्था आमबारी शाखामा कार्यरत रहँदा बजार प्रतिनिधिको काम गरेको हुँ। मैले कलेक्सन गरेर जम्मा हुन आएको सबै रकमहरु सम्बन्धत शाखामा नै बुझाउने गरेको हुँ। यसर्थ बचतकर्ताहरुको बचत रकम तथा झुठा तरिकाबाट ऋण निकाली खाई मासेको उक्त घटनामा अनुसन्धान गरी सम्पुर्ण बचत, सेयर तथा ऋणकर्ताहरुको रकम सुरक्षित होस भन्ने समेत व्यहोराको **खगेन्द्र ढकालले गरेको कागज।**

<u>११. मान बहादुर लामिछानेको कागजः-</u>

२०७८ सालको माघ महिनामा उमागौरी कृषी सहकारी संस्थामा साहयक पदको लागी आवेदन खुलेको भन्ने विज्ञापन फेसबुकबाट थाहा पाई म सो सहकारी संस्थाको प्रमुख कार्यालय कर्सियामा जाँदा सहकारीको अध्यक्ष शम्भु प्रसाद रौनियारले मेरो डकुमेण्ट लगायतका कागजात हेर्नु भई मेरो अन्तर्वार्ता समेत लिनु भई २/३ दिन पछी निज प्रतिवादी शम्भु प्रसाद रौनियारले मलाई फोन गरी तपाई पास हुनु भएको छ, आमबारी शाखामा साहयक पदमा काम गर्नु, २/३ महिना परिक्षणकाल हो, म हेर्छु अनी नियुक्ति पत्र समेत दिन्छु भन्नु भई म उमागौरी कृषी सहकारी संस्थाको आमबारी शाखामा कार्यालय साहयक पदमा काम गर्न थालेको थिए । मलाई मासिक रु.२०००० ।- (बिस हजार) तलब दिने भनी भन्नु भएको थियो । म कार्यरत आमबारी शाखामा बजार प्रतिनिधीहरुले आमबारी,झुर्किया,सिंहाडी,तीन नम्बर,महादेवा लागयतको स्थानहरुमा खटिई बिभिन्न मानिसहरुबाट प्राय दैनिक रुपमा बचत संकलन गरी संस्था शाखामा बुझाउने गरेको थिए । शाखामा कलेक्सन गरी बुझाएको बचत रकमहरु उमगौरी कृषि सहकारीको मुख्य कार्यालय कर्सियाको खाता र प्रतिवादी शम्भु प्रसाद रौनियारको व्यक्तिगत खाताहरुमा पठाउने, बचत फिर्ता गर्ने लगायतको वित्तीय कारोवारहरु हुने गर्दथ्यो । म आमबारी शाखामा काम गर्दा आरती ताजपुरिया शाखा कार्यालय आमबारीको साहयक पदमा भएतापनि बजार प्रतिनिधीको समेत काम गर्ने, बजार प्रतिनिधी (कलेक्टर) को काम गर्ने जिल्ला मोरङ रतुवामाई न.पा. वडा नं. ४ कटगरा बस्ने अनिल गिरीले काम गरेका थिए । बजार प्रतिनिधीहरुले कलेक्सन गरेको बचतहरु प्रायःमेघा बैक सिजुवा शाखा र कृषि विकास बैंक आमबारी शाखा मार्फत संस्थाको प्रतिवादी शम्भु प्रसाद रौनियारको व्यक्तिगत खातामा पठाउने,केन्द्रिय कार्यालयको नाममा रहेको बैंकको खाता नम्बरमा दाखिला गराउने र कहिले काही संस्थाको अमरदह शाखा,रमाईलो शाखाको कर्मचारीहरुलाई भर्पाई गरी नगदै तथा बैंक मार्फत पैसाहरु दिदै आईरहेका थियौ । उमागौरी कृषि सहकारी संस्थाले महिला उद्यमशिल कर्जा उपलब्ध गराउने भनी संस्थाको केन्द्रिय कार्यालयबाट प्रतिवादी शम्भु प्रसाद रौनियार तथा कर्मचारीहरु दुर्गा राई, सोनु यादव, मो.नजामुद्दिन, सनम तामाङ समेत आमबारी शाखामा आई बिभिन्न मानिसहरुलाई शेयर सदस्य बनाउने, ऋण लगानी गर्ने विभिन्न कागजातहरुमा सहीछाप गराई निजहरु स्वयमले उक्त कागजातहरु केन्द्रीय कार्यालयमै लैजाने गरेका थिए । म सो सहकारी संस्थामा ५ महिना काम गरेपछी समयमा तलब नपाईने, नियुक्ती पत्र दिनु भन्दा पनि नदिने तथा सहकारी सिष्टममा नचलेको जस्तो मलाई लागी मैले सहकारीको अध्यक्ष शम्भु प्रसाद रौनियारलाई फोन गरी म राजिनामा पत्र लिएर आउँछु मेरो राजिनामा स्वीकृत गरिदिनु भन्दा निजले तपाईको नियुक्ती पनि भएको छैन, राजिनामा स्वीकृत गराई रहनु पर्दैन । तपाई छाडन सक्नु हुन्छ भनेपछी मैले उक्त सहकारीमा काम छाडेर हाल आफ्नै ब्यापार ब्यावसाय गरि रहेको छु । म उमागौरी कृषि सहकारीको अध्यक्ष शम्भु प्रसाद रौनियारलाई मात्र देख्थे र चिन्दछु हाल यस मुद्दामा पक्राउ परेका प्रतिवादी रोशन राजबंशी लगायत अन्य उल्लेखित संचालक समितीका मानिसहरु लक्ष्मण साह, आलम अन्सारी

मिया, शम्भु प्रसाद सिंह, आमोद मण्डल, जितमान ठाकुर, विजय कुमार यादब, सुरेन्द्र कुमार राजबंशी र असोक कुमार बिश्वास कोही कसैलाई चिन्दिन । सहकारीको अध्यक्ष शम्भु प्रसाद रौनियारले महिला उद्यमसिल कर्जाको नाममा सस्तो ब्याजदरमा ऋण दिलाई दिन्छौ भनी बिभिन्न मानिसहरुलाई सहकारीमै बोलाई ऋणको फारम भराई नबिल बैंकसँग सहकार्य गरी मिलेमतो गरी ऋणीको नाममा ऋण नदिई बैंकले शम्भु प्रसाद रौनियारको नाममा ऋण स्वीकृत गराई निज शम्भु प्रसाद रौनियारले ऋणीलाई स्वीकृत ऋण भन्दा कम ऋण दिई आफैले भोगचलन गरी ठगी गरेको तथा बचतकर्ताहरुको रकम समेत सहकारीका अध्यक्ष शम्भु प्रसाद रौनियारले आफ्नो व्यक्तिगत काममा खर्च गर्ने गरेको तथा ऋणीहरुले ऋणको किस्ता तिरेको रकम मध्ये पनि केही रकम मात्र बैंकमा दाखिला गरी बाँकी आफैले चलाई ठगी गरेको कुरामा मलाई पुर्ण शंका लाग्छ । यस सहकारी ठगी मुद्धामा मेरो कुनै किसिमको संलग्नता रहेको छैन, म सहकारी संस्थामा काम गर्दा सम्पुर्ण हिसाब किताब दुरुस्तै राख्ने गरेको थिए, सहकारीमा कलेक्शन भएको रकम प्राय शम्भु प्रसाद रौनियारकै निर्देशनमा कर्सिया शाखामा पठाउने गर्दथ्यौ । प्रस्तुत मुद्धाका प्रतिवादी शम्भु प्रसाद रौनियार लगायत सो ठगी कार्यमा अन्य कोही संलग्न भएको भएमा निजहरुलाई समेत कानुन बमोजिम कारबाही गरी सम्पुर्ण बचत/सेयर तथा ऋणकर्ताहरुको रकम सुरक्षित होस भन्ने समेत व्यहोराको **मान बहादुर लामिछानेले गरेको कागज।**

<u>१२. दुर्गा कुमारी राईको कागजः-</u>

मैले २०७७ साल असोज महिना देखी उमागौरी कृषी सहकारी संस्था लिमिटेड कर्सिया प्रमुख कार्यालयमा कर्मचारीको रुपमा नियुक्ती भई काम गरेको थिए। मलाई उक्त सहकारीले कुनै किसिमको लिखित नियुक्ती पत्र दिएको थिएन। मेरो सहकारी कार्यालयमा काम भनेको शाखामा आउने सेवा ग्राहीहरुलाई सहकारीको सम्बन्धमा बताउने, सहकारीको बचत कर्ता तथा ऋणीहरुको विवरण संकलन गर्ने खातामा चढाउने, फिल्डमा खटिएर बचतकर्ताहरुको बचत फिर्ता सम्बन्धमा बुझ्ने, सहकारीको अन्य कार्यालयहरुमा खटी गई सहकारीको अध्यक्षले बचत रकम ल्याउनु भनेको बेला बचत रकम संकलन गरेर ल्याउने जस्ता दैनिकी काम हरु गर्ने गरेको थिए। मलाई सहकारीले मासिक रु.२०,०००।- (बिस हजार) तलब दिने गरेको थियो। म कार्यरत रहदा उमागौरी सहकारीको अध्यक्षमा शम्भु प्रसाद रौनियार, उपाध्यक्षमा दिल माया राई, सचिवमा आलम अन्सारी मिया, कोषाध्यक्षमा शम्भु प्रसाद सिंह, सदस्यहरुमा रोशन राजबंशी, अन्जला कोईराला, आमोद मण्डल र लेखा तथा सुपरिवेक्षण समितीमा संयोजक विजय कुमार यादब, सदस्यमा सुरेन्द्र कुमार राजबंशी र अशोक कुमार विस्वास हुनु हुन्थ्यो। कर्मचारीहरुमा बजार प्रतिनिधीहरु सपना राजबंशी, एलिसा अधिकारी, सनम तामाङ हुनु हुन्थ्यो। २०७८ सालको माघ महिनामा सहाकारीको दसौ वार्षिक साधरण शभाबाट सहकारीको तत्कालको उपाध्यक्ष दिल माया राई र सदस्य अन्जला कोईरालाको राजिनामा पास भए पश्चात खाली भएको पद उपाध्यक्षमा उपसी देबी राजबंशी र सदस्यमा जितमान ठाकुरलाई थप गरिएको थियो। पछी उपाध्यक्षमा लक्ष्मण साहलाई नियुक्ती गरिएको थियो। उमागौरी सहकारी संस्थाको शाखा कार्यालयहरु आमबारी, अमरदह, रमाईलो, ग्रामथानमा रहेको थियो। म कार्यरत सहकारी संस्थामा दिनभरी बजार प्रतिनिधीहरुले बचत रकम संकलन गरी बेलुका कार्यालयमा ल्याएपश्चात समयमै बचत रकम संकलन भएको अवस्थामा सहकारीको खाता रहेको मेघा बैंकको खातामा जम्मा गरिने गरिएको थियो। अन्य शाखाहरुले समेत प्राय सहकारीकै बैंक खातामा पठाउने र ढिलो भएको खण्डमा म समेतका कर्मचारीहरु गएर रकम संकलन गरि सहकारी कार्यालयमा ल्याई जम्मा गरिने गरिएको थियो। दिउँसो कतिपय बचतकर्ताहरुले बचत फिर्ताको लागी आवेदन दिएपछी मैले पनि हिसाब गरेर बचत फिर्ता समेत दिने गरेको थिए। सहकारीको अध्यक्ष शम्भु प्रसाद रौनियारले सहकारी एकल निर्यण बाट चलाउने गर्नु भएको थियो। निजले कार्यालयमा भने अनुसारको काम मात्र हामी कर्मचारीहरुले गर्नु पर्थ्यो। मैले बचत रकमको पैसा हिसाब गरी रेकर्डमा राख्थे, अध्यक्ष शम्भु

प्रसाद रौनियारले प्राय सधै हिसाब मागी निजको बिस्वाससिलो सोनु यादब र मोहमद निजामुउदिनलाई बैंकमा पठाई आफ्नो खातामा जम्मा गर्न लगाउने गर्नु भएको रहेछ। २०७६ साल तिर उमागौरी कृषी सहकारी संस्था र नबिल बैंक बिच महिला उधमशिल कर्जा सस्तो ब्याजदरमा उपलब्ध गराउने सहमती भएपश्चात सो कर्जाको लागी ऋण आवेदन दिई सहकारीमा आएमा सहकारीले एउटा तमसुक सहकारी कार्यलय र एउटा नबिल बैंकले तमसुक बनाई सहकारीले ऋणीहरुको धितो समेत राखेर बैंकमा आवेदन दिई कर्जा रकम बैंकबाट स्वीकृत भएपछी सहकारीका अध्यक्ष शम्भु प्रसाद रौनियार तथा कर्मचारीहरु सोनु यादब र निजामुउदिनलाई झिक्न लगाई सहकारी कार्यलयमा ल्याई सहकारीकै चेक वा नगदै ऋणीहरुलाई भुक्तानी दिने गरिएको थियो । सो सम्बन्धमा मलाई थाहा भएको कुरा यती नै हो। मैले उक्त सहकारीमा १५ महिना काम गर्दा पहिला पहिला राम्रै भएकोमा पछिल्लो समयमा बचतकर्ताहरु/सयेरकर्ता तथा ऋणीहरुको रकम अपचलन गर्ने गरेको भन्ने गुनासो आउन थालेपछी २०७८ सालको पुष महिनामा सहकारीबाट राजिनामा दिएको थिए। उक्त सहकारीमा राजिनामा लिखित दिने, स्वीकृत गर्ने परिपाटीनै थिएन। हाल म आफ्नै घर गृहस्थी गरी बसिरहेको छु। सहकारीको अध्यक्ष शम्भु प्रसाद रौनियारले महिला उद्यमसिल कर्जाको नाममा सस्तो ब्याजदरमा ऋण दिलाई दिन्छौ भनी बिभिन्न मानिसहरुलाई सहकारीमै बोलाई ऋणको फारम भराई नबिल बैंकसँग सहकार्य गरी मिलेमतो गरी ऋणीको नाममा ऋण नदिई बैंकले शम्भु प्रसाद रौनियारको नाममा ऋण स्वीकृत गराई निज शम्भु प्रसाद रौनियारले ऋणीलाई स्वीकृत ऋण भन्दा कम ऋण दिई आफैले भोगचलन गरी ठगी गरेको तथा बचतकर्ताहरुको रकम समेत सहकारीका अध्यक्ष शम्भु प्रसाद रौनियारले आफ्नो व्यक्तिगत काममा खर्च गर्ने गरेको तथा ऋणीहरुले ऋणको किस्ता तिरेको रकम मध्ये पनि केही रकम मात्र बैंकमा दाखिला गरी बाँकी आफैले चलाई ठगी गरेको भन्ने कुरा हाल सुनी थाहा पाएको छु। यस सहकारी ठगी मुद्धामा मेरो कुनै किसिमको संलग्नता रहेको छैन, म सहकारी संस्थामा काम गर्दा सम्पुर्ण हिसाब किताब दुरुस्तै राख्ने गरेको थिए, सहकारीमा कलेक्शन भएको रकम प्राय शम्भु प्रसाद रौनियारकै निर्देशनमा निजले भने अनुसारको बैंक खातमा जम्मा गर्ने, झिक्ने गर्नु भएको थियो। प्रस्तुत मुद्धाका प्रतिवादी शम्भु प्रसाद रौनियार लगायत सो ठगी कार्यमा अन्य कोही संलग्न भएको भएमा निजहरुलाई समेत कानून बमोजिम कारबाही गरी सम्पुर्ण बचत/सेयर तथा ऋणकर्ताहरुको रकम सुरक्षित होस भन्ने समेत व्यहोराको **दुर्गा कुमारी राईले गरेको कागज।**

<u>१३. मोहनलाल दासको कागजः-</u>

बिगत २ बर्ष अगाडी उमागौरी कृषि सहकारी संस्थाको अमरदह शाखामा बजार प्रतिनिधीको आवेदन खुलेको सुचना पाई म उक्त संस्थामा काम गर्न कर्सिया स्थित उमागौरी कृषि सहकारी संस्थाको अध्यक्ष शम्भु प्रसाद रौनियारसँग भेट गर्दा निजले मलाई मासिक रु.१५,०००।- (पन्ध्र हजार) तलब दिने भनी मलाई नियुक्ति गरेपछी म दोहमना लगायतको स्थानहरुमा बजार प्रतिनिधीको रुपमा खटिई बिभिन्न मानिसहरुबाट प्राय दैनिक रुपमा बचत संकलन गरी संस्थाको अमरदह शाखामा बुझाउने गरेको थिए। म बजार प्रतिनिधीको रुपमा कार्यरत रहेको अवस्थामा अमरदह शाखाको शाखा प्रमुख चिरञ्जिवी यादव थिए निजै मार्फत मैले अमरदह शाखामा कलेक्सन गरी बुझाएको बचत रकमहरु उमगौरी कृषि सहकारीको मुख्य कार्यालय कर्सियाको खाता र प्रतिवादी शम्भु प्रसाद रौनियारको व्यक्तिगत खाताहरुमा पठाउने र वचतकर्ताहरुको वचत रकमहरु सम्बन्धित वचतकर्तालाई फिर्ता गर्ने लगायतको वित्तीय कारोवारहरु हुने गर्दथ्यो। म कलेक्टरको काम गर्दै गरेको अवस्थामा चिरञ्जिवी यादवले के कुन कारणले शाखा प्रमुखको काम छाडे पछी प्रतिवादी शम्भु प्रसाद रौनियारले मलाई शाखा प्रमुखमा मिति २०७८।०९।०१ गते एक वर्षको लागी नियुक्ति गरेका थिए। म शाखा प्रमुखको रुपमा काम गर्दा, तलब रु.२५,०००।- (पच्चिस हजार) दिने भनी सहकारीका अध्यक्ष शम्भु प्रसाद रौनियारले भन्नु भएको थियो। म अमरदह शाखामा काम गर्दा म जस्तै बजार प्रतिनिधी (कलेक्टर) को काम गर्ने नितु कुमारी शर्मा,पुजा कुमारी सिंह,

केतन कुमार दास, पार्वती राजबंशी, विद्या गुरागाई समेत थिए। हामीले उमागौरी कृषि सहकारी संस्थामा कलेक्सन गरेको बचतहरु प्राय वचतकर्तालाई नै फिर्ता गर्ने अन्य बाँकी मौज्दात रकमहरु भर्पाई गरी उमागौरी कृषि सहकारी संस्थाको आमबारी,रमाईलो र कर्सिया शाखामा पठाउने गरेका थियौ। बचत रकम अमरदह शाखामा रहदैन थियो। विगत केही बर्ष पहिले उमागौरी कृषि सहकारी संस्थाको बित्तीय अवस्था खराब भएको भनी स्थानिय मानिसहरुले खबर पाएपछी केही बचतकर्ताहरु बाहेक हामीले कलेक्सन गरेका प्राय सम्पुर्ण वचतकर्ताहरुले आफ्नो बचत रकम फिर्ता पाईसकेका छन। बचत फिर्ता दिनु पर्ने रकम सम्बन्धमा मैले सहकारीको अध्यक्ष शम्भु प्रसाद रौनियारसंग कुरा गर्दा निजले अहिले केही दिन कार्यालय बन्द गर्नु हामी मिलाउँदै छौ । सहज भएपछी कार्यालय पुन संचालन गरौला भन्नु भएको थियो। सोही क्रममा उमागौरी कृषि सहकारी संस्थाको अध्यक्ष शम्भु प्रसाद रौनियार सम्पर्क विहिन भई उमागौरी कृषि सहकारी संस्थामा ऋण लिने मानिसहरुले मलाई भेटी निजहरुले ऋण लिएको रकम भन्दा प्राय दोब्बर तेब्बर रकम ऋण निजहरुको नाममा नविल बैंक लिमिटेड विराटनगरमा ऋण लिईएको रहेछ भनी मलाई सुनाएपछी थाहा पाएको थिए। म उमागौरी कृषि सहकारीको अध्यक्ष शम्भु प्रसाद रौनियार यस मुद्दामा पक्राउ परेका प्रतिवादी रोशन राजबंशी लगायत संचालक समितीका मानिसहरु लक्ष्मण साह, आलम अन्सारी मिया, शम्भु प्रसाद सिंह, आमोद कुमार मण्डल, जितमान ठाकुर, विजय कुमार यादब, सुरेन्द्र कुमार राजबंशी र असोक कुमार बिश्वासको नाम सुनेको थिए, चिनजान थिएन। म सहाकारी संस्थामा काम गर्दाको ४ महिनाको रु.१००००।-(एक लाख) रकम हालसम्म पाएको छैन। मैले हाल सहकारीको जागिर छोडेर घरमै खेति किसानको काम गरि रहेको छु। सहकारीको अध्यक्ष शम्भु प्रसाद रौनियारले महिला उद्यमसिल कर्जाको नाममा सस्तो ब्याजदरमा ऋण दिलाई दिन्छौ भनी बिभिन्न मानिसहरुलाई सहकारीमै बोलाई ऋणको फारम भराई नबिल बैंकसँग सहकार्य गरी मिलेमतो गरी ऋणीको नाममा ऋण नदिई बैंकले शम्भु प्रसाद रौनियारको नाममा ऋण स्वीकृत गराई निज शम्भु प्रसाद रौनियारले ऋणीलाई स्वीकृत ऋण भन्दा कम ऋण दिई आफैले भोगचलन गरी ठगी गरेको तथा बचतकर्ताहरुको रकम समेत सहकारीका अध्यक्ष शम्भु प्रसाद रौनियारले आफ्नो व्यक्तिगत काममा खर्च गर्ने गरेको तथा ऋणीहरुले ऋणको किस्ता तिरेको रकम मध्ये पनि केही रकम मात्र बैंकमा दाखिला गरी बाँकी आफैले चलाई ठगी गरेको कुरामा मलाई पुर्ण शंका लाग्छ। यस सहकारी ठगी मुद्धामा मेरो कुनै किसिमको संलग्नता रहेको छैन, म सहकारी संस्थामा काम गर्दा सम्पुर्ण हिसाब किताब दुरुस्तै राख्ने गरेको थिए, सहकारीमा कलेक्शन भएको रकम प्राय शम्भु प्रसाद रौनियारकै निर्दशनमा संस्थाको केन्द्रीय कार्यालयमा कहिले काँही कर्मचारी मार्फत नगदै तथा निजकै व्यक्तिगत खाता र संस्थाको खाता, आमबारी शाखा, रमाईलो शाखामा समेत पठाउने गर्दथ्यौ। प्रस्तुत मुद्धाका प्रतिवादी शम्भु प्रसाद रौनियार लगायत सो ठगी कार्यमा अन्य कोही संलग्न भएको भएमा निजहरुलाई समेत कानून बमोजिम कारबाही गरी सम्पुर्ण बचत/सेयर तथा ऋणकर्ताहरुको रकम सुरक्षित होस भन्ने समेत व्यहोराको **मोहनलाल दासले गरेको कागज।**

<u>१४. केतन कुमार दासको कागजः-</u>

करिब ६ वर्ष अगाडी १२ कक्षा पास गरी घरमै बसिरहेको बेला हाम्रो टोल नजिकै अमरदह बजारमा रहेको उमागौरी कृषि सहकारी संस्था लिमिटेडमा बजार प्रतिनिधीको रुपमा काम गर्ने स्टाप खोजी भईरहेको भन्ने हल्ला सुनी म सो सहकारीको कार्यालयमा जाँदा उमागौरी कृषी सहकारी संस्था अमरदह शाखाका कार्यालय प्रमुख मोहनलाल दासले मेरो डकुमेण्ट चेक गरी मलाई अमरदह शाखाको बजार प्रतिनिधीको रुपमा नियुक्ती गरिएको थियो। मलाई कुनै नियुक्ती पत्र दिनु भएको थिएन। म २०७८ सालको मंसिर महिना देखी सो सहकारीमा काम गरि रहेको थिए। मैले काम गर्ने अमरदह शाखामा शाखा प्रमुख मोहनलाल दास, बजार प्रतिनिधीहरु पार्वती राजबंशी, बिध्या गुरागाई, पुजा गन्गाई, नितु कुमारी शर्मा र म थियौ। सहकारीमा मेरो काम भनेको नयाँ

बचतकर्ताहरु खोज्ने, निजहरुको बचत रकम संकलन गर्ने हुन्थ्यो। मैले बचत गरेको रकमहरु बेलुका कार्यालयमा ल्याई भौचरमा चढाएर उठेको रकम शाखा प्रमुख मोहनलाल दासलाई बुझाउने गरेको थिए। मलाई मासिक रुपमा रु.८,०००।- (आठ हजार) तलब दिने गरिएको थियो। तलब महिनाको अन्तिममा सहकारी कार्यालयबाट नगदै दिने गरिएको थियो। म काम गर्ने उमागौरी कृषी सहकारी संस्थाको अमरदह शाखामा संचालक समितीका अध्यक्ष शम्भु प्रसाद रौनियार समेत कहिले काँही आउने गर्दा सामान्य चिनजान थियो। अन्य संचालक समितीका सदस्यहरु लक्ष्मण साह, आलम अन्सारी मिया, शम्भु प्रसाद सिंह, आमोद मण्डल, रोशन राजबंशी, जितमान ठाकुर, विजय कुमार यादब, सुरेन्द्र कुमार राजबंशी र असोक कुमार बिश्वासको नाम सुनेको थिए तर चिनाजन थिएन। म सामान्य सहकारीमा काम गर्ने कर्मचारी हुँ। मैले दैनिक रुपमा बचत गरेको रकम सधै सहकारीको कार्यालयमा गई बुझाउने गरेको थिए। मैले सो सहकारीको आमबारी शाखामा करिब १ बर्ष काम गरेको थिए । सहकारीको अध्यक्ष शम्भु प्रसाद रौनियार समेतले महिला उधमसिल कर्जाको नाममा सस्तो ब्याजदरमा ऋण दिलाई दिन्छौ भनी बिभिन्न मानिसहरुलाई ऋणको फारम भराई नबिल बैंकसंग साठँगाठ मिलेमतो गरी ऋणीको नाममा ऋण नदिई बैंकले शम्भु प्रसाद रौनियारको नाममा ऋण स्विकृत गराई निज शम्भु प्रसाद रौनियारले ऋणीलाई स्विकृत ऋण भन्दा कम ऋण दिई आफैले भोगचलन गरी ठगी गरेको, बचतकर्ताहरुको रकम समेत सहकारीका अध्यक्ष शम्भु प्रसाद रौनियारले आफ्नो ब्यक्तीगत काममा खर्च गर्ने गरेको तथा ऋणीहरुले ऋणको किस्ता तिरेको रकम मध्ये पनि केही रकम मात्र बैंकमा दाखिला गरी बाँकी आफैले चलाई करोडौ रकम ठगी गरी भागेको भन्ने हल्लाखल्ला सुनी म २०८० सालको फागुण महिना देखी सहकारीको काममा जान छाडेर हाल घरमै बसिरहेको छु । मैले सहकारीमा काम गरेको ४ महिनाको तलब समेत पाएको छुईन । यस सहकारी ठगी मुद्धामा मेरो कुनै किसिमको संलग्नता रहेको छैन । प्रस्तुत मुद्धाका प्रतिवादीहरु लगायत सो ठगी कार्यमा अन्य कोही संलग्न भएको भएमा निजहरुलाई समेत कानुन बमोजिम कारबाही गरी सम्पुर्ण बचत/सेयर तथा ऋणकर्ताहरुको रकम सुरक्षित होस भन्ने समेत व्यहोराको **केतन कुमार दासले गरेको कागज।**

<u>१५. नितु कुमारी शर्माको कागजः-</u>

म बिगत ३ बर्ष अगाडी उमागौरी कृषी सहकारी संस्था अमरदह शाखाका कार्यालय प्रमुख मोहनलाल दासले मेरो डकुमेण्ट चेक गरी मलाई अमरदह शाखाको बजार प्रतिनिधीको रुपमा नियुक्ती गरिएको थियो। मलाई कुनै नियुक्ती पत्र दिनु भएको थिएन। म २०७९ सालको अषार महिना देखी सो सहकारीमा काम गरि रहेको थिए। मैले काम गर्ने अमरदह शाखामा शाखा प्रमुख मोहनलाल दास, बजार प्रतिनिधीहरु पार्वती राजबंशी, बिध्या गुरागाई, पुजा गन्गाई, केतन कुमार दास र म थियौ। सहकारीमा मेरो काम भनेको नयाँ बचतकर्ताहरु खोज्ने, निजहरुको बचत रकम संकलन गर्ने हुन्थ्यो। मैले बचत गरेको रकमहरु बेलुका कार्यालयमा ल्याई भौचरमा चढाएर उठेको रकम शाखा प्रमुख मोहनलाल दासलाई बुझाउने गरेको थिए। मलाई मासिक रुपमा रु.७,०००।- (सात हजार) तलब दिने गरिएको थियो। तलब महिनाको अन्तिममा सहकारी कार्यालयबाट नगदै दिने गरिएको थियो। म काम गर्ने उमागौरी कृषी सहकारी संस्थाको अमरदह शाखामा संचालक समितीका अध्यक्ष शम्भु प्रसाद रौनियार समेत कहिले काँही आउने गर्दा सामान्य चिनजान थियो। अन्य संचालक समितीका सदस्यहरु लक्ष्मण साह, आलम अन्सारी मिया, शम्भु प्रसाद सिंह, आमोद मण्डल, रोशन राजबंशी, जितमान ठाकुर, विजय कुमार यादब, सुरेन्द्र कुमार राजबंशी र असोक कुमार बिश्वासको नाम सुनेको थिए तर चिनाजन थिएन। म सामान्य सहकारीमा काम गर्ने कर्मचारी हुँ। मैले दैनिक रुपमा बचत गरेको रकम सधै सहकारीको कार्यालयमा गई बुझाउने गरेको थिए। मैले सो सहकारीको अमरदह शाखामा करिब ९ महिना काम गरेको थिए। सहकारीको अध्यक्ष शम्भु प्रसाद रौनियार समेतले महिला उधमसिल कर्जाको नाममा सस्तो ब्याजदरमा ऋण दिलाई दिन्छौ भनी बिभिन्न

मानिसहरुलाई ऋणको फारम भराई नबिल बैंकसंग साठँगाठ मिलेमतो गरी ऋणीको नाममा ऋण नदिई बैंकले शम्भु प्रसाद रौनियारको नाममा ऋण स्विकृत गराई निज शम्भु प्रसाद रौनियारले ऋणीलाई स्विकृत ऋण भन्दा कम ऋण दिई आफैले भोगचलन गरी ठगी गरेको, बचतकर्ताहरुको रकम समेत सहकारीका अध्यक्ष शम्भु प्रसाद रौनियारले आफ्नो व्यक्तीगत काममा खर्च गर्ने गरेको तथा ऋणीहरुले ऋणको किस्ता तिरेको रकम मध्ये पनि केही रकम मात्र बैंकमा दाखिला गरी बाँकी आफैले चलाई करोडौ रकम ठगी गरी भागेको भन्ने हल्लाखल्ला सुनी मैले सहकारीको काममा जान छाडेर हाल घरमै बसिरहेको छु। मैले सहकारीमा काम गरेको ४ महिनाको तलब समेत पाएको छुईन। यस सहकारी ठगी मुद्धामा मेरो कुनै किसिमको संलग्नता रहेको छैन। प्रस्तुत मुद्धाका प्रतिवादीहरु लगायत सो ठगी कार्यमा अन्य कोही संलग्न भएको भएमा निजहरुलाई समेत कानून बमोजिम कारबाही गरी सम्पुर्ण बचत/सेयर तथा ऋणकर्ताहरुको रकम सुरक्षित होस भन्ने समेत व्यहोराको **नितु कुमारी शर्माले गरेको कागज।**

<u>१६. भगिरथ खनाल एण्ड एसोसिएट्सको प्रतिवेदनः</u>

छानबीन प्रतिबेदनमा दैनिक बचत, मासिक बचत र आबधिक बचत गर्ने गरेकोमा उक्त संस्था स्थापनाकालबाटै लगातार घाटामा रहेको भए पनि संस्थाको बाह्य ऋण बढी देखाई कृतिम ऋणी समेत खडा गरी संस्थालाई नाफामा देखाएको जस अनुसार आ.ब. ०७९/०८० सम्म संस्थाको दायित्व खाता अनुसार **१८,४९,३९,९४४।११** (अठार करोड उन्पचास लाख चौरानब्बे हजार नौ सय चौवालिस रुपैया एघार पैसा) बराबरको निक्षेप हिसाव रहेको देखिएको भन्ने समेत उल्लेख भएको वासलतको विवरण तपशिल बमोजिम रहेको भनि उल्लेख गरेको पाईन्छ ।

सिनं	स्वपुंजी तथा दायित्व	आ.ब. ०७९।०८०	आ.ब. ०७८।०७९
१	शेयर पुंजी	२६१२३००	२९१२५३००
२	कोष हिसाब	४१२५०७३।७४	३८७५९६२।७४
(क)	जगेडा तथा अन्य कोष		
	अन्य बैंधानिक कोक्ष	१२३७५२२१।३७	११६२७८८।०६
३	निक्षेप हिसाब	२०३५४१५६।००	२०३५४१५६।००
४	ऋण लिएको हिसाब	११५६८७२९४।९०	१०५६७८२९५।८८
५	भुक्तानी दिनु पर्ने हिसाव		
६	कर्जा जोखिम ब्यवस्था	६२०३३२६।१०	४१९४२३०।००
७	अन्य दायित्व	७८५७२।००	१३५६८०।००
	जम्मा	**१८४९३९९४४।११**	**१७४९९१५१३।०८**
सि.नं.	सम्पती र जायजेथा	आ.ब. ०७९।०८०	आ.ब. ०७८।०७९
१	नगद मौज्दात	२२१९९४।२५	७७२२०२२।३८
२	बैंक मौज्दात	११३२५१।००	१०६७५३८।५१
३	लगानी हिसाब	५५०००।००	५५०००।००
४	ऋण लगानी	१७८७४४२२४	१५४९४५०३५।७५
५	पाउनु पर्ने हिसाब	१३००९५०।००	९२२४२६०।००

६	स्थिर सम्पति	१४८७३६३।८६	१९७७६५६।३५
७	संचित नोक्सान		
	जम्मा	**१८४९३९९४४।११**	**१७४९९१५१३।०८**

- आ.ब. २०७८।०७९ देखि २०८०।०८१ को आम्दानी खर्च र नाफा नोक्सान हिसाब खाता अनुसार र लेखा परीक्षण अनुसार फरक फरक बिबरण रहेको उल्लेख बनाई संस्था घाटामा रही संचालनमा हुँदा हुँदै पनि हानी नोक्सानी बिबरण भनि उल्लेख नगरी नाफामा नै रहेको देखाएको पाईन्छ ।

- उमागौरी कृषि सहकारी संस्थाले सहकारी ऐनले निर्देशित गरेका ऐन विपरीतका कुनै पनि आर्थिक कारोवार गरिने छैन भन्ने व्यवस्था गरी २०६८ मा उमागौरी कृषि सहकारी संस्थाको बिनिमय जारी भएको देखिन्छ ।

माथि उल्लेखित विवेचित मिसिल संलग्न कागजात प्रमाणहरुबाट प्रदेश सहकारी रजिष्टार तथा प्रशिक्षण कार्यालय कोशी प्रदेश सुनसरीको चलानी नम्बर १३९ मिति २०८१।०५।२४ को पत्र जाहेरी तथा योगिता शर्मा बास्तोला समेतले उमागौरी कृषि सहकारी संस्थाका संचालक समितिका अध्यक्ष लगायतका पदाधिकारी तथा सदस्य, लेखा समितका संयोजक, सदस्य समेतको बिरुद्धमा परेको जाहेरी दरखास्त, प्रस्तुत सहकारीको सम्बन्धमा प्राप्त बिज्ञको राय, बिभिन्न बैंक तथा वित्तय संस्थाहरुबाट प्राप्त हुन आएको बिबरण, उक्त सहकारीले संचालन गरेको सफ्टवयरमा सुरक्षित रहेको बिबरण समेतको प्रमाणहरुबाट सो सहकारीमा दैनिक बचत, मासिक बचत, आबधिक बचत, १ बर्षे, २ बर्षे, ५ बर्षे बचत योजना बनाई सर्वसाधरणहरुसंग बचत गर्न लगाउने, स्थानिय मानिसहरुलाई ऋण उपलब्ध गराउने भनि संस्थाको नाममा सम्झौता गर्दा अनिवार्य सदस्य बन्नु पर्ने र सदस्य बन्दाको अवस्थामा अनिवार्य सेयरको रकम जम्मा गर्ने गरेको देखिन्छ।

त्यस्तै ६,८४२ जना सेयर सदस्यहरुको रु.३,०८,८०,३००।- (तिन करोड आठ लाख असी हजार तिनसय रुपैया) सेयर रकम जम्मा भएको देखिन आएको छ । सोही सफ्टवयरमा रहेको अभिलेख अनुसार ७०७ जना ऋणीहरुले रु.२४,३०,२२,५३४।- (चौबिस करोड तिस लाख बाईस हजार आठसय चौतिस रुपैया) संस्थाबाट ऋण लिएकोमा हालसम्म रु.८,१३,६४,७०१।- (आठ करोड तेह्र लाख चौसठ्ठी हजार सातसय एक रुपैया) ऋण उठेको र रु.१६,१६,५७,८३२।- (सोह्र करोड सोह्र लाख सन्ताउन्न हजार आठसय बत्तिस रुपैया) ऋण उठ्न पर्ने देखिन्छ । तर उक्त ऋणहरुको सम्बन्धमा जाहेरी तथा निवेदन समेतको ब्यहोराबाट संस्थाका अध्यक्ष रहेका शम्भु प्रसाद रौनियारले उमागौरी कृषि सहकारी संस्थाबाट ऋण उपलब्ध बनाई तमसुक बनाएर धितोको लागि ऋणीहरुले घरजग्गा राखेकोमा सोही धितो राखिएको जग्गा नविल बैंक लिमिटेडमा धितो राखी कर्जानिकाली माग गरेको धितो रकम भन्दा आधा रकम मात्र सम्बन्धीत ऋणीलाई उपलब्ध गराई आधा रकम आफैले खाई मासी हिनामिना गरेको कारण हाल सफ्टवयरमा संस्थाले लगानी गरेको ऋण बढी देखिएको पाईन्छ ।

वि.स. २०६८ साल देखी सहकारी विभागमा दर्ता भई जिल्ला मोरङ धनपालथान गा.पा. वडा नं. ४ कर्सिया बजारमा कार्यालय रही संचालनमा रहेको उमागौरी कृषि सहकारी संस्थाले नियमक निकायबाट केन्द्र बिस्तार गर्ने अनुमती समेत नलिई अमरदह,आमबारी, रमाईलो लगायतको ठाउँमा शाखा बिस्तार गरी सस्तो ब्याजदरमा ऋण उपलब्ध गराउने र बचतकर्ताहरुको दैनिक तथा मासिक किस्ताबाटै ऋणको साँवा ब्याज कटिने भनेर प्रलोभन देखाई रकम बचत जम्मा गर्न लगाएको देखिन्छ भने कर्जाको लागि धितो राखेको घरजग्गा सम्बन्धित ऋणीहरुको सहमती बिना नै नविल बैंकमा धितो राखी उक्त रकम निकासा भए पश्चात प्रतिवादी शम्भु प्रसाद रौनियार, चालकको रुपमा रहेको मो. निजामुद्धिन र सहकारीको कर्मचारी सोनु यादब मार्फत झिक्न लगाई अपचलन गरेको देखिन्छ भन्ने समेत व्यहोराको **भगिरथ खनाल एण्ड एसोसिएट्सको प्रतिवेदन।**

अभियुक्त उपरको अभियोग:

यसमा ईलाका प्रहरी कार्यालय, रंगेली, मोरङबाट अनुसन्धानको कार्य भई निर्णयार्थ प्राप्त हुन आएको मिसिल संलग्न जाहेरी दरखास्त, बरामदी/खानतलासी मुचुल्का, पक्राउ प्रतिवादीले गरेको वयान एवं बुझिएका मानिसहरुले गरेको कागज तथा खनाल एण्ड एसोसिएट्स (ब्रिज) को संस्थाको अवस्था खुल्ने प्रतिवेदन समेतका आधार प्रमाणहरुबाट बिरुद्ध खण्डमा उल्लिखित प्रतिवादीहरु **रोशन राजबंशी, शम्भु प्रसाद रौनियार, लक्ष्मण साह रौनियार, आलम अनसारी मियाँ, शम्भु प्रसाद सिंह, आमोद कुमार मण्डल, जितमान ठाकुर, बिजय कुमार यादव, सुरेन्द्र कुमार राजबंशी, अशोक कुमार बिश्वास, दिलमाया राई, अंजला कोईराला, उपासी राजबंशी, सोनु यादव, मोहमद नजाम उद्दिन, चम्पा गिरी, शम्भु प्रसाद सिंह, संतलाल खवास, लक्ष्मीदेबी कार्की राजबंशी, ज्योती बास्कोटा, सुमन लोहनी, मित्र प्रसाद सिवाकोटी, सरदराज सिंह, मो. नसरुदिन, मनोज कुमार सोनी, यशोदा कुमारी राजबंशीले उमागौरी कृषि सहकारी संस्था लि.मा संचालक समिती तथा ऋण समिती समेतमा रहेका संस्था पदाधिकारीहरुले संस्था बचतकर्ताहरुलाई बचत गर्न लगाई सस्तो व्याजदरमा ऋण प्रवाह गर्ने भनी झुटो आश्वासन दिई महिला उद्यमसिल कर्जा सस्तो दरमा दिलाउने भनी नबिल बैंकलाई देखाई मिलाई संस्थाबाट बचतकर्ताहरुले लिने गरेको ऋणमा समेत हेरफेर गरी सेयर कमिसन, नियम बिनियमको अवज्ञा गरी बिभिन्न स्थानमा शाखा खोली बचत रकम उठाउने गरेको, कर्जा कमिसन तथा ऋण प्रवाह नगरी केही रकम मात्र प्रवाह गरी रकम खाने पचाउने नियतले संस्थाको जम्मा रकम रु.२२,४८,२७,७००/२० (बाईस करोड अड्चालिस लाख सत्ताईस हजार सात सय रुपैयाँ बिस पैसा) हिनामिना गरी** सहकारी ऐनले निषेधित कार्य कसूर गरेको वारदात स्थापित हुन आयो।

अब, निज बिरुद्ध खण्डमा उल्लिखित प्रतिवादीहरुले गरेको कसूर अपराधमा के कस्तो सजायको मागदावी लिने हो भनी मिसिल संलग्न कागजातहरु अध्ययन गरी हेर्दा म जाहेरवाला योगिता शर्मा बास्तोलालाई प्रतिबादी शम्भु प्रसाद रौनियार अध्यक्ष भएको उमागौरी कृषि सहकारी संस्थाले सस्तो व्याजदरमा महिला उद्यमशिल कर्जा दिने प्रलोभनमा पारेपछी म जाहेरवालाले संचालक समितिको विश्वासमा परि निज प्रतिवादीहरुले जिल्ला मोरङ धनपालथान गा.पा.वडा नं.४ कर्सिया स्थित संचालनमा रहेको श्री उमागौरी कृषि सहकारी संस्था लिमिटेडको कार्यालयमा आई निजहरुले भने बमोजिम मेरो नाममा दर्ता रहेको जिल्ला मोरङ विराटनगर १ (ख) कि.नं.२३२३ ज.व.मि. १५२।३६ जग्गाको लालपुर्जा समेत दिएकोमा निज प्रतिवादीहरुले मलाई के-कुन कागजहरुमा सही छाप गराई मिति २०७८।०६।२४ मा मेरो जग्गा रोक्का राखी त्यसको करिब २ महिना पछी प्रतिवादी शम्भु प्रसाद रौनियारले मलाई फोन गरी तपाईहरुको नबिल बैंक विराटनगर शाखाबाट ऋण रकम निकासा भएको छ लिन आउनु भनी जिल्ला मोरंग धनपालथान गा.पा. वडा नं. ४ कर्सिया स्थित संचालनमा रहेको श्री उमागौरी कृषि सहकारी संस्था लिमिटेडको कार्यालयमा बोलाएकोमा म उक्त कार्यालयमा निकाशा भएको ऋण रकम लिन जाँदा प्रतिबादीले श्री उमागौरी कृषी सहकारी संस्था लिमिटेड धनपालथान वडा नं. ४ कर्सियाको नामको खाता नं. ००१००१००४४८११ भएको चेकमा नगद रु.७,००,०००।- (सात लाख) उल्लेख गरी प्रतिबादीहरुले सहीछाप गरी मलाई दिएकोमा अन्य निकासा भएको रकम पनि दिनु भन्दा निज प्रतिवादीहरुले तपाईहरुको जम्मा निकासा भएको ऋण रकम रु.१०,००,०००।- (दश लाख) मध्ये नगद रु.१,००,०००।- (एक लाख) सेयर, सेवा सुल्क रु.२२,५००।- (बाईस हजार पाँच सय), बिमा वापत रु.१०,०००।- (दश हजार) काटिएको छ, बाँकी रु.२,००,०००।- (दुई लाख) नगदै दिन्छौ भनेकोले हामीले निजहरुको कुरामा बिस्वासमा परि सोही दिन चेक लिई मेघा बैंक लिमिटेड विराटनगरमा गई चेकमा उल्लेखीत रकम बैंकबाट लिएका थियौ। पुन केही दिन सोही सहकारीको कार्यालय कर्सियामा मलाई प्रतिबादी शम्भु प्रसाद रौनियारले नगदै रु.२,००,०००।- (दुई लाख) दिएको थियो। हामीले सहकारी मार्फत लिएको ऋण नबिल बैंकमा किस्ता

बुझाउन जाने भन्दा प्रतिबादीहरुले तपाईहरुले यही किस्ता बुझाउने हो हामीले आफै बैंकमा ऋणको किस्ता दाखिला गर्ने छौ भनेकोले मैले मिति २०७८।०७।२४ गते देखी मासिक रुपमा नगद रू.२४,५००।- (चौबिस हजार पाँचसय) बुझाँउदै आई रहेकोमा अन्तिम पटक २०७९।०७।२९ गते किस्ता रकम बुझाउँदा मैले श्री उमागौरी कृषी सहकारी संस्था लिमिटेड धनपालथान वडा नं.४. कर्सियाले म जस्तै विभिन्न बचतकर्ता, सेयरकर्ता तथा ऋणीहरुले जम्मा गरेको रकम हिनामिना ठगी गरी सहकारी बन्द अवस्थामा रहेको भन्ने हल्लाखल्ला सुनी थाहा पाई प्रतिबादीहरुलाई फोन सम्पर्क गर्दा फोन सम्पर्क हुन नसकी निजहरु हाल भागि फरार अवस्थामा रहेको छन । यसरी प्रतिवादीहरुले म समेतलाई सस्तो ब्याजदरमा ऋण उपलब्ध गराईदिन्छौ भनी बिस्वासमा पारी उमागौरी कृषि सहकारी संस्थामा कागजातहरुमा हस्ताक्षर गराई म जाहेरवालाले मैले लिएको ऋण भन्दा दोब्बर तेब्बर ऋण रकम हाम्रो नामको कागजातहरु प्रयोग गरी हाम्रै नाममा नविल बैंक लिमिटेडका विराटनगर शाखा प्रमुख लगायतका कर्मचारीहरुसँग गठमेल साठगाठ गरी हाम्रो उपस्थिती र कुनै सोधपुछ समेत नगरी हाम्रो नाममा ऋण दिएको र नविल बैंकमा हाम्रो नाममा पास भएको ऋण मध्ये केही प्रतिशत ऋण मात्र उमागौरी कृषि सहकारी संस्थाले हामीलाई दिई अन्य रकम आफै राखी हाम्रो नामको ऋण आफैले भोगचलन गरी अपचलन गरेको, हामीले लिएको ऋणको सावा तथा ब्याज समेत नियमित रुपमा उमागौरीका सहकारी संस्थाका कलेक्टरहरु मार्फत दिदै आएपनि हामीले दिएको रकम नविल बैंकमा दाखिला नगरी उक्त रकम समेत आफै भोगचलन गरी अपचलन गरि सेयर वापत रु.१,००,०००।- (एक लाख), सेवा सुल्क वापत रु.३२,५००।- (बत्तिस हजार पाँच सय) र हामीले किस्तामा जम्मा गरेको रकम रु.३,४१,२००।- (तिन लाख एक चालिस हजार दुई सय) समेत गरी जम्मा रु.४,७३,७००।- (चाल लाख त्रिहत्तर हजार सातसय) ठगी गरेको हुँदा निज प्रतिवादीहरु लगायत सो ठगी गर्ने कार्यमा अन्य कोही संलग्न भएमा अनुसन्धान गरी सहकारी ऐन अन्तर्गत अनुसन्धान तथा कारवाही गरी गरी म जाहेरवालाको रकम फिर्ता गरी पाउँ भन्ने समेत व्यहोराको **योगिता शर्मा बास्तोलाले दिएको जाहेरी समेतबाट उठान भएको प्रस्तुत मुद्दामा अन्य जाहेरवालाहरुको व्यहोराबाट समेत उमागौरी सहकारीबाट आफुहरुको समेतत रकम अपचलन गरी खाएको, बचत लगायतको रकम फिर्ता नगरेको, सहकारी संस्था नै धारासायी बनाएको भन्ने देखिन आयो। प्रतिवादी रोशन राजवंशीले बयान गर्दा** उमागौरी कृषी सहकारी संस्था लिमिटेड कर्सिया स्थित मिति २०६८ सालमा स्थापना भएको थियो। उक्त समयमा सहकारीका अध्यक्ष मेरो चिनजानको शम्भु प्रसाद रौनियार हुनुहुन्थ्यो। उक्त संस्था स्थापना भए देखीकै म बचतकर्ता हुँ। मलाई सो समयमा ब्यापारको लागी केही रकम आवश्यक परेको तथा उमागौरी कृषी सहकारी संस्था लिमिटेडले १४% ब्याजदरमा कर्जा दिने भन्ने थाहा पाई म सो सहकारीमा गई अध्यक्ष शम्भु प्रसाद रौनियारसँग कुरा गर्दा निजले मलाई आफ्नो वा आफ्नो एकाघरको कोही कसैको जग्गा धितो राखेर म ऋण निकाल्छु तिमीलाई के-कति चाहिन्छ लानु बाँकी रहेको रकम म संस्था मार्फतबाट लगानी गर्छु र तिमीलाई ब्याजमा सहुलियत गर्छु तर त्यसको लागी तिमीलाई यस सहकारीको संचालक समिती सदस्य बन्नु पर्छ भनेकोले मलाई सो संस्था उस बेला राम्रै चलेको भन्ने बुझी ठिकै होला भनी म सो संस्थामा आबद्ध हुन राजी भएको थिए। मिति २०७१।०६।२६ गते उमागौरी कृषी सहकारी संस्था लिमिटेडको तेश्रो साधारण सभामा मलाई सहकारीले सर्वसम्मतबाट संचालक समितीको सदस्यमा मनोनित गरिएको थियो। म सो सहकारीको संचालक समितीको सदस्य पदमा आबद्ध हुदाको बखत अध्यक्षमा शम्भु प्रसाद रौनियार, उपाध्यक्षमा दिलमाया राई, सचिवमा आलम अंसारी, कोषाध्यक्षमा शम्भु प्रसाद सिंह, सदस्यहरुमा मित्र प्रसाद सिवाकोटी, अशोक कुमार बिश्वास र म समेत ७ जना थियौ। लेखा समितीमा को को हुनु हुन्थ्यो मैले याद गरिन। २०७३ सालमा प्रतिबादी शम्भु प्रसाद रौनियारले मेरो आमा हेम कुमारी राजबंशीको जिल्ला मोरङ धनपालथान गाउँपालिका वडा नं.४ कर्सिया स्थित रहेको २ कित्ताको जम्मा १ कठ्ठा १६ धुर जग्गा सिभिल बैंक विराटनगर शाखामा धितो राखी उमागौरी कृषी सहकारी संस्थाको नाममा रु.८०,००,०००।- (असी लाख) कर्जा स्विकृत गराई मलाई उक्त कर्जा रकमबाट पटक पटक गरी

नगद रु.३०,००,०००।- (तीस लाख) दिएको थियो। बाँकी रहेको कर्जा रकम सम्बन्धमा मैले प्रतिवादी शम्भु प्रसाद रौनियारसँग कुरा गर्दा संस्थागत हिसाबले लगानी लगाएको छु, तपाईलाई ब्याजमा केही कम गरिदिउला पछी लगानी उठेपछी जग्गा कर्जा चुक्ता गरी सिभिल बैंकबाट धितो फुकुवा गरी दिन्छु भनी आश्वसन दिएको थियो। यसै विच २०७४ सालमा स्थानिय निकायको निर्वाचनमा म नेपाली काङग्रेस पार्टीबाट धनपालथान गाउँपालिका वडा नं.४ को वडा अध्यक्ष पदको लागी टिकट दिएको र निर्वाचनमा म बिजयी भई वडाअध्यक्ष पदमा म आफ्नै कार्यालयमा ब्यस्त हुने गर्थे। म सहकारीको नामको मात्र संचालक समितीको सदस्य थिए। प्राय कुनै पनि बैठकहरुमा उपस्थित भएको थिईन। सो सहकारीले कहिले काँही बैंक तथा वित्तीय संस्थाहरुबाट कर्जाको लागी भनी प्रतिवादी शम्भु प्रसाद रौनियारले सहकारीका कर्मचारीहरुलाई वडा कार्यालयमा कागजातहरु पठाउने गरेकोमा मैले निज शम्भु प्रसाद रौनियारलाई फोन सम्पर्क गर्दा निजले सहकारीले लगानी गर्नको निमित्त बैंक तथा बित्तीय संस्थाबाट ऋण माग गर्नको लागी आवश्यक कागजात हो तपाईले सही गरिदिनु भनी भन्ने गरेको थियो। बैंक तथा वित्तीय संस्थाहरुबाट के-कति रकम कर्जा आएको छ भन्ने विषयमा मलाई कुनै जानकारी गराईएको थिएन। मैले बेलाबखत सोधीखोजी गर्दा निज अध्यक्ष शम्भु प्रसाद रौनियार लगायतका अन्य सदस्यहरुले बैंकले कर्जा लगानी गर्न मानेन भनी जवाफ दिने र पुनः अन्य बैंक तथा वित्तीय संस्थाको कागजातहरु ल्याई मलाई सही गराउने गरिएको थियो। मलाई बैंक तथा वित्तीय संस्थाबाट के-कति कर्जा प्रबाह भएको के-कहाँ लगानी लगाईएको छ केही जानकारी थिएन। मिति २०७३।०९।०२ गतेको उमागौरी कृषी तथा सहकारी संस्थाको पाँचौ वार्षिक साधरण सभाबाट सो संस्थामा अन्जला कोईराला समेत संचालक समिति सदस्यको रुपमा मनोनित हुनु भएको थियो। २०७९ सालको फागुण महिनामा संस्थाको अध्यक्ष शम्भु प्रसाद रौनियार र सचिव आमल अंसारी मिया विरुद्ध RSDC लघुवित्त संस्थाले जिल्ला प्रहरी कार्यालय रुपन्देहीमा चेक बाउन्स मुद्धा दर्ता गराई सचिव आलम अंसारी मिया पक्राउ परेपछी मात्र मैले संस्थामा हिनामिना भएको कुरा थाहा पाए पश्चात पटक पटक प्रतिबादी शम्भु प्रसाद रौनियारलाई भेटी लिखत रुपमा राजिनामा समेत बुझाउँदा पनि निजले कुनै सुनुवाई नगरेको तथा म लगायत संस्थाका पदाधिकारीहरुले निजलाई सम्पुर्ण हर हिसाब मिलाउनु, लगानी के भएको छ ? बैंक तथा वित्तीय संस्थाहरुबाट आएको कर्जा रकम के काँहा लगानी गर्नु भएको छ भनी पटक पटक सोधपुछ गर्दा निजले म चाडै मिलाउछु भन्दै भाग्दै हिड्ने गरेको थियो। यसै बिच संस्थाका बिभिन्न बचतकर्ता/सेयरकर्ता तथा ऋणीहरुले प्रदेश सहकारी रजिष्ट्रार तथा प्रशिक्षण कार्यालय कोशी सुनसरीमा निवेदन दिई प्रतिवादी शम्भु प्रसाद रौनियार लगायत म समेतका पदाधिकारीहरु बसेर उपस्थित पीडितहरुसँग छलफल गर्दा १५ दिन भित्र सम्पुर्ण पीडितहरुको रकम फिर्ता गर्ने समेतको सहमती भएकोमा संस्थाको सम्पुर्ण हिसाबकिताब निजै प्रतिबादी शम्भु प्रसाद रौनियारलाई मात्र एकलौटी रुपमा थाहा हुने गरेको हुँदा निज सो मिति देखि नै भागी भागी हिडने गरेको कारण कार्यान्वयन हुन नसकेकोले र म लगायत सहकारी संस्थाको संचालक समितिको अन्य पदाधिकारीहरु समेतले निज शम्भु प्रसाद रौनियारले सहकारी संस्थाको चरम दुरुपयोग गरेको भनी उजुरी दिने तरखर गर्दै गरेको अवस्थामा प्रदेश सहकारी रजिष्ट्रार तथा प्रशिक्षण कार्यालय सुनसरीबाट प्रतिबादी शम्भु प्रसाद रौनियार लगायत हामी संस्थाका अन्य ९ जना पदाधिकारीलाई कानून बमोजिम अनुसन्धान तथा कारबाहीको लागी इलाका प्रहरी कार्यालय रंगेलीमा पत्र पठाएपछी प्रहरीले हामी बिरुद्द सम्मानित अदालतबाट पक्राउ अनुमती लिएको भन्ने जानकारी प्राप्त भएकोले म मिति २०८१।०८।०२ गते प्रस्तुत सहकारी ठगी मुद्धामा म आफै पीडित भएको हुनाले प्रहरी अनुसन्धानमा आवश्यक सहयोग पुराउनको लागी म निवेदनसाथ आफै उपस्थित भएको हुँ। प्रस्तुत मुद्दाको वयानको क्रममा मिसिल संलग्न विभिन्न कागजातहरुमा रहेको मेरो नामको हस्ताक्षरहरु हेर्दा मेरो सक्कल हस्ताक्षर नभई मेरो जस्तै हस्ताक्षर गरिएको धेरै हस्ताक्षरहरु देखेको हुँदा सहकारी संस्थाको रकम हिनामिना गर्ने कार्यमा मेरो कुनै संलग्नता नभई हिनामिना गर्ने सम्पुर्ण कार्य प्रतिवादी शम्भु प्रसाद रौनियारको हुनुपर्छ। उमागौरी कृषि तथा सहकारी संस्था लिमिटेडले ऋण प्रबाह

गर्दा मैले थाहा पाए सम्म नगद रु.१,००,०००।- (एक लाख) सम्म बिना धितो र त्यो रकम भन्दा बढी ऋण प्रबाह गर्दा कर्जा लिन आउने मानिसहरुको जग्गा धितो बन्धकी राखेर ऋण लगानी गरिने गरेको बुझेको थिए। तर संस्थाको अध्यक्ष शम्भु प्रसाद रौनियारले आफैले कागजात मिलाई १ लाख भन्दा बढी ऋण रकम समेत बिना धितोनै दिने गरेको रहेछ। निज प्रतिबादी शम्भु प्रसाद रौनियारले ऋण म लगायत संचालक समितिका अन्य पदाधिकारीहरुको सल्लाह बिनानै आफुखुसी कागजातहरु मिलाई बिभिन्न मानिसहरुलाई १ लाख भन्दा बढी रकम समेत बिना धितो ऋण दिने गरेको रहेछ। मिसिल संलग्न उमागौरी कृषी सहकारीको सफ्टवेयरमा उल्लेखित ऋणीहरुको नाम थर हेर्दा प्राय ऋणीहरुले ऋण रकम बुझाई सकेता पनि अपडेट नभएको, ऋणीहरुले लिएको ऋण रकम भन्दा दोब्बर तेब्बर रकम उल्लेख गरि अपडेट गरेको देखिन्छ। सहकारीका अध्यक्ष शम्भु प्रसाद रौनियारको एकल निर्णयबाट संस्था चल्ने गरेकोले निजले ऋणीहरुलाई नबिल बैंकबाट सस्तो ब्याजदरमा महिला उद्यमशिल कर्जा सस्तो निकालीदिन्छु भनी ऋण निकाली केही प्रतिशत ऋण ऋणीहरुलाई दिई बाँकी आफैले अपचलन गरेको कुरा पछी सहकारी संस्थाको माध्यमबाट नविल बैंकमा ऋण लिएका ऋणीहरु ठगिएको भनी विभिन्न प्रचार प्रसारहरु हुन थालेपछी म लगायत अन्य संचालक समितिहरुले निज प्रतिवादी शम्भु प्रसाद रौनियारलाई पटक पटक ऋणिहरुको वास्तविक ऋण बाहेक अन्य निजले अपचलन गरेको ऋण फिर्ता गरी हिसाब किताब मिलान गर्नु भनी भन्दा समेत निजले आज भोली भन्दै सबैलाई आलटाल गर्दै अलमल्याउदै आईरहेका थिए। मैले थाहा पाएसम्म २०७८ सालमा उमागौरी कृषी सहकारी संस्था लिमिटेड र नबिल बैंक बिच महिला उद्यमशिल कर्जा सस्तो ब्याजदर ४ प्रतिशतमा बिना धितो ऋण कर्जा दिने भनी सम्झौता भएको रहेछ भनी पछी थाहा पाएको थिए। सम्झौता अनुसार ऋणिहरुको ऋण स्वीकृत भएको करिब १ वर्ष पछी स्वीकृत ऋण रकम भन्दा कम ऋण ऋणीहरुलाई दिई बाँकी ऋण रकम सहकारीको नाममा प्रतिवादी शम्भु प्रसाद रौनियारले हिनामिना गरेको भन्ने पीडितहरुबाट गुनासो आउन थालेपछी म ऋणीहरुको समस्या लिएर एक पटक नबिल बैंक लिमिटेड विराटनगर महेन्द्र चोक शाखामा गई सो सम्बन्धमा बैंकका तत्कालिन मेनेजर सुवास आचार्यसँग बुझ्दा ऋणीहरुको स्विकृत भएको ऋण रकम निजहरुकै खातामा जम्मा हुने तर ऋणीहरुले के कुन पेपर (एग्रिमेन्ट पेपर) मा सही गरे पश्चात ऋणीहरको स्वीकृत ऋण रकम अन्यले समेत झिक्न पाउने प्रवधान रहेको भनी निजले मलाई बताएपछी मैले प्रतिवादी शम्भु प्रसाद रौनियारलाई भेटी ऋण रकम सम्बन्धमा कुरा गर्दा निजले ऋणीहरुले उमागौरी सहकारी संस्थामा जे जति ऋण रकम माग फारम भरेका थिए सोही रकम मात्र निजहरुलाई ऋण प्रवाह गरिएको थियो, निजहरुको नाममा नविल बैंकबाट निकाशा भएको अन्य ऋण रकम म स्वयमले उपभोग गरेको छु, सबैको हिसाब मिलाई दिन्छु तपाई नआत्तिनु भनी मलाई जवाफ दिएका थिए। निज प्रतिबादी शम्भु प्रसाद रौनियारले नविल बैंकसँग सम्झौता गरी ऋणिहरुको के-कति रकम हिनामिना गरेका छन मलाई यकिन विवरण थाहा छैन। आ.व.२०७४/०७५ सालमा म आबद्ध उमागौरी सहकारीमा संचालक समितीमा अध्यक्ष शम्भु प्रसाद रौनियार, उपाध्यक्ष दिलमाया राई, सचिव आलम अंसारी मिया, कोषाध्यक्ष शम्भु प्रसाद सिंह, सदस्यहरुमा आमोद मण्डल, अंजला कोईराला र म थियौ। लेखा तथा सुपरिवेक्षण समितिमा संयोजक संजिव बिष्ट, सदस्यहरुमा सुरेन्द्र कुमार राजबंशी र प्रमानन्द झा हुनु हुन्थ्यो। आ.व.२०७५/०७६ सालमा लेखा तथा सुपरिवेक्षण समितिको संयोजक संजिब बिष्टको ठाँउमा विजय कुमार यादब र सदस्य प्रमानन्द झाको ठाँउमा असोक कुमार विस्वास प्रवेश गर्नु भएको थियो। अन्य यथावत नै थियौ। आ.व.२०७६/०७७ सालमा सबै संचालक समितिमा यथावत थियौ। आ.व.२०७८/०७९ सालको उमागौरी सहकारीको दशौ वार्षिक साधारण सभाबाट संस्थाको उपाध्यक्ष दिलमाया राई र सदस्य अन्जला कोईरालाको राजिनामा पास भए पश्चात सोही साधहरण सभाबाट उपाध्यक्षमा उपसी देवी राजबंशी र सदस्य जितमान ठाकुर, मेरो स्थानमा यसोदा कुमारी राजबंशीलाई चयन गरिएको थियो। अन्य सबै यथावत नै रहेको थियो। २०८० मा भएको १२ औ साधारण सभाबाट संस्थाको उपाध्यक्षमा लक्ष्मण साह चयन गरिएको थियो। संचालक समित सदस्य

अन्जला कोईरालाको श्रीमान राजनीतिक रुपमा प्रतिष्ठित व्यक्ति रहेको कारण निज अन्जला कोईरालालाई समेत संचालक समितिमा राखी संस्थाको ख्याती बढ्ने उदेश्यले प्रतिवादी शम्भु प्रसाद रौनियारले निज अन्जला कोईरालालाई संचालक समितिमा आवद्द गराएका थिए। निज अन्जला कोईराला, म लगायत संचालक समितिका सदस्यहरु समेतले संस्थालाई हालको अवस्थासम्म पुग्न नदिनको लागी आफ्नो दायित्व निर्वाह गर्नु पर्नेमा सो नगर्नु मात्र हाम्रो कमजोरी हुन गएको हो। कर्मचारीहरुमा मैले थाहा पाएसम्म सोनु यादव र मो.नजामुद्दिनको केही संलग्नता रहेता पनि निजहरुले समेत प्रतिबादी शम्भु प्रसाद रौनियारकै निर्देशनमा बचतकर्ता, ऋणिहरुको रकम बैंकमा डिपोजिट गर्ने, भुक्तानी लिने गरेका हुन। संस्था क्रमस धारायासी हुँदै गएपछी म समेतका पदाधिकारीहरुले पटक पटक सहकारीको अध्यक्ष शम्भु प्रसाद रौनियारलाई भेटी तपाईले सहकारीको संम्पुर्ण हर हिसाब मिलाउनुहोस भनी दबाब दिएका थियौ। निजले मैले पैसा चलाएको छु, मिलाउछु भन्नु हुन्थ्यो पछी निज आफै भागी भागी हिड्न थालेपछी हामीले कुनै प्रयत्न गर्न सकेनौ। संस्थामा सबै पदाधिकारीहरुको दायित्व हुने भएकोले संस्था डुब्नुमा म लगायतका संस्थाको सबै पदाधिकारीहरुको जिम्मेवारी हुन्छ भनी उल्लेख गरेका छन्।

त्यसैगरी बुझिएका रंजिता राजवंशीले गरेको कागज व्यहोरामा उमागौरी कृषी सहकारी संस्था लिमिटेडमा आबद्ध पत्रमा उल्लेखित प्रतिवादीहरु शम्भु प्रसाद रौनियार लगायतका मानिसहरुलाई म चिन्दछु । म मिति २०७६ सालको असार महिना देखी उमागौरी कृषी सहकारी संस्थाको अमरदह शाखामा बजार प्रतिनिधी पदमा काम गर्थे । सो समयमा शाखा प्रमुखमा अजय कुमार लाल दास हुनु हुन्थ्यो । म काम गर्न थालेको करिब १० महिना पछी निज शाखा प्रमुख अजय कुमार लाल दासले राजिनामा दिनु भई जानु भएपछी सो संस्थाको अध्यक्ष शम्भु प्रसाद रौनियारले नया शाखा प्रमुख नआउन्जेल तपाईले शाखा प्रमुखको रुपमा काम गर्नु भनी भनेपछी सोही अनुसार मैले कलेक्टर तथा शाखा प्रमुखको रुपमा समेत काम गरेको थिए । सो शाखामा काम गर्ने कलेक्टर मध्ये जिल्ला मोरङ सुनवर्षी नगरपालिका वडा नं. २ अमरदह बस्ने संजिता आचार्यले विभिन्न बचतकर्ताहरुले बचत गरेको रकम रु.२,५५,०००।- (दुई लाख पचपन्न हजार) हिनामिना गरेको भन्ने मैले थाहा पाई हेड अपिस कर्सिया शाखामा मौखिक तथा मिति २०७७।०७।२० गते लिखित निवेदन सहित जानकारी गराएकी थिए । त्यसको केही दिन पछी म तथा संजिता आचार्य समेतलाई अबिभावकहरु सहीत हेड कार्यालयमा बोलाई हामीले बचतकर्ताहरुको के-कति रकम हिनामिना भएको छ छानबिन गरि रहेका छौ । तपाईले अहिले यो खाली तमसुक कागजमा सही छाप गरेर बिदा बस्नु भन्दा मैले म खाली कागजमा सही गर्दिन बरु के-कति हिनामिना भएको छ, प्रमाणित भएमा तिर्छु भनी भन्दा यो प्रकृया हो तपाईलाई केही हुदैन सहीछाप गर्नै पर्छ भनी मलाई दबाब दिएकोले मैले खाली तमसुक कागजहरु तथा नगद बुझेको खाली भौचर कागजमा समेत सहीछाप गरी मेरो श्रीमान समेत जमानीमा बसी सही छाप गर्नु भएको थियो । त्यस दिन पछी मलाई सहकारीले बोलाएको छैन, सहकारीमा काम गरेको पनि छुईन । हाल प्रहरीले मलाई यस इलाका प्रहरी कार्यालयमा बोलाउँदा मात्र मलाई सो सहकारीका कर्मचारीहरुले खाली तमसुक तथा नगद बुझेको भौचर कागजमा सही छाप लगाई रु. २,००,०००।- (दुई लाख) ऋण बुझेको देखाईएको रहेछ । मैले भौचरमा उल्लेखित ऋण रकम बुझेको होईन । उक्त रकम बुझेको कागज बनाई प्रतिबादीहरुले नै लिएको हुनु पर्छ । यस सहकारी ठगी अपराधमा मेरो कुनै संलग्नता रहेको छैन । यस उमागौरी कृषी सहकारी संस्थाले कुनै पनि शाखा बिस्तार गर्न नपाईने भन्ने कुराको जानकारी मलाई थिएन । प्रतिवादी शम्भु प्रसाद रौनियार समेतले सहकारीका बचतकर्ता/सेयर कर्ता तथा ऋणीहरुको रकम खाईमासी हाल फरार भएको भन्ने थाहा पाएको छु । निज प्रतिबादीहरुलाई कानुन बमोजिम कारबाही गरी बचतकर्ता/सेयर कर्ता तथा ऋणीहरुको रकम सुरक्षित होस भनी उल्लेख गरेकी छन्।

सेजल बस्नेतले कागज गर्दा म विराटनगर स्थित मेरील्यान्ड कलेजमा पढने क्रममा करिब २ वर्ष अगाडी बिहानको कलेज भएको र दिउँसो फुर्सदिलो हुने भएकोले केही रोजगार खोजी रहेको बखत हाम्रो टोल नजिकै कर्सिया

बजारमा रहेको उमागौरी सहकारी संस्था लिमिटेडमा एसिस्टेन्ड पदमा खाली रहेको भन्ने सुनी म सो सहकारीको कार्यालयमा गई सो सहकारीका अध्यक्ष शम्भु प्रसाद रौनियारलाई भेट गरी कुराकानी हुँदा निजले मेरो डकुमेन्ट चेक गरी मलाई एसिस्टेन्ड पदमा नियुक्ती गर्नु भयो तर निजले मलाई कुनै नियुक्ती पत्र दिनु भएको थिएन। म काम गर्ने क्रममा सहकारीको कार्यालयमा दिनको करिब १२:०० वजेको समयमा आँउदा सहकारीको कार्यालयमा मैले चिनेको दुर्गा राई, चम्पा गिरी, सनम तामाङ, सोनु यादबलाई देख्थे। संचालक समितीका मानिसहरुमा प्राय सहकारीको अध्यक्ष शम्भु प्रसाद रौनियारलाई मात्र देख्थे। अन्य संचालक समितीका सदस्यहरु लक्ष्मण साह, आलम अन्सारी मिया, शम्भु प्रसाद सिंह, आमोद मण्डल, रोशन राजबंशी, जितमान ठाकुर, विजय कुमार यादब, सुरेन्द्र कुमार राजबंशी र असोक कुमार बिश्वासको नाम सुनेको थिए तर चिनाजन थिएन। म सो सहकारीको लेखा फाँटको सहकारीको सफ्टवेयर अपडेट गर्ने काम गर्थे। म सुरुमा सहकारीमा जाँदा सो सहकारीको लेखा फाँटको सफ्टवेयर अपडेट भएता पनि अधुरो लथालिङ्ग थियो। म गए देखी प्रथम आई.टी. सिस्टम प्राईभेट लि.का सरहरुले मलाई सिकाए अनुसार मैले आफुले काम गर्दा सकेसम्म सबै अपडेट गरेको थिए। सो सहकारीका अध्यक्ष शम्भु प्रसाद रौनियारले कहिले काँही ऋणको विवरणमा कुनै कुनै ऋण सम्बन्धमा अपडेट नगर्नु भनी मलाई दबाब दिन थालेपछी मलाई सो सहकारीले ठगी गर्न थालेको कुरा शंका लागी १३ (तेह्र) महिना काम गरी मैले सहकारी छोडेर हाल घरमै बसिरहेको छु। सो सहकारीले मलाई काम गरे वापत ९ महिनाको तलब समेत दिएको छैन। सहकारीको अध्यक्ष शम्भु प्रसाद रौनियार समेतले महिला उधमसिल कर्जाको नाममा सस्तो ब्याजदरमा ऋण दिलाई दिन्छौ भनी बिभिन्न मानिसहरुलाई सहकारीमै बोलाई ऋणको फारम भराई नबिल बैंकसंग सहकार्य गरी मिलेमतो गरी ऋणीको नाममा ऋण नदिई बैंकले शम्भु प्रसाद रौनियारको नाममा ऋण स्विकृत गराई निज शम्भु प्रसाद रौनियारले ऋणीलाई स्विकृत ऋण भन्दा कम ऋण दिई आफैले भोगचलन गरी ठगी गरेको तथा बचतकर्ताहरुको रकम समेत सहकारीका अध्यक्ष शम्भु प्रसाद रौनियारले आफ्नो व्यक्तीगत काममा खर्च गर्ने गरेको तथा ऋणीहरुले ऋणको किस्ता तिरेको रकम मध्ये पनि केही रकम मात्र बैंकमा दाखिला गरी बाँकी आफैले चलाई ठगी गरेको हो। यस सहकारी ठगी मुद्धामा मेरो कुनै किसिमको संलग्नता रहेको छैन। सहकारीका अध्यक्ष शम्भु प्रसाद रौनियारले मलाई ऋणको बिबरण अपडेटमा कुनै कुनै ऋणहरुको अपडेट नगर्नु भनी पटक पटक दबाब दिएपछी मैले सहकारीले ठगी गर्न थालेको आभास भई काम छोडेको हुँ। प्रस्तुत मुद्धाका प्रतिवादीहरु लगायत सो ठगी कार्यमा अन्य कोही संलग्न भएको भएमा निजहरुलाई समेत कानून बमोजिम कारबाही गरी सम्पुर्ण बचत/सेयर तथा ऋणकर्ताहरुको रकम सुरक्षित होस भनी उल्लेख गरेको देखिन्छ भने प्रस्तुत वारदातलाई थप पुष्टि हुने गरी मोहमद अनिस, आरती राजवंशी, जमुना राजवंशी, पंकज राजवंशी, खगेन्द्र ढकाल, मान बहादुर लामिछाने, दुर्गा कुमारी राई, मोहनलाल दास, केतन कुमार दास, नितु कुमारी शर्माले गरेको कागज समेत मिसिल संलग्न रहेको देखिन्छ।

भगिरथ खनाल एण्ड एसोसिएट्स (बिशेषज्ञ) ले पेश गरेको प्रतिवेदनमा सहकारीको प्राप्त कागजात, सफ्टवयरमा प्रविष्ट डाटा, बैठक पुस्तिका, संस्था ऋण सम्बन्धीका कारोबार भएका तमसुक, भरपाई, आ.व.०७९/८० सम्मको लेखा परिक्षण प्रतिवेदन, संस्थाबाट प्रयोग भएका Finastra सफ्टवयरमा रहेका अभिलेख बित्तिय आंकडाहरुको आधार तथा आ.व.०७२/७३ देखि आ.व.०८०/८१ सम्मको बित्तिय बिबरण समेतका आधारमा तयार पारिएको पाना २६ को राय बमोजिम छानबीन प्रतिबेदनमा दैनिक बचत, मासिक बचत र आबधिक बचत गर्ने गरेकोमा उक्त संस्था स्थापनाकालबाटै लगातार घाटामा रहेको भए पनि संस्थाको बाह्य ऋण बढी देखाई कृतिम ऋणी समेत खडा गरी संस्थालाई नाफामा देखाएको जस अनुसार आ.ब. ०७९/०८० सम्म संस्थाको दायित्व खाता अनुसार **१८,४९,३९,९४४।११** (अठार करोड उन्पचास लाख चौरानब्बे हजार नौ सय चौवालिस रुपैया एघार पैसा) बराबरको

निक्षेप हिसाव रहेको देखिएको भन्ने समेत उल्लेख भएको वासलतको विवरण तपशिल बमोजिम रहेको भनि उल्लेख गरेको पाईन्छ ।

सिनं	स्वपुंजी तथा दायित्व	आ.ब. ०७९।०८०	आ.ब. ०७८।०७९
१	शेयर पुंजी	२६१२३००	२९१२५३००
२	कोष हिसाब	४१२५०७३।७४	३८७५९६२।७४
(क)	जगेडा तथा अन्य कोष		
	अन्य बैंधानिक कोक्ष	१२३७५२२१।३७	११६२७८८।०६
३	निक्षेप हिसाब	२०३५४१५६।००	२०३५४१५६।००
४	ऋण लिएको हिसाब	११५६८७२९४।९०	१०५६७८२९५।८८
५	भुक्तानी दिनु पर्ने हिसाव		
६	कर्जा जोखिम ब्यवस्था	६२०३३२६।१०	४१९४२३०।००
७	अन्य दायित्व	७८५७२।००	१३५६८०।००
	जम्मा	**१८४९३९९४४।११**	**१७४९९१५१३।०८**
सि.नं.	सम्पती र जायजेथा	आ.ब. ०७९।०८०	आ.ब. ०७८।०७९
१	नगद मौज्दात	२२१९९४।२५	७७२२०२२।३८
२	बैंक मौज्दात	११३२५१।००	१०६७५३८।५१
३	लगानी हिसाब	५५०००।००	५५०००।००
४	ऋण लगानी	१७८७४४२२४	१५४९४५०३५।७५
५	पाउनु पर्ने हिसाब	१३००९५०।००	९२२४२६०।००
६	स्थिर सम्पति	१४८७३६३।८६	१९७७६५६।३५
७	संचित नोक्सान		
	जम्मा	**१८४९३९९४४।११**	**१७४९९१५१३।०८**

- आ.ब. २०७८।०७९ देखि २०८०।०८१ को आम्दानी खर्च र नाफा नोक्सान हिसाब खाता अनुसार र लेखा परीक्षण अनुसार फरक फरक बिबरण रहेको उल्लेख बनाई संस्था घाटामा रही संचालनमा हुँदा हुँदै पनि हानी नोक्सानी बिबरण भनि उल्लेख नगरी नाफामा नै रहेको देखाएको पाईन्छ ।

- उमागौरी कृषि सहकारी संस्थाले सहकारी ऐनले निर्देशित गरेका ऐन विपरीतका कुनै पनि आर्थिक कारोवार गरिने छैन भन्ने व्यवस्था गरी २०६८ मा उमागौरी कृषि सहकारी संस्थाको बिनिमय जारी भएको देखिन्छ ।

  माथि उल्लेखित विवेचित मिसिल संलग्न कागजात प्रमाणहरुबाट प्रदेश सहकारी रजिष्टार तथा प्रशिक्षण कार्यालय कोशी प्रदेश सुनसरीको चलानी नम्बर १३९ मिति २०८१।०५।२४ को पत्र जाहेरी तथा योगिता शर्मा बास्तोला समेतले उमागौरी कृषि सहकारी संस्थाका संचालक समितिका अध्यक्ष लगायतका पदाधिकारी तथा सदस्य, लेखा समितका संयोजक, सदस्य समेतको बिरुद्धमा परेको जाहेरी दरखास्त, प्रस्तुत सहकारीको सम्बन्धमा प्राप्त

बिज्ञको राय, बिभिन्न बैंक तथा वित्तय संस्थाहरुबाट प्राप्त हुन आएको बिबरण, उक्त सहकारीले संचालन गरेको सफ्टवयरमा सुरक्षित रहेको बिबरण समेतको प्रमाणहरुबाट सो सहकारीमा दैनिक बचत, मासिक बचत, आबधिक बचत, १ बर्षे, २ बर्षे, ५ बर्षे बचत योजना बनाई सर्वसाधरणहरुसंग बचत गर्न लगाउने, स्थानिय मानिसहरुलाई ऋण उपलब्ध गराउने भनि संस्थाको नाममा सम्झौता गर्दा अनिवार्य सदस्य बन्नु पर्ने र सदस्य बन्दाको अवस्थामा अनिवार्य सेयरको रकम जम्मा गर्ने गरेको देखिन्छ।

त्यस्तै ६,८४२ जना सेयर सदस्यहरुको रु.३,०८,८०,३००।- (तिन करोड आठ लाख असी हजार तिनसय रुपैया) सेयर रकम जम्मा भएको देखिन आएको छ । सोही सफ्टवयरमा रहेको अभिलेख अनुसार ७०७ जना ऋणीहरुले रु.२४,३०,२२,५३४।- (चौबिस करोड तिस लाख बाईस हजार आठसय चौतिस रुपैया) संस्थाबाट ऋण लिएकोमा हालसम्म रु.८,१३,६४,७०१।- (आठ करोड तेह्र लाख चौसठ्ठी हजार सातसय एक रुपैया) ऋण उठेको र रु.१६,१६,५७,८३२।- (सोह्र करोड सोह्र लाख सन्ताउन्न हजार आठसय बत्तिस रुपैया) ऋण उठ्न पर्ने देखिन्छ । तर उक्त ऋणहरुको सम्बन्धमा जाहेरी तथा निवेदन समेतको ब्यहोराबाट उमागौरी कृषि सहकारी संस्थाबाट महिला उद्यमसिल कर्जा शिर्षकबाट ऋण उपलब्ध गराउने भनी तमसुक बनाएर धितोको लागि ऋणीहरुले घरजग्गा राखेकोमा सोही धितो राखिएको जग्गा नविल बैंक लिमिटेडमा धितो राखी कर्जानिकाली माग गरेको धितो रकम भन्दा आधा रकम मात्र सम्बन्धीत ऋणीलाई उपलब्ध गराई आधा रकम आफैले खाई मासी हिनामिना गरेको कारण हाल सफ्टवयरमा संस्थाले लगानी गरेको ऋण बढी देखिएको पाईन्छ ।

वि.स. २०६८ साल देखी सहकारी विभागमा दर्ता भई जिल्ला मोरङ धनपालथान गा.पा. वडा नं. ४ कर्सिया बजारमा कार्यालय रही संचालनमा रहेको उमागौरी कृषि सहकारी संस्थाले नियमक निकायबाट केन्द्र बिस्तार गर्ने अनुमती समेत नलिई अमरदह,आमबारी, रमाईलो लगायतको ठाउँमा शाखा बिस्तार गरी सस्तो ब्याजदरमा ऋण उपलब्ध गराउने र बचतकर्ताहरुको दैनिक तथा मासिक किस्ताबाटै ऋणको साँवा ब्याज कटिने भनेर प्रलोभन देखाई रकम बचत जम्मा गर्न लगाएको देखिन्छ भने कर्जाको लागि धितो राखेको घरजग्गा सम्बन्धित ऋणीहरुको सहमती बिना नै नविल बैंकमा धितो राखी उक्त रकम निकासा भए पश्चात अपचलन गरेको देखिन्छ ।

अतः माथि उल्लिखित विवेचित आधार प्रमाणहरु समेतबाट संस्थामा आवद्ध प्रतिवादीहरु **रोशन राजबंशी, शम्भु प्रसाद रौनियार, लक्ष्मण साह रौनियार, आलम अनसारी मियाँ, शम्भु प्रसाद सिंह, आमोद कुमार मण्डल, जितमान ठाकुर, बिजय कुमार यादव, सुरेन्द्र कुमार राजबंशी, अशोक कुमार बिश्वास, दिलमाया राई, अंजला कोईराला, उपासी राजबंशी, सोनु यादव, मोहमद नजाम उद्दिन, चम्पा गिरी, शम्भु प्रसाद सिंह, संतलाल खवास, लक्ष्मीदेबी कार्की राजबंशी, ज्योती बास्कोटा, सुमन लोहनी, मित्र प्रसाद सिवाकोटी, सरदराज सिंह, मो. नसरुदिन, मनोज कुमार सोनी, यशोदा कुमारी राजबंशीले उमागौरी कृषि सहकारी संस्था लि.मा संचालक समिती तथा ऋण समिती समेतमा रहेका संस्था पदाधिकारी तथा कर्मचारीहरुले बिभिन्न समयमा साधारण सभा गरी संस्थालाई नाफामा देखाउने उद्देश्यले गलत लेखा परिक्षण गराउने, संस्थाका पदाधिकारीहरु संस्थाको आयोजनामा हुने मिटिङमा सहभागी हुने, निर्णयमा दस्तखत गर्ने कार्यले सबैको संलग्नता समेत स्थापित भएको त्यस्तै संस्था द्वारा नै महिला उद्यमसिल कर्जा शिर्षकबाट पीडित (जाहेरवाला) हरुको जग्गा धितोमा राखी नबिल बैंकबाट ऋण प्रवाह गराई सोबाट प्राप्त रकमको केही हिस्सा जाहेरवाला लगायतका पीडितलाई दिई अन्य रकम आफैले खाने पाचाउने समेतका कार्य गरेको, नियम बिनियमको अवज्ञा गरी बिभिन्न स्थानमा शाखा खोली बचत रकम उठाउने गरेको, त्यस्तै संस्था बचतकर्ताहरुलाई बचत गर्न लगाई सस्तो व्याजदरमा ऋण प्रवाह गर्ने भनी झुटो आश्वासन दिई संस्थाबाट बचतकर्ताहरुले लिने गरेको ऋणमा समेत हेरफेर गरी पुरा ऋण प्रवाह नगरी केही रकम मात्र प्रवाह गरी अन्य रकम खाने पचाउने गरी संस्थाको भागिरथ खानाल एण्ड एसोसिएट्स (बिशेषज्ञ) को २६ पाने राय**

लगायतको तथ्य बमोजिम प्रतिवादीहरुको दायित्वमा आउने जम्मा बिगो रकम रु.२२,४८,२७,७००/२० (बाईस करोड अड्चालिस लाख सत्ताईस हजार सात सय रुपैयाँ बिस पैसा) हिनामिना गरी निज प्रतिवादीहरुले सहकारी ऐन, २०७४ को दफा १२२ को देहाय (घ), (ङ), (च), (छ), (ज), (ञ) र (त) बमोजिमको कार्य कसूर गरेको तथ्य स-प्रमाण पुष्टि हुन आयो ।

<u>अभियुक्तलाई हुनुपर्ने सजाय</u>:

माथि विश्लेषित तथा तल उल्लेखित कानूनी व्यवस्थाको उल्लंघन गरी प्रतिवादीहरु **रोशन राजबंशी, शम्भु प्रसाद रौनियार, लक्ष्मण साह रौनियार, आलम अनसारी मियाँ, शम्भु प्रसाद सिंह, आमोद कुमार मण्डल, जितमान ठाकुर, बिजय कुमार यादव, सुरेन्द्र कुमार राजबंशी, अशोक कुमार बिश्वास, दिलमाया राई, अंजला कोईराला, उपासी राजबंशी, सोनु यादव, मोहमद नजाम उद्दिन, चम्पा गिरी, शम्भु प्रसाद सिंह, संतलाल खवास, लक्ष्मीदेबी कार्की राजबंशी, ज्योती बास्कोटा, सुमन लोहनी, मित्र प्रसाद सिवाकोटी, सरदराज सिंह, मो. नसरुदिन, मनोज कुमार सोनी, यशोदा कुमारी राजबंशीले सहकारी ऐन, २०७४ को दफा १२२ को देहाय (घ), (ङ), (च), (छ), (ज), (ञ) र (त) बमोजिमको कार्य कसूर गरेकोले निज प्रतिवादीहरुलाई ऐ.ऐनको दफा १२४ को उपदफा (१) को देहाय (घ)(५) बमोजिम विगो रु.२२,४८,२७,७००/२० (बाईस करोड अड्चालिस लाख सत्ताईस हजार सात सय रुपैयाँ बिस पैसा) बिगो कायम गरी संस्था मार्फत नै पीडित जाहेरवालाहरुलाई बिगो भराई सो बाहेकको दायित्व समेतको बाँकी रकम समेत संस्थालाई दिलाई भराई प्रतिवादीहरुलाई बिगो बमोजिम जरिवाना गरी छ वर्षदेखि आठ वर्षसम्म कैद सजाय गरी पाउँ।**

सम्वद्ध सक्कल मिसिल तथा पक्राउ प्रतिवादी रोशन राजवंशीलाई यसै अभियोगपत्र साथ पेश गरिएको छ।

<u>क्षतिपूर्तिको मागदावी:</u>

<u>सजाय कम वा सजायमा छुटको मागदावी र आधार:-</u> **X**

<u>अभियोग मागदावीसँग सम्बन्धित कानूनी व्यवस्था</u>:- **सहकारी ऐन, २०७४ को दफा १२२ मा "कसैले देहायको कार्य गरेमा यस ऐन अन्तर्गतको कसूर गरेको मानिनेछ"। तथा ऐ.ऐनको दफा १२२ को उपदफा (घ) मा "समितिको सदस्य, व्यवस्थापक वा कर्मचारीले सहकारी संस्थाको सम्पत्ती, बचत वा शेयर रकम हिनामिना गरेमा, उपदफा (ङ) मा "ऋण असुल हुन नसक्ने गरी समितिका कुनै सदस्य, निजको नातेदार वा अन्य व्यक्ति वा कर्मचारीलाई ऋण दिई रकम हिनामिना गरेमा, उपदफा (च) मा "समितिका कुनै सदस्यले एक्लै वा अन्य सदस्यको मिलेमतोमा सहकारी संस्थाको शेयर वा बचत रकम आफु खुसी परिचालन गरी सहकारी संस्थालाई हानी नोक्सानी पुऱ्याएमा", तथा उपदफा (त) मा "सहकारी संस्थालाई हानी नोक्सानी पुऱ्याउने उद्देश्यले कसैले कुनै काम गराउन वा नगराउन, मोलाहिजा गर्न वा गराउन, कुनै किसिमको रकम लिन वा दिन, बिना मूल्य वा कम मूल्यमा कुनै माल, वस्तु वा सेवा लिन वा दिन, दान, दातव्य, उपहार वा चन्दा लिन वा दिन, गलत लिखत तयार गर्न वा गराउन, अनुवाद गर्न वा गराउन वा गैर कानूनी लाभ वा हानि पुऱ्याउने बदनियतले कुनै कार्य गरे वा गराएमा।" भन्ने कानूनी व्यवस्था रहेको छ ।**

<u>अन्य कुरा खुलाउनु पर्ने भए सो कुराहरु:-</u>

फरार रहेका प्रतिवादीहरु शम्भु प्रसाद रौनियार, लक्ष्मण साह रौनियार, आलम अनसारी मियाँ, शम्भु प्रसाद सिंह, आमोद कुमार मण्डल, जितमान ठाकुर, बिजय कुमार यादव, सुरेन्द्र कुमार राजबंशी, अशोक कुमार बिश्वास, दिलमाया राई, अंजला कोईराला, उपासी राजबंशी, सोनु यादव, मोहमद नजाम उद्दिन, चम्पा गिरी, शम्भु प्रसाद सिंह, संतलाल खवास, लक्ष्मीदेबी कार्की राजबंशी, ज्योती बास्कोटा, सुमन लोहनी, मित्र प्रसाद सिवाकोटी, सरदराज सिंह, मो. नसरुदिन, मनोज कुमार सोनी, यशोदा कुमारी राजबंशीलाई मुलुकी फौजदारी कार्यविधी संहिता, २०७४ को दफा ५७ बमोजिम म्याद जारी गरी पाउँ।

साथै सहकारी संस्था पुर्ण रुपमा घाटामा रहँदा रहँदै पनि संस्थाको हिसावलाई फाईदामा रहेको देखाई रकम हिनामिना गर्ने कार्यलाई प्रोत्साहन गरी लेखा परिक्षण गर्ने वि.एल. एण्ड कम्पनीका रजिष्टर्ड लेखा परीक्षकको नाममा पत्राचार भएको तर निजको नाममा पठाईएको पत्र एकिन वतन खुल्न नसकी फिर्ता आएको हुँदा पछि एकिन नामथर सहितको बिबरण खुली आएका बखत मुलुकी फौजदारी कार्यबिधि संहिता २०७४ को दफा ३५ बमोजिम गरिने ब्यहोरा समेत अनुरोध गरिएको छ।

प्रस्तुत मुद्दामा सबै पीडितहरुबाट जाहेरी तथा निवेदन नपरेको हुँदा मुद्दा कारवाहीकै क्रममा सम्बन्धमा थप जाहेरी तथा निवेदन सहित बिगो कायम भई आएको बखतमा थप बिगो सहितको कागजात पेश गरीने र सो मुद्दामा अन्य प्रतिवादीहरुको संलग्नता रहेको भनि खुल्न आएमा मुलुकी फौजदारी कार्यबिधि संहिता २०७४ को दफा ३५ बमोजिम गरिने ब्यहोरा समेत अनुरोध छ ।

साथै बचतकर्ताहरुको रकमको विवरण तालिका तथा संस्थाको ऋण तालिकाहरु समेत छुट्टै तयार पारी अभियोग पत्र साथै मिसिल संलग्न राखी पेश गरिएको व्यहोरा अनुरोध छ।

<u>सबुद प्रमाणहरु</u>:-

दसी प्रमाण तथा कसुरसँग सम्बन्धित चिज वस्तु:- बरामदी दशीका सामानहरु खोजी भएका बखत दाखिला गर्ने गरी हाल ईलाका प्रहरी कार्यालय, रंगेलीमा सुरक्षित राखिएको व्यहोरा सादर अनुरोध छ।

गवाह:- जाहेरवाला - योगिता शर्मा बास्तोला समेत।

<u>देखे/सुन्ने:</u> बरामदी/खानतलासी मुचुल्काका मानिसहरु एवं बुझिएका मानिसहरु।

<u>प्रस्तुत कागजातहरु</u>:

पत्रीकामा उल्लेखित मिसिल संलग्न कागजातहरु ।

यसै अभियोग-पत्रबाट प्रस्तुत मुद्दाको कारवाही शुरु गरी पाउन अनुरोध गरिन्छ ।

कार्यालयको छाप

<u>सरकारी वकीलको</u>,

दस्तखत:

नाम: सुदर्शन निरौला
दर्जाः सहायक जिल्ला न्यायाधिवक्ता
कार्यालयः जि.स.व.का., मोरङ ।
मिति: २०८१।०८।२७

<u>प्रतिवादीको लेखात्मक तथा रेखात्मक सहीछापः</u>

सि.नं.	नाम थर/लेखात्मक सही	रेखात्मक दाँया	रेखात्मक वाँया
१.	रोशन राजवंशी		